# प्रदेश सभाको पहिलो पाँच वर्ष

*(२०७४/१०/१७ देखि २०७९/०६/०२ सम्म)*




प्रदेश सभा

## प्रदेश सभा सचिवालय


प्रदेश नं. १, विराटनगर, मोरङ, नेपाल

०२१-४४०६१४, ०२१-५२५९९८

E-mail: 1sachibalaya@gmail.com, Website:assembly.p1.gov.np

## प्रदेश सभाको पहिलो पाँच वर्ष



| | | |
|---|---|---|
| प्रकाशक | : | प्रदेश सभा सचिवालय, प्रदेश नं. १, विराटनगर<br>०२१-४४०६१४, ०२१-५२५९९८<br>E-mail: 1sachibalaya@gmail.com<br>Website:assembly.p1.gov.np |
| संसकरण | : | पहिलो, २०७९ |
| प्रकाशित प्रति | : | ५०० |
| सर्वाधिकार © | : | प्रदेश सभा सचिवालय, प्रदेश नं. १, विराटनगर |
| मुद्रण | : | न्यू प्रयास छापाखाना, विराटनगर ९ |

## प्रकाशन समिति

| | | |
|---|---|---|
| उपसचिव, चन्द्रमणी पोख्रेल | : | संयोजक |
| कम्प्युटर अधिकृत (आठौं तह) प्रेम बहादुर श्रेष्ठ | : | सदस्य |
| अधिकृतस्तर आठौं भवानी घिमिरे | : | सदस्य |
| अधिकृतस्तर आठौं राम प्रसाद चापागाईँ | : | सदस्य |
| अधिकृतस्तर आठौं सरिता पोखरेल | : | सदस्य |
| कानून अधिकृत प्रमोद वि.क. | : | सदस्य |
| अधिकृतस्तर सातौँ निरोज ढकाल | : | सदस्य |
| [illegible] | | |

# प्रकाशकीय/सम्पादकीय

प्रदेश सभा सञ्चालनको पहिलो पाँच बर्षे कार्यकाल पुरा भई नयाँ नेतृत्वको कार्यकाल सुरु हुनलाग्दा **"प्रदेश सभाको पहिलो पाँच वर्ष"** नामक पुस्तक प्रकाशनको जिम्मेवारी समितिलाई प्राप्त भएकोमा प्रदेश सभा सचिवालय, प्रदेश नं. १ प्रति हार्दिक आभार प्रकट गर्दछौं।

नेपालको राजनीतिक परिवर्तनसँगै नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था अनुरुप संघ-१, प्रदेश-७ र ७५३ वटा स्थानीय तहमा मुलुकको राज्यशक्ति विभाजन भएको छ।संवैधानिक व्यवस्था बमोजिम २०७४ सालमा सम्पन्न भएको प्रदेश सभा सदस्यको निर्वाचन पश्चात प्रदेश सभा प्रदेश नं.१ को स्थापना भएको हो।एकल तथा साझा अधिकारको विषयमा कानून निर्माण, संसदीय निगरानी, लोकतान्त्रिक प्रतिनिधित्व, शासकीय शक्ति सन्तुलन र जवाफदेहीता प्रवर्द्धनको लागि क्रियाशिल प्रदेश व्यवस्थापिका प्रदेश सरकारको विशिष्ट र महत्वपूर्ण अङ्ग रहेको विषय प्रदेश सभाको पहिलो पाँच वर्षले स्पष्ट पारेको छ।यिनै विषयवस्तुलाई केन्द्रमा राखेर प्रदेश सभा, प्रदेश नं.१ ले आफ्नो पाँच वर्षे कार्यकालमा सम्पादन गरेका गतिविधिहरुलाई संकलन गरी पाठन सामग्री तथा महत्वपूर्ण स्रोत सामग्री प्रकाशन गर्न लागेको छ।यसबाट संसदीय गतिविधिमा जनताको पहुँच वृद्धि हुनुको साथै अनुसन्धानकर्ता र नयाँ कार्यकालमा आउनु हुने सभाका सदस्यहरुलाई मद्धत पुग्ने अपेक्षा गरिएको छ।

प्रदेश सभा निर्वाचित जनप्रतिनिधिहरुको प्रतिनिधिमुलक संस्था हो। यसले पाँच वर्षमा सम्पादन गरेका सम्पूर्ण काम एउटै पुस्तकमा समेट्न कठिन हुन्छ।तर पनि, प्रदेश सभाको अवधारणा, सञ्चालनको आधार र अभ्यासदेखि सदन र समितिमा भए गरेका कामको संक्षिप्त दर्पणका रुपमा यो पुस्तक प्रकाशन गरिएको छ।

अन्त्यमा, यस पुस्तक प्रकाशन गर्ने सम्बन्धमा महत्वपूर्ण निर्देशन दिनुहुने माननीय सभामुखज्यू, उपसभामुखज्यू र प्रदेश सभा सचिवज्यूप्रति आभार व्यक्त गर्न चाहन्छौं। यसका साथै समिति बाहिर रहेर पनि सम्पादन कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारीहरु विशेष धन्यवादको पात्र हुनुहुन्छ।

**पुस्तक प्रकाशन समिति**
प्रदेश सभा सचिवालय, प्रदेश नं १, विराटनगर

**सभामुख**

**प्रदेश सभा, प्रदेश नं. १**
**बिराटनगर**

# शुभकामना

संविधानमा व्यवस्था भए अनुसार मुलुक संघिय संरचनामा प्रवेश गरे सँगै वि.सं. २०७४ मंसिर १० र २१ गरि दुई चरणमा सम्पन्न निर्वाचनबाट चुनिएको प्रदेश सभाको कार्यकाल समापनको संघारमा छ। संघियताको आधार प्रदेश संरचना हाम्रा लागि नितान्त नौलो अभ्यास हो। नौलो राजनैतिक प्रणालीको अभ्यास गरि रहदाँ संघीयताको व्यवहारिक कार्यान्वयनको महत्वपूर्ण खुड्किलो मानिएको प्रदेशसभाको हामी संस्थापक सदस्यका रूपमा स्थापित भएकोमा गर्बको अनुभूती भएको छ। अधिकारसँग जवाफदेहिता पनि जोडिएर आएको हुन्छ। हामीले काम गर्ने क्रममा आफ्ना गल्तीहरूबाट पाठ सिक्दै कुरा भन्दा कामबाट पहिचान बनाउने, सहभागितात्मक लोकतन्त्रको सहज अभ्यास गर्ने तर्फ आफूलाई केन्द्रित गर्ने प्रयास गरेका थियौ। यस क्रममा हामीले जनचाहना अनुरूप के कती कामहरू गर्न सक्यौ यो निश्चितरूपमा समिक्षाको बिषय हो।

नेपालको संविधान (२०७२) ले गरेको सवैधानिक व्यवस्था अनुरूप राज्यको पुनर्संरचना गरी तीन तहका सरकार हाल क्रियाशिल रहेको छ। शुन्यबाट प्रारम्भ भएको हाम्रो यात्राको अवधीमा आवश्यक संरचनाहरूको निर्माण व्यवस्थापन गर्दै आवश्यक कानुनहरू निर्माण गर्नु पर्ने जिम्मेवारी हाम्रो काँधमा रहेको थियो। नौलो अभ्यासको यो पहिलो अवधी पूर्वाधार निर्माण, व्यवस्थापन गर्दै संसदीय गतिविधिबाट उल्लेख्य उपलब्धि प्राप्त गर्नु अपेक्षाकृत सहज थिएन। तर मलाई लाग्छ यो अवधीमा हामीले त्यस सम्बन्धी काममा धेरै प्रगती गरेका छौ। यद्यपी आवश्यकता अनुसार अझ धेरै कामहरू गर्न बाँकी रहेका छन। आगामी दिनहरूमा ति कामहरू सम्पन्न हुँदै जाँने छन भन्ने अपेक्षा छ।

साघुँरो सभाहलबाट शुरू भएका हाम्रो कार्यकालको अवधी भित्र नै सुविधा सम्पन्न सभाहलको निर्माण कार्य सम्पन्न भएको छ। यो अवधीमा प्रदेश सभाको कामलाई व्यवस्थित गर्न प्रदेश सभा सचिवालयलाई प्राविधिकरूपले यथासंभव सक्षम बनाउदै लैजाने कार्य पनि भएको छ। यो अवधीमा बिना विवाद प्रदेश सभा सञ्चालन गर्न सफल रहेको कुरा यहाँ व्यक्त गरि रहदा यस कार्यमा सहयोग गर्नु हुने प्रदेश सभामा प्रतिनिधित्व गरिरहेका दल, सचिवालयका कर्मचारीहरूको सहयोग सदैव स्मरणिय रहने छ।

हाम्रो संघियताको आधार भनेको प्रदेश हो। प्रदेश नहुने हो भने प्रादेशिक विशेषतामा काम गर्ने संरचना नै हुँदैन। केन्द्रले प्रादेशिक विशेषतामा काम गर्दैन। स्थानीय सरकारले प्रादेशिक विशेषतामा काम गर्ने दायरा नै पुग्दैन। विगतमा विकास या राजनीतिक प्रक्रियाले नेपालमा अत्यन्त धेरै प्रादेशिक असन्तुलन ल्यायो जस्का कारण हामी यो राजनितिक परिवर्तनको अवस्थामा आई पुगेका हौं।

संविधानले व्यवस्था गरेका प्रदेशको अधिकार क्षेत्र भित्रका कामहरूलाई सहज एवंम् जनउत्तरदायीरूपले कार्यान्वियन गर्न आवश्यक कानुनहरू निर्माण गर्नु पर्ने हाम्रो जिम्मेवारी निर्वाह गर्ने क्रममा यो अवधीमा पैसट्ठि वटा कानुनहरू प्रदेशसभाबाट निमार्ण भएका छन। यद्यपी कानुन निर्माणका दृष्टिकोणले यो संख्या धेरै नदेखिए पनि अवस्था र परिस्थितीअनुसार उल्लेख्य नै मान्नु पर्छ भन्ने मलाई लाग्दछ।

हामीलाई ज्ञात नै छ, संघीयताको मूल मर्म भनेको शासन प्रक्रियालाई सहभागितामूलक, समावेशी र समन्यायिक बनाउँदै हरेक नागरिकहरूको सहभागिता र स्वामित्व कायम गरि संघीय शासन पद्धतिबाट प्राप्त हुने

**सभामुख**

**प्रदेश सभा, प्रदेश नं. १**
**बिराटनगर**

लाभमा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्नु तथा नेपालमा विविधताको सम्बोधन गर्दै राज्यबाट प्रदान गरिने सेवा-सुविधाको समान वितरण र विकास निर्माणको प्रतिफलमा समान हिस्सेदारी कायम गर्नु हो जसको निम्ति शक्तिको विकेन्द्रीकरण, समावेशीकरण, सहभागितामूलक शासन र विविधताको व्यवस्थापन युक्तिसंगत तरिकाले गरिनु पर्दछ।

हामीले बिर्सनु हुन्न संघीय शासन प्रणालीको मुख्य उद्देश्य नै लोकतन्त्रबाट प्राप्त हुने लाभको समानुपातिक, समावेशी र न्यायोचित वितरणको वातावरण निर्माण गर्नु हो। यसका लागि संविधानले व्यवस्था गरेका तीनै तहका सरकारहरू बीच सहकार्य, सहअस्तित्व र समन्वयको सम्बन्ध आवश्यक हुन्छ।

नौलो राजनितिक प्रणालीको अभ्यास गरिरहदा परम्परागत एकात्मक राज्य संरचना एवंम् प्रणालीबाट रातारात संघीय प्रणालीमा रुपान्तरित भएर तुरुन्तै नतिजा दिने कुरा पनि सम्भव र सहज हुँदैन र थिएन। तर मलाई विस्वाश छ, यो अवधीमा जग बनाउने तथा यसलाई संस्थागत गर्ने तर्फ महत्वपूर्ण काम भएको छ। आगामी दिनमा प्रदेश सभालाई थप सक्षम, सबल बनाउनदै अझ सकरात्मक परिणाम प्राप्त गर्ने दिशामा उल्लेख्य प्रगति हुनेछ भन्ने अपेक्षा लिएको छु।

नागरिकहरूको कडोर संघर्ष तथा बलिदान बाट प्राप्त संघिय शासन व्यवस्थाको सुदृढीकरण तथा लोकतन्त्रका मूल्यमान्यतालाई आत्मसात गर्दै जनतालाई छिटो, छरितो र सर्वसुलभ रुपमा गुणस्तरीय सेवा प्रवाहबाट लोकतन्त्रका लाभ वितरण गर्ने तर्फ हाम्रो क्रियाशिलता प्रभावकारी हुन सक्यो भने मात्र संघ, प्रदेश र स्थानीय तहमा सुशासनको सुगन्ध फैलाउन सम्भव छ भन्ने लाग्दछ।

हामीले जुन अपेक्षाको साथ संघीय शासन प्रणालीको अवलम्बन गरेको हौं त्यस किसिमको परिणाम हासिल हुन सकेन भने आम जनतामा सरकारप्रति मात्र होइन यस शासन प्रणालीप्रति नै वितृष्णा सृजना हुने परिस्थिती निर्माण हुनेछ भन्ने कुरामा सचेत रहदै संघीय शासन प्रणालीको सफलतापूर्वक कार्यान्वयन गर्दै समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य प्राप्तिको यात्रातर्फ अघि बढ्न हामीले अंगिकार गरेको संघियताको मूल भावनालाई आत्मसात गर्दै यसमा देखिएका समस्या, चुनौती एवं कमी कमजोरी समयमा नै हटाउँदै र न्यूनिकरण गर्दै अघि बढ्नु जरुरी देखिएको छ। आगामी दिनमा यस तर्फ अझ ठोस एवंम् प्रभावकारी परिणाम प्राप्त गर्ने तर्फ प्रदेश सभा सक्षम हुनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, हाम्रो अवधलिाई परिणाममूखी तथा सफल बनाउन सहयोग गर्नु हुने प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनितिक दल, कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मी लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै प्रदेश सभा सचिवालयद्वारा पहिलो कार्यकालका विभिन्न गतिविधिहरू समेटेर प्रकाशन गर्न लागेको यो पुस्तक संग्रहणिय, अध्ययनयोग्य हुने तथा आगतका लागि मार्गदर्शक पनि हुनेछ भन्ने विश्वास लिदै यो पुस्तक प्रकाशन गर्न मेहनत गर्नु हुने सम्पादन एवंम् प्रकाशन समूहलाई धन्यवाद व्यक्त गर्न चाहन्छु।

सभामुख
.....................................

मितिः २०७९ आश्विन २८ गते शुक्रवार

**प्रदीपकुमार भण्डारी**
सभामुख

**प्रदेश सभा**
Province Assembly
**प्रदेश नं. १, विराटनगर**
Province no-1, Biratnagar

**मा. सरस्वती पोखरेल**
Hon. Saraswati Pokharel
**उपसभामुख, प्रदेश सभा**
Vice-speaker, Province Assembly

प.सं. ०७४/७५
च.नं.

**मितिः**

# शुभकामना

नेपाली जनताको त्याग, तपस्या, बलिदान र लामो सङ्घर्षबाट एकात्मक शासन प्रणाली अन्त्य भई मुलुकमा सङ्घीय शासन प्रणाली सुरु भएको हो । सङ्घीय शासन प्रणालीको एक अभिन्न अङ्गको रूपमा प्रदेशको संरचना व्यवस्था गरिएको छ । हाम्रो सङ्घीयताको आधार भनेको प्रदेश हो । मुलुक सङ्घीय संरचनामा गए सँगै सङ्घीयताको व्यवहारिक कार्यान्वयनको महत्त्वपूर्ण खुड्किलो मानिएको प्रदेशसभाको संस्थापक सदस्य हुँदै उपसभामुखको भूमिका निर्वाह गर्ने अवसर प्राप्त भएकोमा गर्वानुभुती भएको छ ।

साँघुरो सभा हल र अस्तव्यस्त हाम्रा कार्यकक्षबाट सुरु भएको हाम्रो यात्रामा हाम्रो कार्यकालमै अस्थायी नै भए पनि सुविधा सम्पन्न सभा हलको निर्माण, पदाधिकारीहरूको सामान्यतया कार्यकक्ष व्यवस्थापनका साथै प्रदेशसभा सचिवालयलाई यथासम्भव व्यवस्थित बनाउने काम भएको छ । हाम्रो महत्त्वपूर्ण जिम्मेवारीको रूपमा रहेको कानुन निर्माणमा पनि हामीले बैसठ्ठी वटा कानुन निर्माण गरेका छौ । यद्यपि आवश्यकता अनुसार अझ धेरै कामहरू गर्न बाँकी छन् । आगामी दिनमा ती कामहरू पनि सम्पन्न हुँदै जाने छन् ।

प्रदेशसभा सचिवालय प्रदेश नम्बर एकको कार्यालय विराटनगरले **प्रदेश सभाको पहिलो पाँच वर्ष** नामक पुस्तक प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुसी लागेको छ । हाम्रो कार्यकालमा भए गरेका काम कारबाहीलाई आम जनता सम्म पुर्‍याउने र नवनिर्वाचित माननीय सदस्यहरूको लागी पनि उपयोगी हुने उद्देश्यले यस पुस्तक प्रकाशन गरेकोमा प्रदेशसभा सचिवालयलाई विशेष धन्यवाद दिँदै यो पुस्तक सबैका लागि पठन योग्य सामाग्री बनोस् र प्रदेश नम्बर एकको परिचय दिन सफल बनोस् भनी शुभकामना दिन चाहन्छु ।

**सरस्वती पोखरेल**
**उपसभामुख**

**फोनः ०२१-५३४०६०/ मो. ९८५२०५५७२९** E-mail: saraswatipokhrel34@gmail.com

# प्रदेश सभा सचिवको रुपमा आफ्नो अनुभूति

वि.सं. २०७६ साल वैशाख ९ गतेको कुरा हो, नेपालको संविधानको धारा १९५(१) अनुसारको नियुक्ति पत्र हातमा थमाउँदै तत्कालिन प्रदेश प्रमुख प्राध्यापक डा. माननीय गोविन्द बहादुर तुम्बाहाङले "ल एउटा सरल र असल मान्छेसँग काम गर्ने अवसर पाउनु भएको छ, प्रदेश सभा सचिव जस्तो पदमा काम गर्ने व्यक्तिको संघीयताको सफल कार्यान्वयनको सम्बन्धमा ठूलो भूमिका हुन्छ, राम्ररी काम गर्नुहोला, सफल कार्यकालको शुभकामनासहित बधाई" भन्नुभएको थियो। यहाँ सरल र असल मान्छे भनिएका व्यक्ति सभामुख माननीय प्रदीप कुमार भण्डारी जसले उक्त धारा बमोजिम मलाई प्रदेश सभा सचिव पदमा नियुक्तिका लागि सिफारिस गर्नुभएको थियो।

नियुक्ति पत्र बुझेपछि शपथ ग्रहण गरी पदबहाल नगरुन्जेलसम्मको अवधिमा विभिन्न विचार र भावनाहरु मनमा खेल्ने नै भए। नियुक्ति पत्रले हर्षविभोर बनाउने नै भयो। विशिष्ट श्रेणीको संवैधानिक पदमा नियुक्ति गर्न गराउन मलाई विश्वास गर्ने सभामुख माननीय प्रदीप कुमार भण्डारी, उपसभामुख माननीय सरस्वती पोखरेल लगायत प्रदेश सभाका माननीय पदाधिकारीहरु तत्कालिन प्रदेश सरकारका मुख्यमन्त्री माननीय शेरधन राई लगायत मन्त्रीमण्डलका सदस्यहरु, प्रमुख प्रतिपक्ष दल, प्रतिपक्ष दलका नेता लगायत माननीय सदस्यहरु, सत्तारुढ दलका नेता लगायत माननीय सदस्यहरु, प्रदेश सरकारका प्रमुख सचिव लगायत प्रदेश सचिवहरु मेरा इष्टदेव, पितृ, बुवाआमा, गुरुजन लगायत परिवारका सदस्यहरु, आफन्त, शुभचिन्तक सबैलाई यथोचित सम्मान सम्झनासहित मुखले तथा मनबचनले आभार व्यक्त गर्दै आफैं गौरवान्वित भएको क्षणको स्मरणले अझ पनि त्यसैत्यसै पुलकित हुन्छु। तत्कालिन माननीय प्रदेश प्रमुखज्यूसँग हृदयदेखि आभार व्यक्त गर्दै उहाँले लिखित रुपमा दिएको नियुक्तिपत्र त छँदैछ मौखिक रुपमा व्यक्त गर्नुभएको उद्‌गारले मलाई ठूलो कार्यजिम्मेवारी काँधमा आइपरेको महसुस भयो। संघीयताको सफल कार्यान्वयनमा प्रदेश सभा सचिवको अहम् भूमिका हुने भन्ने विषयलाई यो पदमा रहुन्जेल र पदोपरान्त पनि यसलाई मूल कार्यविवरण (TOR) का रुपमा मैले लिनुपर्छ, लिएकोछु र लिइरहनेछु। यो मलाई नियुक्ति दिने विशेष व्यक्तित्व प्रा.डा. माननीय गोविन्द बहादुर तुम्बाहाङ र मलाई विश्वास गरी नियुक्तिको सिफारिस गर्ने सरल र असल व्यक्तित्व सभामुख माननीय प्रदीप कुमार भण्डारीको भरोसा र विश्वासमा आँच नआउने गरी तत्परताका साथ लागिपरेको छु।

मेरो शपथग्रहण २०७६ साल वैशाख १२ गते प्रदेश सभा सचिवालयको बैठकहलमा अपरान्ह समयमा माननीय सभामुखज्यूबाट सम्पन्न गराइयो। मेरो शपथग्रहण कार्यक्रममा प्रदेश मामिला हेर्ने मन्त्रालय आन्तरिक मामिला तथा कानून मन्त्रालयका तत्कालिन मन्त्री माननीय हिक्मत कुमार कार्कीलगायत प्रमुख प्रतिपक्ष दलका नेताहरु समेतले आफ्नो संक्षिप्त मन्तव्यमा मप्रति निकै भरोसा लिइएको

अवस्थाको महसुस भयो। सबैले फूलमाला अविरले सुशोभन गर्दै बधाई दिनुभयो। मेरो जीवनकालको सर्वाधिक महत्वपूर्ण अवसरको रुपमा यो दिनलाई मैलै जीवनपर्यन्त स्मरण गरिरहनेछु।

मैले माथि उल्लेख गरेका कुराले केही कुराहरु केही बुँदाहरु यो प्रदेश सभाको सम्पूर्ण पाँच वर्षे कार्यकाललाई मैले प्रत्यक्ष अनुभूत गर्न नपाएका ती मेरा सीमाहरु प्रष्ट्याउँछु। प्रथमतः प्रदेश सभाको पहिलो शपथग्रहण २०७४ साल माघ ७ गते भएको, प्रदेश सभा सचिवालयको स्थापना २०७४ माघ १७ गते भएको, प्रथम अधिवेशनको प्रथम बैठक २०७४ माघ २२ गते शुरु भएको लगायत माननीय सभामुख, उपसभामुख, विषयगत समितिका सभापतिहरुको निर्वाचन, प्रदेश सभा नियमावली, २०७४ को निर्माण र यसमा २०७५ को पहिलो संशोधन लगायतका धेरै महत्वपूर्ण कामहरु मेरो नियुक्ति पूर्वनै भइसकेको थियो।यसमा संवैधानिक व्यवस्था अनुसार नियुक्त नभएपनि म भन्दा पूर्व नेपाल सरकारबाट खटाएर यो प्रदेशको प्रदेश सभालाई शुन्यबाट अगाडि बढाउन खट्नुभएका अग्रज राष्ट्रसेवकहरुको नामपद क्रमशः यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु। सर्वप्रथम संघीय संसद सचिवालयका पुराना अनुभवी तत्कालिन सहसचिव (हालका सचिव) श्री ध्रुव प्रसाद घिमिरे, नेपाल सरकारका तत्कालिन सहसचिव श्री केदार प्रसाद पनेरु, नेपाल सरकारका सहसचिव डा. वासुदेव पौडेल, नेपाल सरकारका उपसचिव श्री अम्बिका प्रसाद चौंलागाईले आफ्नो ज्ञान, सीप, क्षमताको पूर्ण उपयोग गर्दै तत्कालिन अवस्थाको वित्तीय, भौतिक, मानवीय जनशक्ति र आवश्यक कानूनको अभावको सिमिततालाई समेत विवेकपूर्ण ढंगले परिचालन गरी राजनैतिक व्यक्तित्वहरु, प्रदेश सभाका माननीय पदाधिकारी र सदस्यहरुलाई सहजीकरण, सुविधा उपलब्ध गराउँदै एउटा नतिजामुखी बाटोका अग्रजहरुको अनुशरणका लागि २०७६/०१/१२ देखि आफूलाई निरन्तरको अनुचरको रुपमा मात्र लिएको छु। अग्रजहरुलाई सम्मान र साधुवाद ! यहाँहरु पहिले तीर्थयात्री जस्तै हो, जसले अनुचरहरुका लागि भगवानथानसम्म जाने बाटो मुस्किलसँग बनाउँछ र पछिकाले केही सुधार गर्दै बाटोलाई राम्रो बनाउँछन्।पछाडिकालाई त तीर्थयात्रामा जाने काम मात्र कति सजिलो पारेका पुर्वजले, त्यसलाई नै होला Pilgrims Progress भन्ने गरिन्छ जस्तो लाग्छ।

यो हाम्रो विवरण पुस्तिका पढ्ने जोकोही महानुभावलाई लाग्न सक्छ प्रदेश सभा सचिवले के यस्तो आफैलाई केन्द्रित गरेर भूमिका धेरै लेखेको होला। हो, यो हाम्रो प्रदेश सभाको ५ वर्षे कार्यकालको कार्यविवरणको/सम्पादन गरेका कार्यको सार संक्षेपीकरण गरिएको संग्रह गर्नुपर्ने पुस्तिका हो, त्यसैले त यसको नाम "प्रदेश सभाको पहिलो पाँच वर्ष" राखिएको छ।प्रथम कार्यकालमा के के भएको छ त के के गरिएछ त हामी आफैलाई प्रदेश बनाउन पहिलो ५ वर्षे कार्यकालमा खट्ने सबै माननीय प्रदेश सभा सदस्यलाई, आउने माननीय सदस्यहरुलाई, सरकारलाई, सरोकारवालालाई, अध्येता, अनुसन्धाता, अन्वेषक र सबै सरोकारवालालाई एउटा कामको झल्को दिने प्रकाशन हो यो। यसमा हाम्रा सचिवालयबाट सबै

विवरण समावेश गरेपछि मैले मेरो अनुभूति छोटकरीमा नलेखे के लेख्ने त।त्यसैले गन्थन जस्तो लाग्ला यसलाई मेरो आफ्नै सीमितताको रुपमा लिइदिनु होला सबैले।

मैले उल्लेख गरिसकें, प्रदेश नं. १ को प्रदेश सभामा प्रदेश सचिवको रुपमा मेरो कार्यकाल माननीय प्रदीप कुमार भण्डारीबाट मिति २०७६ वैशाख १२ गते अपरान्ह शपथग्रहण गरेपछि शुरु भयो। ५ वर्षका लागि नियुक्त प्रदेश नं. १ को प्रदेश सभा सचिव म हाल सेवारत छु। मलाई नियुक्तिको सिफारिस गर्ने माननीय सभामुखज्यूको कार्यकाल समाप्त हुनै लाग्यो तर मेरो २०८१ वैशाख शुरुसम्म कायमै रहनेछ, सचिवालयको निरन्तरता र निष्पक्षताका लागि भएपनि यस्तै संवैधानिक र कानूनी व्यवस्था छ। फेरि नयाँ निर्वाचित भएर आउने सभामुख, पदाधिकारी लगायत माननीय सदस्यज्यूहरुलाई सहयोग गर्‍यो, आफ्नो कार्यकालको अन्त्य अवस्थामा अर्को नयाँ प्रदेश सभा सचिवलाई हस्तान्तरण गर्‍यो आफू निवृत्त भयो।

प्रदेश सभा र प्रदेश सभा सचिवालयमा के के काम सम्पादित गरिए त्यसको विवरण त मेरो साथीहरुले सम्बन्धित पृष्ठ प्रकरणमा उल्लेख गरी यो पुस्तकमा सारसंक्षेपमा प्रस्तुत गर्नुभएकै छ, मेरो यो छोटो लेखको पाटो भनेको के कस्ता प्रयोग र अभ्यास भए, त्यस्ता प्रयोग र अभ्यासमा के कस्ता छाड्ने र प्रवर्द्धन गर्ने पाटा हुन्छन्, तिनलाई सार संक्षेपमा म पस्कँदैछु।प्रदेश सभाको पहिलो कार्यकालले १० वटा अधिवेशन, अधिवेशनका २९४ वटा बैठक, बैठकले ६२ सरकारी विधेयक र २ वटा आफ्नै नियमावलीका विधेयक पारित, ३ वटा सरकार दिएको विवरण अलिक विस्तृत रुपमा पुस्तकभित्र समावेश छ नै।

पुर्खाले सोचेको, तत्कालिन अवस्थामा मागेको आफ्नै मतबाट निर्वाचित सदस्यहरु रहेको संविधान सभाबाट लेखिएको संविधान अनुसार आफू शासित हुन पाउनुपर्छ भन्ने माग धेरै नागरिकको बलिदानी संघर्ष, आन्दोलन र देशकै ज्यादै लामो आन्दोलित पर्खाइपछि प्राप्त "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने मूल ध्येयका साथ संविधान सभाबाट जारी भएको नेपालको संविधानले, शासन व्यवस्थामा संघीयताको नयाँ अवयव थपेर नेपालको संविधान, २०७२ साल आश्विन ३ गते नेपाल राष्ट्रमा जारी भएको हो।यो नयाँ अवयव के हो भने सरकारका ३ तहमध्ये स्थानीय तह र संघीय तह पहिलेदेखि नै विद्यमान थिए, नयाँ भनेको त प्रदेश तह नै हो। संविधान जारी भएपछि यसलाई संस्थागत गर्न तत्कालिन अन्तरिम संविधानको संक्रमणकालिन व्यवस्था अन्तर्गत रुपान्तरित प्रतिनिधि सभाले आवश्यक न्यूनतम कानून बनाई तीनै तहको निर्वाचन २०७४ सालमा सम्पन्न गर्‍यो। प्रदेश सभाका माननीय सदस्यहरु निर्वाचन आयोगले प्रदान गरेको प्रदेश सभाको सदस्य निर्वाचित प्रमाणपत्र लिएर शपथग्रहणका लागि प्रदेश नं. १ को तत्कालिन अवस्थाको अस्थायी (हाल स्थायी भइसकेको) राजधानी विराटनगरको वीरेन्द्र सभा गृहमा उपस्थित हुनुभयो। प्रदेश नं. १ अन्तर्गतका विभिन्न प्रदेश निर्वाचन क्षेत्र, समानुपातिक समावेशी प्रतिनिधित्व गर्दै आ-आफ्नै

भेषभूषासहित प्रदेश सभाका माननीय सदस्यको उपस्थितिले वीरेन्द्र सभागृहको हल र परिसरलाई नै एउटा बहुसाँस्कृतिक संगमस्थलको मनमोहक अवस्थाको दृष्य झल्काउँथ्यो। प्रदेश प्रमुख प्रा.डा. माननीय गोविन्द बहादुर तुम्बाहाङले ९३ मध्येका ज्येष्ठ सदस्य माननीय ओम प्रकाश सरावगीलाई शपथग्रहण गराउनुभएपछि ज्येष्ठ सदस्यले सभामुखको रुपमा प्रदेश प्रमुखको उपस्थितिमा बाँकी सदस्यलाई शपथ ग्रहण गराई पहिलो यात्रा शुरु भयो।त्यो अवसरमा माननीय सदस्यलाई संघीय कानून मन्त्रालयले छपाई पठाएको नेपालको संविधान (सानो पुस्तिकाको रुपमा) उपलब्ध गराइयो। न्युनतम कानून, भौतिक, वित्तीय, प्रशासनिक शून्यतामा प्रदेश सभा आफ्ना लागि आफैले सबैथोक व्यवस्था गर्न अग्रसर हुनुपर्‍यो। चुनौति र अवसरका पहाड अगाडि सदस्यहरु छन्, चुनौतिको सामना गर्दै अवसरलाई प्राप्त गर्दै अगाडि बढ्ने रोमाञ्चकारी हजारौं माइलको यात्रा एक पाइलाबाट शुरु भएको हो, प्रदेश सभाको यो यात्रा कालन्तरमा ऐतिहासिक गौरवगाथा हुनेछ।

नेपालको संविधानको धारा १९४ ले प्रदेशलाई "आफ्नो कार्य संचालन गरी बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, कामकारवाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्नका लागि दिएको नियम बनाउने अधिकार र संविधानले अनुसूची-६ मा प्रदेशको अधिकार, अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकार, अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची व्यवस्था गरेको छ। यही संवैधानिक जगबाट प्रथम अधिवेशनको पहिलो बैठक २०७४ माघ २२ गते तत्कालिन जिल्ला विकास समितिको सभाहल (संघ सरकारबाट प्रदेश सभाका लागि मर्मत सुधार गरिदिएको)मा ज्येष्ठ माननीय सदस्यको अध्यक्षतामा बस्यो। संघीय संसद सचिवालयबाट खटिई आउनुभएका सहसचिवले प्रदेश सभा सचिवको भूमिका निर्वाह गर्नुभयो। त्यो घडी, त्यो क्षण, आफैले बनाएको संविधानबाट संघीय शासन व्यवस्थाको प्रदेश सभाको काम शुरु भयो। पहिलो बैठकदेखिनै प्रदेश सभाको मूलभूत कर्तव्य सरकार बनाउने र सरकार संचालन गर्नका लागि कानून बनाउने कामलाई अगाडि बढाउँदै पहिलो प्रदेश सभाले दशवटा अधिवेशनमा २९४ बैठक गर्दै ६२ वटा सरकारी विधेयक (कानून) पारित गर्‍यो, बनायो जो मैले अगाडि पनि उल्लेख गरेको छु।

आफू संचालित हुने कानूनको जग नेपालको संविधानको धारा १९४ अनुसार प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ बनाई सोलाई समय सापेक्ष बनाउन २०७५ मा संशोधनसमेत गर्‍यो। प्रदेश सभा संचालनका लागि शीरमा नेपालको संविधान छ भने दैनन्दिन प्रयोगमा नियमावली छ। प्रदेश सभा संसदीय अभ्यासको एक श्रृंखला हो यो संविधान, आफ्नै नियमावली र परम्परा समेतलाई एकाकार गरी संचालन हुने रहेछ। प्रदेश सभाको इतिहास लामो छैन, हामीलाई आफ्नै परम्परालाई पछ्याइहाल्ने अवस्था बनेको छैन तर परम्परा बसाउने ऐतिहासिक दायित्व प्रदेश सभालाई छ। तसर्थ, प्रदेश सभा संचालनमा असल परम्परा बसाउने दायित्व सभाका सभामुखको छ। त्यसमा सभाभित्रबाट, उपसभामुख लगायत सबै

पदाधिकारीहरु, सबै सदस्यहरुको छ भने सभा बाहिर प्रदेश, संघीय र स्थानीय सरकार, राजनैतिक दल, नागरिक समाज र सरोकारवालाको पनि प्रत्यक्ष, अप्रत्यक्ष सहयोगको आवश्यकता छ।

प्रदेश नं. १ को पहिलो प्रदेश सभाले आफूलाई संचालन गर्न बनाएको प्रदेश सभा नियमावली, २०७४ मा भएको व्यवस्थाहरुको प्रयोग के कसरी गऱ्यो भनेर सिंहावलोकन गर्दा यसमा भएका २६परिच्छेद, २०३ नियम र ९ अनुसूची भएको प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (संशोधनसहित) को कार्यान्वयनको अवस्था हेरौं। यो नियमावलीमा भएका केही प्रावधानहरु बाहेक सम्पूर्ण रुपमा कार्यान्वयन प्रयोगमा आएको अवस्था छ। आफ्नो नाम आफै राख्ने प्रदेश सभाको दायित्व भित्रका काम माननीय सभामुखज्यूले दलीय सहमति जुटाएर नामाकरण गर्ने कार्यका लागि सभामा प्रतिनिधित्व गर्ने दलका माननीय सदस्यहरुसँग औपचारिक अनौपचारिक छलफल बैठक गर्दा पनि सहमति जुट्न नसकी नामाकरण हुन नसकेको तथा प्रश्नोत्तर शत्र र विशेष समिति गठन बाहेकका प्रायः सबै प्रावधानहरुको अभ्यास पहिलो प्रदेश सभाका बैठकहरुमा भएको अवस्था छ। गैह्रसरकारी विधेयक प्रदेश सभामा कुनै पनि नभएको, प्रवेश भएका ६२ वटा सरकारी विधेयकहरु माननीय सभामुखज्यूको निष्पक्ष र सुझबुझपूर्ण नेतृत्व र कार्य व्यवस्था परामर्श समितिको सही सल्लाह र सुझावका आधारमा प्रदेश सभाका बैठकहरु संचालन भए गरेका कारणले तमाम २९४ वटै बैठकमा कुनै अप्रिय घटनाहरु घटेनन्।

प्रदेश सभामा सालबसाली आउने विनियोजन विधेयकमा परम्परा जस्तै बनेको प्रतिपक्षबाट विरोध हुने प्रथाले गर्दा सबै सालका विनियोजन विधेयक र मनमोहन प्राविधिक विश्वविद्यालय सम्बन्धी विधेयक बाहेक सम्पूर्ण विधेयक सर्वसम्मतीले पारित भएको अवस्थालाई हेर्दा संघीयताको संस्थागत गर्ने र राम्रो परम्परा बसाएर जाने बारेमा प्रदेश सभा सचेत रहेको देखिन्छ। यतिसम्म कि प्रदेशको राजधानी तोक्दा पनि शुरुमा केही विमति रहेपनि निर्णय सर्वसम्मतरुपमा गर्न प्रदेश सभा सफल भएकै हो।

प्रदेश सभाका शुरुका अधिवेशन र बैठकहरु कानून तत्काल चाहिने, लामो छलफलको अभ्यास नभएको, ज्ञानसीप पूर्ण आर्जन भइनसकेको, संसदीय समितिले पूर्णता नपाएको, विज्ञहरुको अनुपलब्धता र कानूनको संख्या अलिक बढी हुनुपर्छ भन्ने अभिप्राय समेतले छोटो छोटो बैठक समय, कानून निर्माणको संख्या अलिक बढी र केही कानूनहरु त कार्यान्वयन गर्नै नसकिने अवस्थाका समेत रहेको हो। पछिल्ला अधिवेशनका बैठकहरुमा सदस्यहरुको अनुभव आर्जन, विषयगत समितिहरुको पुर्णता विज्ञहरुको उपलब्धता समेतका कारणले लामो छलफल भएर कार्यान्वयन तत्कालै हुने, तत्कालै संशोधन गर्नुनपर्ने कानून बनिरहेको अवस्था छ।

सानो संसद (Mini Parliament) को रुपमा रहेको यस प्रदेशका ७ वटा संसदीय समितिले प्रथम अधिवेशन शुरु भएको करिव १५ महिना पछि सभापतिहरुको चयन पछि पूर्णता पाएका हुन्। कानून

निर्माण र संसदीय निगरानी समेतमा अहम भूमिका खेल्ने संसदीय समितिहरुले समयमा पूर्णता नपाउँदै परिपक्व कानून पारित गर्ने र प्रदेश सरकारका कार्यक्रमलाई संसदीय निगरानी मार्फत उपलब्धिमूलक बनाउने र प्रत्यायोजित कानून निर्माण र कार्यान्वयनमा सरकारलाई निर्देशन र निगरानी गर्ने कार्यमा शुरुमा सुस्तता देखिएपनि पछिल्लो कार्यकालमा प्रभावकारी ढंगले समितिले आफ्नो औचित्व पुष्टि गर्नेतर्फ अगाडि बढेको अवस्था रह्यो।

प्रदेश सभा बैठकको श्रव्यदृष्य अभिलेख र प्रत्यक्ष प्रसारणतर्फ आफ्नो सीमित श्रोत परिचालन गरेर प्रदेश सभा र प्रदेश सभा सचिवालयले निरन्तरता दिनुका साथै श्रव्य अभिलेखलाई भर्बेटिम (हुबहु उतार) गरेर अभिलेखिकृत गरिएको छ भने विषयगत समितिको बैठकलाई श्रव्यदृष्य अभिलेख प्रदेश सभाको पहिलो कार्यकालमा श्रोतसाधनका कारणले गर्न सकिएन।

प्रदेश सभा नियमावलीलाई संशोधन गरी समयसापेक्ष बनाउन आवश्यक भइसकेको छ। पहिलो प्रदेश सरकारका ७ वटा मन्त्रालयका आधारमा कार्यक्षेत्र निर्धारण गरिएकोमा १३ वटा मन्त्रालय भएपछि समितिको कार्यक्षेत्र समेट्ने काम लगायत दल संख्या बढे अनुकूलका प्रावधान संशोधन र नयाँ व्यवस्था गर्न आवश्यक छ।

प्रदेश सभाको ५ वर्षे कार्यकालमा माननीय सभामुख, उपसभामुखज्यूहरुले राजधानी विराटनगरमा उपयुक्त निवास प्राप्त हुन नसकेका कारणले उहाँहरु आ-आफ्नो घर धरान, इटहरीबाटै प्रदेश सभा धाउनुपर्ने अवस्था पऱ्यो। अर्को कार्यकालमा त्यस्तो नहोला।

नेपालको संविधान अनुसार सन्तुलित, समानुपातिक विकास समेतका उद्देश्यले एकात्मकबाट संघीयतातर्फ देशको शासन व्यवस्थालाई रुपान्तरण गरिएको हो। देश भित्रका ७ वटा प्रदेशका प्रदेश सभाका उस्तै उस्तै प्रकारका समस्या, चुनौति र सम्भावनाहरु छन् तर ती सभाका सभामुख, उपसभामुख लगायतका पदाधिकारीहरु संविधान अनुसार एकै ठाउँमा बसेर साझा समस्या, चुनौतिको सामना गर्न र सम्भावनाहरुलाई आफू अनुकूल प्रयोग गर्न बैठक, छलफल र सल्लाह गर्ने उचित प्रबन्ध नभएका कारणले अनौपचारिक रुपमै भएपनि प्रदेशहरु सभामुख, उपसभामुख र प्रदेश सभा सचिवहरुको सम्मेलन गोष्ठी बैठकका नाउमा भेला हुने र आवश्यक संकल्पहरु (Resolutions) पारित गर्ने, विषयगत समिति, संसदीय दलहरु अन्तरप्रदेश भ्रमण गर्ने गरेको भएतापनि उचित बजेट श्रोत साधनको कारणले यसलाई निरन्तरता दिन सकिएको छैन। पाँच वर्षे कार्यकालको अन्त्यतिर २०७९ भाद्र २० देखि ऐ. २२ गतेसम्म प्रदेश सभा, प्रदेश नं. १ ले "संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका" विषयक गोष्ठी सञ्चालन गऱ्यो। उक्त गोष्ठीमा संघीय संसदबाट सम्माननीय सभामुखज्यू, सम्माननीय अध्यक्षज्यू, माननीय उपसभामुखज्यू, संघीय संसद सचिवालयका महासचिव लगायत

सचिवज्यूहरु, सातै प्रदेशबाट माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू र प्रदेश सभाका सचिवज्यूहरुलाई आमन्त्रण गरी विज्ञबाट कार्यपत्रसमेत प्रस्तुत गर्न लगाई गोष्ठीमा वृहत छलफल र समीक्षा गरियो। गोष्ठीबाट १६ बुँदे साझा अवधारणापत्र पारित गरियो जो आगामी दिनमा संघीयता प्रवर्द्धनका लागि मार्गदर्शन हुन सक्ने देखिएको छ।

प्रदेश सभा सचिवालयका लागि संघीय सरकारले स्थापनाकालमा तोकिदिएको दरबन्दी संख्याको सिमितताको कारणले प्रदेश सभा, प्रदेश सभा सचिवालय, विषयगत समितिहरु लगायतका सम्पूर्णलाई व्यवस्थित परिचालन गर्न अप्ठ्यारो महसुस भई प्रदेश सभा सचिवालय ऐन, २०७६ जारी भई प्रदेश सभा सचिव नियुक्ति भएपछि संघीय संसद सचिवालयको प्राविधिक/ विज्ञको सहयोगमा यस प्रदेश सभाले आफ्नो संगठन व्यवस्थापन अध्ययन गरी गराई सचिवालय व्यवस्थापन तथा संचालन समितिबाट स्वीकृत गराई अस्थायी दरबन्दी अनुसार प्रदेश सरकारले कर्मचारी खटाईदिएको अवस्था समेतका कारणले सचिवालय संचालनमा सहजता महसुस भएको छ।

प्रथम प्रदेश सभा अविधिभित्रै वैश्विक महामारी कोभिड-१९ का कारणले स्वास्थ्य मापदण्ड पालना गरेर बैठक नयाँ प्रविधिसँगै २ वटा हल प्रयोग गरी बैठक संचालन गरेको, साविक सभाहलमा बैठक सञ्चालन गर्दा खानेपानी, सरसफाई लगायतको व्यवस्थापकीय समस्यालाई सचिवालयमा सँगै खट्ने क्षमतावान नीतिगत तहका साथीहरु, सचिवालयका सबै तह र तप्काका साथीहरु, मर्यादापालन शाखामा खट्ने सकल दर्जाका सुरक्षाकर्मी साथीहरुको अहोरात्रको खटाईपछि नै सभाको बैठक र सचिवालयलाई सुव्यवस्थित गराउन सकिएको कुरा स्मरणयोग्य छ। सभाहलको समस्याका कारणले प्रदेश सरकारसँग बजेट निकासा माग गरी सचिवालय परिसरभित्रै नयाँ सुविधायुक्त अस्थायी सभाहल निर्माण भएको अवस्था छ। हाम्रो नवनिर्मित सभाहललाई अन्य प्रदेशबाट अध्ययन अवलोकन भ्रमणमा आउने माननीय सदस्यहरु र कर्मचारीहरुले नमूनाको रुपमा ग्रहण गर्छौं भन्दा हामीलाई खुशीको अनुभूति हुँदो रहेछ।

कुनै पनि विषयवस्तु सम्बन्धमा ज्ञान प्राप्त नगरी सोबाट प्राप्त हुने उपलब्धिका बारेमा अनभिज्ञता रहन्छ र त्यो विषयवस्तुको उपादेयता नै सिद्ध हुन गाह्रो हुन्छ। संघीयता त्यसमा पनि प्रदेश र प्रदेश सभा हाम्रो देश प्रदेशका लागि नयाँ प्रयोग भएकाले यस सम्बन्धमा जनतालाई विस्तृत जानकारी गराउन आवश्यकता महसुस गरी प्रदेश सभा सचिवालयले बाह्य पहुँच (Outreach) कार्यक्रम अन्तर्गत स्थानीय तहहरुका पदाधिकारी, कर्मचारीस्तरमा प्रदेश सभाले बनाउने कानून, कानून निर्माण प्रक्रिया र प्रदेश सभाका गतिविधि जानकारी गराउने उद्देश्यले २०७६ को दोश्रो चौमासिकबाट स्थानीय तहमा गएर अन्तरक्रिया गर्ने कार्यक्रम गरिएकोमा कोभिड-१९ महामारीका कारणले स्थगित भएको कार्यक्रमलाई गत

आ.व. देखि निरन्तरता दिँदै प्रदेशका १३७ स्थानीय तह मध्ये १८ वटा स्थानीय तहमा उक्त कार्यक्रम सञ्चालन गरिसकिएको र बाँकी सबै तहमा यो कार्यक्रम गरिने लक्ष्य लिइएको छ।

कानून निर्माण प्रक्रिया People at large का भावना समेटिएर कानून बनून् भन्ने अभिप्रायले यूएनडिपी संसद सहयोग कार्यक्रमको सहयोगमा १४ वटै जिल्ला समन्वय समिति र प्रदेश सभा सचिवालयबीच Video Conferencing System स्थापना भएको र अब बन्ने कानूनहरुमा स्थानीय तहहरुसँग सोही माध्यमबाट पनि कानून निर्माणमा सहभागिता जुटाउने अभिप्रायले काम अगाडि बढाएको अवस्था छ। पदाधिकारी सदस्य र कर्मचारीस्तरबाट अन्तरप्रदेश अनुभव आदानप्रदान अवलोकन भ्रमणका माध्यमबाट अन्य प्रदेशमा भएको प्रयोग र अनुभवलाई समेत प्रयोग गर्ने प्रयास गरिएको र यो उपलब्धिमूलक भएको पाइएको छ।

नयाँ सधैं नयाँ हुँदैन, आफूलाई नयाँ लागिराखे पनि सार्वजनिक रुपमा व्यक्त गर्न पाइँदैन। भन्न के खोजेको भने हामीले ५ वर्षमा नयाँ छौं भनेर पनि कति छुट पायौं, नयैं पनि थियौं। तर अब यो छुट पाइने छैन। यो कुरा भनिरहँदा के भएको भए नयाँ भन्नुपर्ने थिएन त?

संघीयतालाई संस्थागत गर्नका लागि भौतिक संरचना आवश्यक जनशक्ति, आवश्यक कानून र वित्तीय प्रवन्ध अपरिहार्य विषय हुन्। पहिलो ५ वर्षमा प्रदेशस्तरका कुनै भौतिक संरचना बनेनन्। आवश्यक जग्गा जमिनको व्यवस्था भएको जानकारीमा छैन। ६२ वटा कानून संख्या कम होइन, कुनै सालबसाली होलान् सोको बारेमा कानून कुन पूर्ण र आंशिक कार्यान्वयनमा छन्, वर्गीकरण गर्नुपर्‍यो। निष्प्रभावी कानून कति छन्, किन कार्यान्वयन भएनन्, संशोधन गर्नुपर्छ कि, संघले आफूले समयमै कानून बनाएर सहयोग गर्ने  काम भयो भएन, जनताले जानकारी पाउने गरी अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था चाहियो। प्रदेश सरकारले प्रदेश राजश्व सुधार कार्ययोजना बनाएर सोलाई सालबसाली आर्थिक ऐनमा समावेश हुने परम्परा शुरु भएको अवस्था छैन। सालबसाली राजश्व उठ्तीको अनुमान अनुसार राजश्व असूल भए नभएको सम्बन्धमा समेत संसदीय निगरानी गर्न आवश्यक छ। स्थानीय सरकार र प्रदेश सरकारबीच राजश्व बाँडफाँडको काम सम्बन्धित तहले समयमा गरेनगरेको सम्बन्धमा समेत संसदीय निगरानी आवश्यक देखिन्छ। सर्सर्ती हेर्दा प्रदेशमा खर्चमुखी (Expenditure Oriented) सोचले बढी काम गरेको अवस्थाको महसुस भएकाले आय बढाउने र प्राप्त आयलाई समुचित प्रयोगको सोचाइले खर्च सम्बन्धमा दक्षता बढाउन आवश्यक छ। प्रशासनिक व्यवस्था अन्तर्गत नयाँ संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) गरेर आवश्यक व्यवस्थापन गर्नु त कता हो कता शुरुमा भएको स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन भएको अवस्था छैन। भएका जनशक्तिमा नैराश्यता छ, यसतर्फ सचेत भएर प्रदेश सरकार, प्रदेश सभा र सरोकारवालाले काम गर्न आवश्यक देखिन्छ।

यहाँ उल्लेख गर्नैपर्ने हुन्छ, यस प्रदेशका संस्थापक प्रदेश प्रमुख प्रा.डा. माननीय गोविन्द बहादुर तुम्बाहाङ सोपछि माननीय सोमनाथ अधिकारी प्यासी र वर्तमान प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गज्यूको अभिभावकत्व र संस्थापक मुख्यमन्त्री माननीय शेरधन राई सोपछि माननीय भिमप्रसाद आचार्य र वर्तमान मुख्यमन्त्री माननीय राजेन्द्र कुमार राई लगायतका सबै कार्यकालका माननीय मन्त्रीहरुले प्रदेश सभाका संस्थापक सभामुख माननीय प्रदीप कुमार भण्डारी र उपसभामुख माननीय सरस्वती पोखरेलसँग निरन्तर समन्वय र सहकार्य गरी प्रदेश सभा र प्रदेश सभा सचिवालयको संस्थागत विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको अवस्था रह्यो।

पहिलो भनेको पहिलो नै हो, चाहे ऊ उत्कृष्ट, सामान्य जे होस्। प्रदेश सभा उसले दिएको सरकारको ५ वर्षे कार्यकालको अलग अलग मूल्यांकन सबैले गरिरहेकै अवस्था छ। प्रदेश सभा सचिवालयको आफ्नो स्वमूल्यांकन गर्दा उपलब्ध वातावरण श्रोतसाधन सबैका आधारमा प्रदेश सभाले उत्कृष्ट तवरले काम गरेको, धेरै अभाव र अप्ठ्यारोमा काम गर्नुपर्दा पनि सामान्य सन्तुष्टि प्राप्त भएको मेरो यो हो आफ्नो अनुभूति।

***गोपाल प्रसाद पराजुली***
*प्रदेश सभा सचिव*

# विषय सूची

**परिच्छेद – १ : प्रदेश सभा गठन तथा सञ्चालनको आधार ............ १**

प्रदेश सभामा प्रतिनिधित्वको अवस्था ............ ३

दलगत आधारमा प्रतिनिधित्व ............ ३
लैङ्गिकताको आधारमा प्रतिनिधित्व ............ ३
निर्वाचन पद्धतिका आधारमा प्रतिनिधित्व ............ ३
जातिगत आधारमा प्रतिनिधित्व ............ ४
जिल्लागत आधारमा प्रतिनिधित्व ............ ४

**परिच्छेद – २ : प्रदेश सभाको ५ वर्षे कार्यानुभव ............ ६**

सभामुखको निर्वाचन ............ ६

उप-सभामुखको निर्वाचन ............ ७

समिति सभापतिको निर्वाचन ............ ८

कार्यव्यवस्था समितिको गठन ............ १०

कार्यव्यवस्था तथा परामर्श समितिको गठन ............ १०
कार्यव्यवस्था तथा परामर्श समितिको विवरण ............ १०

प्रदेश राजधानी कायम ............ १२

प्रदेश सभाको ५ वर्षको खर्चको अवस्था ............ १४

**परिच्छेद – ३ : प्रदेश सभाको वैठक ............ १७**

प्रदेश सभाको अधिवेशन ............ १७

पहिलो अधिवेशन ............ १८
दोश्रो अधिवेशन ............ १८
तेश्रो अधिवेशन ............ १८
चौथो अधिवेशन ............ १९
पाँचौं अधिवेशन ............ १९
छैटौं अधिवेशन ............ १९
सातौं अधिवेशन ............ १९
आठौं अधिवेशन ............ २०
नवौं अधिवेशन ............ २०
दशौं अधिवेशन ............ २०

शुन्य समय, विशेष समय तथा सैद्धान्तिक छलफल ........ २१

**परिच्छेद – ४ : नियमावली मस्यौदा समिति गठन ........ २२**

प्रदेश सभा नियमावली मस्यौदा समिति गठन ........ २२

प्रदेश सभा नियमावली मस्यौदा समिति ........ २३

नियम निलम्बन/अध्यादेश ........ २३

**परिच्छेद – ५ : निर्वाचन एवम् मन्त्रिपरिषद् गठन ........ २५**

प्रदेश सरकारको गठन ........ २५

तत्कालिन मुख्यमन्त्री माननीय श्री शेरधन राई नेतृत्वको मन्त्रिपरिषद्को विवरण ........ २६

तत्कालिन मुख्यमन्त्री माननीय श्री भीम आचार्य नेतृत्वको मन्त्रिपरिषद्को विवरण ........ २७

गठबन्धनको तर्फबाट मुख्यमन्त्री माननीय श्री राजेन्द्र कुमार राई नेतृत्वको मन्त्रिपरिषद्को विवरण ........ २८

बिश्वासको मत ........ २९

धन्यवाद ज्ञापन तथा सभालाई संशोधन ........ २९

**परिच्छेद – ६ : विषयगत समिति (मिनी सांसद) ........ ३१**

प्रदेश सभा विषयगत समितिहरुको परिचय ........ ३१

बिषयगत समितिको कार्यक्षेत्र र नामावली ........ ३२

सातै वटा समितिहरुका पाँचबर्षका गतिविधिको तथ्याङ्कगत विवरण ........ ३४

**न्याय, प्रशासन तथा विधायन समिति ........ ३५**

समितिका माननीय सदस्यहरुको विवरण ........ ३५

समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण ........ ३६

समितिका महत्वपूर्ण निर्णय तथा सम्पादित कार्यक्रमको प्रगति विवरण ........ ३६

उपलब्धीहरु ........ ३७

न्याय प्रशासन तथा विधायन समितिका महत्वपूर्ण निर्णयहरु ........ ३९

समितिका निर्देशनहरु ........ ४५

**अर्थ समिति ........ ४८**

समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण ........ ४९

समितिको महत्वपूर्ण निर्णय, निर्देशन र सुझावहरु ........ ५०

समितिका सुझावहरु ........ ५६

स्थलगत अनुगमन भ्रमण तथा अन्तरक्रिया कार्यक्रमहरु ........ ५७

समितिमा छलफल भई पारित विधेयकहरु ........ ५८

**सुशासन तथा योजना समिति** ........................................................ **५९**
समितिको परिचय र माननीय सदस्यहरुको विवरण ........................................................ ५९
समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण ........................................................ ६०
समितिमा छलफल भई पारित विधेयकहरु ........................................................ ६०
समितिबाट भएका महत्वपूर्ण निर्णय, निर्देशन सुझाव तथा कार्यहरुको विवरण ........................................................ ६१
**सार्वजनिक लेखा समिति** ........................................................ **६२**
समितिको परिचय र माननीय सदस्यहरुको विवरण ........................................................ ६२
समितिको कार्यप्रक्रिया ........................................................ ६४
समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण ........................................................ ६४
समितिमा भए गरेका अभ्यासहरु ........................................................ ६५
समितिले प्रदेश सरकारलाई दिएका मुख्य मुख्य निर्देशनहरु ........................................................ ६५
समितिका चुनौतीहरु ........................................................ ६६
**सामाजिक विकास समिति** ........................................................ **६६**
समितिको परिचय र माननीय सदस्यहरुको विवरण ........................................................ ६६
समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण ........................................................ ६८
समितिको महत्वपूर्ण निर्णयहरु ........................................................ ६८
**उद्योग, पर्यटन तथा वातावरण समिति** ........................................................ **७०**
समितिको परिचय र माननीय सदस्यहरुको विवरण ........................................................ ७१
समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण ........................................................ ७२
समितिमा दफावार छलफल गरी पारीत भएका विधेयकहरु ........................................................ ७२
उद्योग, पर्यटन तथा वातावरण समितिको हालसम्मको गतिविधिहरु ........................................................ ७२
**प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समिति** ........................................................ **७५**
समितिको परिचय र माननीय सदस्यहरुको विवरण ........................................................ ७६
समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण ........................................................ ७७
समितिबाट छलफल गरी पारीत भएका विधेयकहरु ........................................................ ७७
समितिको महत्वपूर्ण निर्णय, निर्देशन र सुझाव तथा कार्यहरुको विवरण ........................................................ ७७

**परिच्छेद – ७ : प्रदेश कानून निर्माण प्रकृया तथा बिषयगत समिति सम्बन्धी अनुभव** ........................ ७९

बिषयगत समिति ........................................................ ८२
समितिको बैठकको कार्यविधि ........................................................ ८३
समिति सचिवको भूमिका ........................................................ ८४

**परिच्छेद – ८ : प्रदेश सभाका सदस्यहरुको संक्षिप्त परिचय (वर्णानुक्रमानुसार)** ........................ ८७

**अनुसुची १ : प्रदेश सभा अन्तर्गत विषयगत समितिमा सदस्यहरुको उपस्थिति ................................ १२०**

न्याय प्रशासन तथा विधायन समितिका माननीय सदस्यहरुको उपस्थिति विवरण ................................ १२०
अर्थ समितिका माननीय सदस्यहरुको उपस्थिति विवरण ................................ १२१
सुशासन तथा योजना समितिका माननीय सदस्यहरुको उपस्थिति विवरण ................................ १२१
सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुको उपस्थिति विवरण ................................ १२२
सामाजिक विकास समितिका माननीय सदस्यहरुको उपस्थिति विवरण ................................ १२२
उद्योग पर्यटन तथा वातावरण समितिका माननीय सदस्यहरुको उपस्थिति विवरण ................................ १२४
प्रकृतिक श्रोत तथा पूर्वाधार विकास समितिका माननीय सदस्यहरुको उपस्थिति विवरण ................................ १२४

**अनुसूची २ : प्रदेश सभाबाट पारित गरिएका विधेयकको विवरण, २०७९ ................................ १२६**

पहिलो अधिवेशनबाट पारित विधेयकहरुको विवरण ................................ १२६

दोश्रो अधिवेशनबाट पारित विधेयकहरुको विवरण ................................ १२७

तेश्रो अधिवेशनबाट पारित विधेयकहरुको विवरण ................................ १२९

चौथो तथा बजेट अधिवेशनबाट पारित विधेयकहरुको विवरण ................................ १३०

पाँचौ तथा हिउँदे अधिवेशन ................................ १३१

छैटौँ तथा बजेट अधिवेशन ................................ १३२

सातौँ तथा हिउँदे अधिवेशन र आठौँ तथा बजेट अधिवेशन ................................ १३३

नवौँ तथा हिउँदे अधिवेशन र दशौँ तथा बजेट अधिवेशन ................................ १३४

**अनुसूची ३ : प्रदेश सभाका कर्मचारीहरुको विवरण ................................ १३५**

**अनुसूची ४ ................................ १४१**

क) संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठी कार्यक्रमको प्रतिवेदन, २०७९ ................................ १४१

ख) संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठी कार्यक्रमको निष्कर्ष ................................ १५०

**अनुसूची ५ : प्रदेश सभाको गतिविधि झल्लकाउने केही तस्विरहरु ................................ १५४**

# परिच्छेद - १

## प्रदेश सभा गठन तथा सञ्चालनको आधार

नेपालको संविधानको धारा १७६ मा व्यवस्था भए बमोजिम गठित प्रदेश सभा, प्रदेश नं. १ तथा यसको कामकारवाही सञ्चालन तथा व्यवस्थापन गर्न संविधानको धारा १९५ को उपधारा (२) मा व्यवस्था भए बमोजिमको प्रदेश सभा सचिवालय साविक जिल्ला विकास समितिको कार्यालय (हाल जिल्ला समन्वय समिति), मोरङ, विराटनगरको पुरानो भवनमा वि.सं. २०७४ साल माघ १७ गतेबाट सञ्चालन हुँदै आएको छ। वि.सं. २०७४ माघ ७ गते विराटनगरस्थित विरेन्द्र सभागृहको हलमा प्रदेश प्रमुख माननीय गोविन्द

बहादुर तुम्बाहाङबाट प्रदेश सभाका माननीय सदस्यहरु मध्ये उमेरले ज्येष्ठ सदस्य माननीय ओम प्रकाश सरावगीलाई शपथ ग्रहण गराउनुभएको र माननीय प्रदेश प्रमुखको उपस्थितिमा माननीय ओम प्रकाश सरावगीद्वारा पद तथा गोपनीयताको शपथ ग्रहण गराएपश्चात २०७४ माघ २२ गतेबाट सभाको प्रथम अधिवेशनको प्रथम बैठक ज्येष्ठ सदस्य माननीय ओम प्रकाश सरावगीको अध्यक्षतामा बसी प्रदेश सभा प्रारम्भ भयो।

प्रदेश सभाको सञ्चालन नेपालको संविधान तथा प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (संशोधन समेत)को आधारमा र सचिवालय नेपालको संविधान, प्रदेश नं. १ को प्रदेश सभा नियमावली (संशोधनसहित), २०७४ र प्रदेश सभा सचिवालय सञ्चालन ऐन, २०७६ तथा अन्य प्रचलित कानून बमोजिम सञ्चालन हुँदै आएको छ। प्रदेश सभामा प्रथम हुने निर्वाचित हुने निर्वाचन प्रणालिबाट निर्वाचित ५६ जना र समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित हुने ३७ जना गरी जम्मा ९३ जना सदस्यहरु रहने व्यवस्था रहेको छ । पहिलो प्रदेश सभामा ७ वटा राजनीतिक दलका (दल विभाजन भएपछि) ६१ जना पुरुष र ३२ जना महिला गरी जम्मा ९३ जना माननीय सदस्यहरुको प्रतिनिधित्व रहेकोमा ताप्लेजुङ जिल्लाको निर्वाचन क्षेत्र १(२), दलबदल कानून आकर्षित भएको कारण र इलाम जिल्लाको क्षेत्र नं. १(२), झापा जिल्लाको क्षेत्र नं. १(२) राजिनामा दिएका कारणले रिक्त रहेको अवस्था थियो। प्रदेश सभामा नेकपा एमालेको तर्फबाट समानुपातिकबाट निर्वाचित माननीय गुलेफुन खातुनले मिति २०७९/०३/१५ मा राजिनामा गरेपछि रिक्त स्थानमा हिमादेवि वस्नेत मिति २०७९/०३/२० मा निर्वाचित हुनु भएको अवस्था थियो। प्रदेश सभाको सभामुख माननीय प्रदीप कुमार भण्डारी र उप-सभामुख माननीय सरस्वती पोखरेलले पूर्णकार्यकाल आफ्नो जिम्मेवारी सम्हाल्नु भएको अवस्था रह्यो। प्रदेश सभा नियमावलीमा व्यवस्था भए अनुरुप Mini Parliament को रुपमा यस प्रदेश सभामा न्याय, प्रशासन तथा विधायन समिति, सुशासन तथा योजना समिति, अर्थ समिति, सार्वजनिक लेखा समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समिति गरी जम्मा ७ वटा विषयगत समितिहरु रहेका छन्। उक्त समितिहरुमा सभा संचालन भएको वर्षदिन भन्दा पनि पछि सभापतिमा क्रमशः माननीय इन्द्रमणी पराजुली, माननीय अर्जुन राई, माननीय मोहन कुमार खड्का, माननीय शिव नारायण गनगाई, माननीय सरिता थापा, माननीय सीता थेवे जबेगु र माननीय सर्वध्वज साँवा लिम्बु रहनु भएको छ। प्रदेशको आवश्यकता र जनचाहना अनुरुप विधि निर्माण गर्नु र आवश्यकता अनुसार यसको संशोधन गर्नुका साथै संसदीय निगरानीबाट प्रदेश सरकारका काम कारवाहीलाई उपलब्धीमुलक र परिणाममुखी बनाउन सहयोग गर्ने र सोका लागि आवश्यकतानुसार सजग गराउनेसम्मको कामकारवाही

गर्ने जिम्मेवारी प्रदेश सभाको छ भने प्रदेश र स्थानीय तहहरुबीचको राजनीतिक विवादहरुको समाधान गर्ने संविधान प्रदत्त अधिकार समेत रहेको छ।

## प्रदेश सभामा प्रतिनिधित्वको अवस्था

### दलगत आधारमा प्रतिनिधित्व

| सि.नं. | दलको नाम | निर्वाचित | समानुपातिक | जम्मा |
|---|---|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २९ | १० | ३९ |
| २ | नेपाली काँग्रेस | ८ | १३ | २१ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | १० | ५ | १५ |
| ४ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ५ | ५ | १० |
| ५ | जनता समाजवादी पार्टी, नेपाल | १ | २ | ३ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | १ | १ |
| ७ | संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्च | ० | १ | १ |
| | जम्मा | ५३ | ३७ | ९० |

### लैङ्गिकताको आधारमा प्रतिनिधित्व

| सि.नं. | लिङ्ग | जम्मा |
|---|---|---|
| १ | महिला | ३२ |
| २ | पुरुष | ५८ |
| | जम्मा | ९० |

### निर्वाचन पद्धतिका आधारमा प्रतिनिधित्व

| सि.नं. | निर्वाचन पद्धति | जम्मा |
|---|---|---|
| १ | पहिलो हुने निर्वाचित हुने | ५६ |

| | | |
|---|---|---|
| २ | समानुपातिक | ३७ |
| | जम्मा | ९३ |

## जातिगत आधारमा प्रतिनिधित्व

| सि.नं. | निर्वाचन प्रणाली | जम्मा |
|---|---|---|
| १ | क्षेत्री बाहुन | ३३ |
| २ | राई लिम्बु | २७ |
| ३ | मधेसी आदिवासी | १५ |
| ४ | गुरुङ | ३ |
| ५ | मुस्लिम | १ |
| ६ | नेवार | ५ |
| ७ | मगर | ३ |
| ८ | दलित पहाडी | ३ |
| | जम्मा | ९० |

## जिल्लागत आधारमा प्रतिनिधित्व

| सि.नं. | जिल्ला | निर्वाचित | समानुपातिक | जम्मा |
|---|---|---|---|---|
| १ | झापा | ९ | ५ | १४ |
| २ | इलाम | ३ | ० | ३ |
| ३ | पाँचथर | २ | २ | ४ |
| ४ | ताप्लेजुङ | १ | ३ | ४ |
| ५ | मोरङ | १२ | १० | २२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | सुनसरी | ८ | ६ | १४ |
| ७ | धनकुटा | २ | ४ | ६ |
| ८ | तेह्रथुम | २ | ० | २ |
| ९ | भोजपुर | २ | १ | ३ |
| १० | संखुवासभा | २ | २ | ४ |
| ११ | उदयपुर | ४ | ३ | ७ |
| १२ | ओखलढुंगा | २ | ० | २ |
| १३ | खोटाङ | २ | १ | ३ |
| १४ | सोलुखुम्बु | २ | ० | २ |
| | जम्मा | ५३ | ३७ | ९० |

***नोट :*** *जम्मा ९३ सदस्य मध्येबाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट १ र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट २ सदस्यहरु रिक्त भई हाल जम्मा ९० जना सदस्य कायम रहेका छन् ।*

# प

# रि

# च्छे

# द

# -

# २

## प्रदेश सभाको ५ वर्षे कार्यानुभव

### सभामुखको निर्वाचन

प्रदेश नं. १ प्रदेश सभाको सभामुखको लागि निर्वाचन हुँदा नेकपा एमाले दलको प्रतिनिधित्व गर्दै मिति २०७४ मार्ग २१ गते सम्पन्न निर्वाचनबाट सुनसरी निर्वाचन क्षेत्र नं. १/१ बाट प्रत्यक्ष तर्फ निर्वाचित हुनु भएका साविक संखुवासभा, चन्दनपुरमा पिता कुलमणि भण्डारी र माता मोहन कुमारी

भण्डरीबाट २०११ सालमा जन्म भई हाल धरान उप-महानगरपालिका वडा नं. १३ मा स्थायी बसोबास गर्नु हुने माननीय प्रदीप कुमार भण्डारीले सभामुख पदमा निर्वाचित गरियोस् भन्ने एकमात्र प्रस्ताव मिति २०७४/१०/२८ मा प्रस्तुत गर्नु भएको । उक्त प्रस्तावको प्रस्तावकमा माननीय तुलसी प्रसाद न्यौपाने र समर्थकमा माननीय लछुमन तिवारी रहनु भएको थियो ।

प्रदेश सभाको सभामुख र उप-सभामुखको निर्वाचन हुनु अगाडि प्रदेश सभाका ज्येष्ठ सदस्य माननीय ओम प्रकाश सरावगीको अध्यक्षतामा बैठक बसेको थियो ।

मिति २०७४/१०/२८ गते सभामुखमा निर्वाचित भएपश्चात मिति २०७४/१०/२९ गते प्रदेश प्रमुख माननीय डा. गोविन्द वहादुर तुम्बाहाम्फे समक्ष शपथ ग्रहण गरेपश्चात पद वहाली गर्नु भएको ।

## उप-सभामुखको निर्वाचन

प्रदेश नं. १ प्रदेश सभाको उप सभामुखको लागि निर्वाचन हुदा नेकपा (माओवादी) केन्द्र दलको प्रतिनिधित्व गर्दै मिति २०७४ मार्ग २१ गते सम्पन्न निर्वाचनमा समानुपातिक प्रणालीबाट निर्वाचित हुनु भएको प्युठान जिल्ला, ओखरकोट वडा नं. ७ मा पिता नारायण प्रसाद पोखरेल र माता ओमकला पोखरेलबाट २०३२ सालमा जन्म भई हाल ईटहरी उप-महानगरपालिका वडा नं. ५ मा स्थायी बसोबास गर्नु हुने माननीय सरस्वती पोखरेल उप सभामुख पदमा निर्वाचित गरियोस भन्ने एकमात्र प्रस्ताव मिति २०७४/११/२ मा प्रस्तुत गर्नु भएको । उक्त प्रस्तावको प्रस्तावकमा माननीय रामकुमार राई र समर्थकमा माननीय इन्द्रमणी पराजुली रहनु भएको थियो ।

प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि २०७४ बमोजिम मिति २०७४/१०/२९ गते ४.३० मा प्रदेश सभा सचिवालयबाट जारी सूचनामा माननीय सभामुखज्यू ले मिति २०७४/११/३ गते विहीबार दिनको १ वजे उप सभामुखको निर्वाचन गर्ने गरी मिति र समय निर्धारण गर्नु भए बमोजिम मिति २०७४/ ११/२ गते विहान १० वजे देखि ३ वजेसम्म उप सभामुख पदमा निर्वाचित गरियोस भनी प्रस्ताव दर्ता गर्ने र सोही दिन अपरान्ह ४ वजे दर्ता भए अनुसारका नामावली प्रकाशन गर्ने । त्यस्तो नामावलीलाई प्रदेश सभाको बैठकमा प्रस्तावकले प्रस्तुत गर्ने र समर्थकले समर्थन गर्ने र दर्ता भएका प्रस्तावहरु माथि मिति २०७४/११/३ गतेका दिन दिनको १ वजे प्रस्तावहरु निर्णयार्थ प्रस्तुत भएको । सोही दिन निर्वाचन प्रक्रिया सम्पन्न भए पछि माननीय सरस्वती पोखरेलले माननीय सभामुख समक्ष शपथग्रहण गरी पद वहाली गर्नु भएको ।

## समिति सभापतिको निर्वाचन

प्रदेश सभा नियमावली २०७४ को नियम १३४ बमोजिम प्रदेश सभाको विषयगत समितिको सभापतिको निर्वाचन मिति २०७५/१२/२२ गते प्रकाशित निर्वाचन कार्यक्रम अन्तरगत मिति २०७५/१२/२१ गतेका दिन विहान १० वजेदेखि वेलुका ५ वजेसम्म उम्मेदवारी दर्ताको समयावधि तोकिएकोमा निर्धारित मिति र समय भित्र देहाय बमोजिमको उम्मेद्वारी पर्न आएको भनि मिति २०७५/१२/२१ गते वेलुका ६.०० वजे प्रकाशित अन्तिम नामावलीको सूचि ।

- **न्याय, प्रशासन तथा विधायन समिति**

प्रस्ताव दर्ता मिति - २०७५/१२/२१
समय - २.३५ वजे
उम्मेदवारको नाम - माननीय इन्द्रमणी पराजुली
राजनीतिक दल - नेपाल कम्न्युनिष्ट पार्टी (नेकपा)
लिङ्ग - पुरुष
प्रस्तावक - माननीय सावित्री जोशी
समर्थक - माननीय विमल कार्की

- **सुशासन तथा तथा योजना समिति**

प्रस्ताव दर्ता मिति - २०७५/१२/२१
समय - २.३५ वजे
उम्मेदवारको नाम - माननीय अर्जुन राई
राजनीतिक दल - नेपाल कम्न्युनिष्ट पार्टी ( नेकपा)
लिङ्ग - पुरुष
प्रस्तावक - माननीय गुलेफुन खातुन
समर्थक - माननीय धिरेन्द्र शर्मा

- **अर्थ समिति**

प्रस्ताव दर्ता मिति - २०७५/१२/२१
समय - २.२६ वजे
उम्मेदवारको नाम - माननीय मोहन कुमार खडका

राजनीतिक दल - नेपाल कम्न्युनिष्ट पार्टी ( नेकपा)
लिङ्ग - पुरुष
प्रस्तावक - माननीय यशोदा अधिकारी
समर्थक - माननीय राम कुमार राई

- **सार्वजनिक लेखा समिति**

प्रस्ताव दर्ता मिति - २०७५/१२/२१
समय - १.५० वजे
उम्मेदवारको नाम - माननीय शिवनारायण गनगाँई
राजनीतिक दल - नेपाली काँग्रेस
लिङ्ग - पुरुष
प्रस्तावक - माननीय सन्जा कुमारी दनुवार
समर्थक - माननीय लोक प्रसाद संग्रौला

- **सामाजिक विकास समिति**

प्रस्ताव दर्ता मिति - २०७५/१२/२१
समय - २.३५ वजे
उम्मेदवारको नाम - माननीय सरिता थापा
राजनीतिक दल - नेपाल कम्न्युनिष्ट पार्टी ( नेकपा)
लिङ्ग - महिला
प्रस्तावक - माननीय राजेन्द्र राई
समर्थक - माननीय कला घले

- **उद्योग, पर्यटन तथा वातावरण समिति**

प्रस्ताव दर्ता मिति - २०७५/१२/२१
समय - २.३७ वजे
उम्मेदवारको नाम - माननीय सीता थेवे
राजनीतिक दल - नेपाल कम्न्युनिष्ट पार्टी (नेकपा)
लिङ्ग - महिला
प्रस्तावक - माननीय लिलम बस्नेत
समर्थक - माननीय काजीमान कागते

- **प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समिति**

| | |
|---|---|
| प्रस्ताव दर्ता मिति | - २०७५/१२/२१ |
| समय | - २.२८ वजे |
| उम्मेदवारको नाम | - माननीय सर्वध्वज साँवा |
| राजनीतिक दल | - नेपाल कम्न्युनिष्ट पार्टी ( नेकपा) |
| लिङ्ग | - पुरुष |
| प्रस्तावक | - माननीय विना देवी राई |
| समर्थक | - माननीय उपेन्द्र प्रसाद घिमिरे |

यसरी मिति २०७५/१२/२२ गते सबै समितिमा समितिका ज्येष्ठ सदस्यको सभापतित्वमा बैठक संचालन भई विधिवतरुपमा सभापतिको पदमा निर्विरोध निर्वाचित भएको घोषणा भएको । निर्वाचित समितिका माननीय सभापतिज्यूहरुले माननीय सभामुख समक्ष मिति २०७५/१२/२४ गते शपथग्रहण गरी मिति २०७५/१२/२५ गते सबै समितिहरुको पहिलो बैठक बसी नियमित रुपमा कार्यसञ्चालन भई आएको छ ।

## कार्यव्यवस्था समितिको गठन

### कार्यव्यवस्था तथा परामर्श समितिको गठन

प्रदेश सभा संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन माननीय सभामुखज्यूको अध्यक्षतामा बढीमा ११ जना कार्यव्यवस्था तथा परामर्श समिति गठन गर्ने प्रदेश सभा नियमावली, २०७४ (संशोधनसमेत) को नियम १३ बमोजिम मिति २०७४/११/१३ गते तत्कालिन प्रदेश सभा सदस्यहरुको सर्वदलीय बैठकको निर्णयबाट तत्कालिन माननीय सभामुख अध्यक्ष, माननीय उपसभामुख र आन्तरिक मामिला तथा कानून मन्त्री पदेन सदस्य रहने गरी ११ सदस्यीय कार्यव्यवस्था तथा परामर्श समिति गठन गरियो । उक्त परामर्श समितिको पहिलो बैठक मिति २०७४१/१२/७ गते बसेको थियो भने अन्तिम बैठक मिति २०७९/५/१७ गते बसेको थियो । प्रदेश सभाको पहिलो ५ बर्षे कार्यकालमा जम्मा ६० वटा कार्यवस्था तथा परामर्श समितिको बैठक बसेको थियो ।

### कार्यव्यवस्था तथा परामर्श समितिको विवरण

| क्र.सं. | सदस्यहरुको नाम थर | पद | राजनीतिक दल | कै. |
|---|---|---|---|---|
| १ | माननीय प्रदीप कुमार भण्डारी | सभामुख/अध्यक्ष | | |

| | | | | |
|---|---|---|---|---|
| २ | माननीय सरस्वती पोखरेल | उपसभामुख/सदस्य | | |
| ३ | माननीय हिक्मत कुमार कार्की | मन्त्री/सदस्य | नेपाल कम्युनिष्ट पार्टी | |
| ४ | माननीय इन्द्रमणी पराजुली | सदस्य | नेपाल कम्युनिष्ट पार्टी | |
| ५ | माननीय बुद्धिकुमार राजभण्डारी | सदस्य | नेपाल कम्युनिष्ट पार्टी | |
| ६ | माननीय जसमाया गजमेर (बिश्वकर्मा) | सदस्य | नेपाल कम्युनिष्ट पार्टी | |
| ७ | माननीय मोहन कुमार खड्का | सदस्य | नेपाल कम्युनिष्ट पार्टी | |
| ८ | माननीय केदार कार्की | सदस्य | नेपाली काँग्रेस | |
| ९ | माननीय जयराम यादव | सदस्य | जनता समाजवादी पार्टी, नेपाल | |
| १० | माननीय इन्दिरा राई | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| ११ | माननीय बिष्णु तुम्बाहाम्फे | सदस्य | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | |

देशको परिस्थिति तथा पछिल्लो चरणमा भएको राजनीतिक दलहरुमा आएको परिवर्तन एवं प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने राजनीतिक दलहरुको निर्णयानुसार उल्लिखित कार्यव्यवस्था तथा परामर्श समितिमा केही फेरवदल गरिएको थियो । मिति २०७५/१०/१८ गते माननीय मोहन कुमार खड्काको स्थानमा माननीय सीता देवी थेबे जबेगुलाई सदस्यमा चयन गरिएको थियो । यसैगरी पदेन सदस्य बाहेक बिचबिचमा भएको प्रदेश सरकारको परिवर्तन तथा राजनीतिक दलको परिवर्तन एवं गठबन्धनको प्रदेश सरकार गठन पश्चात पुनः कार्यव्यवस्था तथा परामर्श समितिमा हेरफेर भएको थियो । जसलाई निम्नानुसार राखिएको छः-

| क्र.सं. | सदस्यहरुको नाम थर | पद | राजनीतिक दल | कै. |
|---|---|---|---|---|
| १ | माननीय प्रदीप कुमार भण्डारी | सभामुख/अध्यक्ष | | |
| २ | माननीय सरस्वती पोखरेल | उपसभामुख/सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | माननीय केदार कार्की | मन्त्री/सदस्य | नेपाली काँग्रेस | |
| ४ | माननीय इन्द्रमणी पराजुली | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| ५ | माननीय बुद्धिकुमार राजभण्डारी | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| ६ | माननीय जसमाया गजमेर (बिश्वकर्मा) | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| ७ | माननीय सुर्यमाराज राई | सदस्य | नेपाली काँग्रेस | |
| ८ | माननीय झलक बहादुर मगर | सदस्य | नेकपा (माओबादी केन्द्र) | |
| ९ | माननीय उपेन्द्र प्रसाद घिमिरे | सदस्य | नेकपा (एकीकृत समाजवादी) | |
| १० | माननीय जयराम यादव | सदस्य | जनता समाजवादी पार्टी नेपाल | |
| ११ | माननीय इन्दिरा राई | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| १२ | माननीय बिष्णु तुम्बाहाम्फे | सदस्य | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | |

## प्रदेश राजधानी कायम

मिति २०७६/१/१५ गतेको प्रदेश सभाको तेश्रो अधिवेशनको ३३ औं बैठकमा माननीय सभामुखद्धारा प्रदेश नं. १ को प्रदेश सभा नियमावली ( पहिलो संशोधनसहित) २०७४ को नियम ५८ (क) बमोजिम प्रदेशको स्थायी राजधानी तोक्ने सम्वन्धि प्रस्ताव र सोही नियमावलीको नियम ५८ (ख) बमोजिम प्रदेशको नामाकरण सम्वन्धि प्रस्ताव मिति २०७६/१/१९ गते भित्र पेश गर्ने सम्वन्धि सूचना दिन प्रदेश सभा सचिवलाई आदेश भए बमोजिम प्रदेश सभा सचिव श्री गोपाल प्रसाद पराजुलीद्धारा सोही दिन मिति २०७६/१/१५ गते सूचना प्रकाशित भएको । मिति २०७६/१/१९ गतेसम्म सोही बमोजिमको कुनै प्रस्ताव दर्ता नभएपछि पुनः मिति २०७६/१/२२ गतेसम्म दर्ता समय दिएको ।

मिति २०७६/१/२२ गते प्रदेश नं. १ को प्रदेश सभा नियमावली (पहिलो संशोधनसहित) २०७४ को नियम ५८ ( क) बमोजिम प्रदेशको स्थायी राजधानी तोक्ने सम्वन्धि प्रस्तावमा माननीय लिला सुब्बा प्रस्तावक भई माननीय प्रताप प्रकाश हाङगाम र माननीय राम चन्द्र लिम्बु समर्थक भई प्रदेश सभाको स्थायी राजधानीको लागि धनकुटा प्रस्ताव दर्ता गर्नु भएको ।दोश्रो दर्ता माननीय निरन राई प्रस्तावक भई माननीय इन्द्रमणी पराजुली र माननीय कुसुम श्रेष्ठ समर्थक भएर प्रदेशको स्थायी राजधानीको लागि धनकुटा प्रस्ताव दर्ता गराउनु भएको ।तेश्रो दर्ता माननीय केदार कार्की प्रस्तावक भई माननीय शिवनारायण गनगाई र माननीय जयराम यादव समर्थक भई प्रदेशको स्थायी राजधानीको लागि विराटनगर प्रस्ताव दर्ता गर्नु भएको । चौथो दर्ता माननीय बुद्धिकुमार राजभण्डारी प्रस्तावक भई माननीय लिलम बस्नेत, माननीय विजय कुमार विश्वास, माननीय राजकुमार ओझा र माननीय विमल कार्की समेत समर्थक भई प्रदेशको स्थायी राजधानीको लागि विराटनगर (कार्यपालिका र व्यवस्थापिका लगायतका अन्य संरचनाहरु वृहत् विराट क्षेत्र अन्तर्गत विराटनगर, इटहरी र सुन्दरहरैचा क्षेत्र आसपासमा रहनेछ) भन्ने  प्रस्ताव दर्ता गर्नु भएको ।

मिति २०७६/१/२३ गते बिहान ८ बजे कार्य व्यवस्था परामर्श समितिको बैठक बसी सोही दिनको प्रदेश सभाको ३५ औं बैठकमा दर्ता भएको प्रस्तावलाई सभामा पेश गर्ने निर्णय भएको । माननीय लिला सुब्बा र माननीय निरन राई प्रस्तावक भई पेश गर्नु भएको प्रदेश नं. १ को  प्रदेश सभा नियमावली (पहिलो संशोधनसहित) २०७४ को नियम ५८ (क) बमोजिम प्रदेशको स्थायी राजधानी तोक्ने सम्वन्धी प्रस्ताव प्रदेश नं. १ को  प्रदेश सभा नियमावली (पहिलो संशोधनसहित) २०७४ को नियम ५३ ( १) बमोजिम फिर्ता लिएको विषय लिखित रुपमा सभामुखलाई प्रस्तुत र सभामुखद्धारा स्वीकृत गरिएको ।

मिति २०७६/१/२३ गते बसेको प्रदेश सभाको तेश्रो अधिवेशनको ३५औं बैठकमा सभामुखद्धारा माननीय केदार कार्कीलाई संक्षिप्त मनतव्यसहित प्रदेशको राजधानी सम्वन्धी प्रस्ताव सभामा प्रस्तुत गर्ने अनुमति माग्ने प्रस्ताव पेश गर्न दिँदा माननीय केदार कार्कीले संक्षिप्त मन्तब्य प्रस्तुत गरे पछि प्रस्ताव फिर्ता लिनु भएको । तत्पश्चात सभामुखद्धारा माननीय बुद्धिकुमार राजभण्डारीलाई संक्षिप्त मन्तव्यसहित प्रदेशको राजधानी सम्वन्धी प्रस्ताव सभामा प्रस्तुत गर्ने अनुमति माग्ने प्रस्ताव पेश गर्न दिई उक्त प्रस्ताव निर्णयार्थ पेश हुँदा बहुमतद्धारा पारित भएको । उक्त प्रस्तावमा माननीय इन्दिरा राई माननीय जयराम यादव र माननीय विष्णु तुम्वहाम्फेले छलफलमा भाग लिनु भई माननीय बुद्धिकुमार राजभण्डरीले छलफलमा उठेका प्रश्नको जवाफ दिनु भएको ।

सभामुखको अनुमतिमा प्रदेश नं. १ को प्रदेश सभा नियमावली (पहिलो संशोधनसहित) २०७४ को नियम १९७ (१) बमोजिम प्रदेश नं. १ को प्रदेश सभा नियमावली (पहिलो संशोधनसहित) २०७४ को नियम ५८ (क) को १० देखि १६सम्म निलम्वन गरियोस् भन्ने प्रस्ताव माननीय बुद्धिकुमार राजभण्डारीले प्रस्तुत गर्नु भई माननीय जयराम यादवले समर्थन गरे पश्चात सभामुखद्धारा निर्णयार्थ प्रस्तुत गर्नु हुदा सर्वसम्मत पारित भएको ।

यसैगरी सभामुखको अनुमतिमा प्रदेश नं. १ को प्रदेश सभा नियमावली (पहिलो संशोधनसहित) २०७४ को नियम ५८ ( क) १७ बमोजिम माननीय बुद्धिकुमार राजभण्डारीद्धारा प्रदेश नं. १ को राजधानी प्रस्तावित स्थान विराटनगर तोकियोस् भनि प्रस्ताव पेश हुँदा हस्ताक्षरद्वारा मत विभाजन भई प्रस्तावित राजधानीको पक्षमा तत्काल कायम रहेको सदस्य संख्या ९३ मध्ये ८६ (छयासी) मत प्राप्त भएको र विपक्षमा ० (शुन्य) मत प्राप्त भएको ।

तत्पश्चात सभामुखद्धारा माननीय बुद्धिकुमार राजभण्डारीले प्रदेश नं. १ को राजधानी विराटनगर रहने छ (कार्यापालिका, व्यवस्थापिका लगायतका अन्य संरचनाहरु वृहत विराट क्षेत्र अन्तर्गत विराटनगर, इटहरी र सुन्दरहरैचा क्षेत्र आसपासमा रहनेछ) भन्ने प्रस्तावको पक्षमा प्रदेश सभामा तत्काल कायम रहेको सदस्य सङख्याको दुई तिहाइ बहुमत प्राप्त भएकोले नेपालको संविधानको धारा २८८ (२) र प्रदेश नं. १ प्रदेश सभा नियमावली (पहिलो संशोधनसहित) २०७४ को नियम ५८ (क) बमोजिम उक्त प्रस्ताव पारीत भएको घोषणा गर्नु भएको ।

## प्रदेश सभाको ५ वर्षको खर्चको अवस्था

नेपालको संविधान, २०७२ ले राज्य सञ्चालनका लागि राज्यशक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय संरचनामा गरेको छ। तीन तहका संघीय संरचना मध्ये संघमा न्यायपालिका, व्यवस्थापिका तथा कार्यपालिकाको संवैधानिक व्यवस्था रहेको छ भने प्रदेशमा प्रदेश सभा र कार्यपालिकाको व्यवस्था गरेको छ। स्थानीय तहमा स्थानीय व्यवस्थापिकाको रुपमा गाउँसभा र नगरसभाको व्यवस्था गरेको छ।

सोही अनुरुप प्रदेश सभा प्रदेश नं. १ को प्रदेश व्यवस्थापिकाको रुपमा एक सदनात्मक प्रदेश सभाको गठन गरिएको छ। प्रदेशसभा प्रदेश नं. १ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ५६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ३७ जना गरी जम्मा ९३ जना प्रदेश सभा सदस्य रहेका छन्।

प्रदेश सभाको कामकारवाही सु-सञ्चालनका लागि संविधानको धारा १७६ बमोजिम मिति २०७४ माघ १७ गते साविक जिल्ला समन्वय समिति, विराटनगरको भवनमा प्रदेश सभा सचिवालय स्थापना भएको र मिति २०७४ माघ २२ गते प्रदेश सभाको पहिलो बैठक बसी प्रदेश सभाको प्रारम्भ भएको हो।

प्रदेश सभामा प्रतिनिधित्व गर्नुभएका प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको सुविधाका लागि प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ ले व्यवस्था बमोजिम रहेको छ। प्रदेश सभाका प्रदेश सभा पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धित माननीयहरुको बैंक खातामा जम्मा हुने व्यवस्था गरिएको छ। साथै पदाधिकारी तथा सदस्यहरुको सचिवालयका कर्मचारी तथा स्वकीय सचिवहरुको पारिश्रमिक सुविधासमेत निजहरुको बैक खातामा जम्मा हुने व्यवस्था गरिएको छ।

यहाँ प्रदेश सभाको पहिलो कार्यकाल ०७४/०७५ देखि ०७९/०८० आश्विन १ गतेसम्म प्रदेशसभा तथा प्रदेश सभा सचिवालयतर्फ भएको कुल खर्च विवरण पेश गरिएको छ।

आ.व. २०७४/७५ देखि २०७९/८० भाद्र महिनासम्मको खर्च विवरण

| qm=; = | jflif{s ah]^ | vr{ | vr{ k\|ltzt | cfj | s}lkmot |
|---|---|---|---|---|---|
| १ | ८०२४९०००.०० | ५८८८३८२५.३४ | ७३.३७६ | 2074/75 | rfn' |
| २ | २५२७८९५७६.०० | १५३३४९९१६.९९ | ६०.६६३ | 2075/76 | |
| ३ | ३०११५७०००.०० | १९८९५७६८३.९४ | ६६.०६ | 2076/77 | |
| ४ | १८८५०५०००.०० | १७०१८७२०६.३९ | ९०.२८ | 2077/78 | |
| ५ | २०१८३४०००.०० | १८५३१५३०९.३६ | ९१.८१ | 2078/७९ | |
| ६ | २३७४३५०००.०० | ४१२६६४३८.०० | १७.३८ | 2079/80 | |
| | १२६१९६९५७६.०० | ८०७९६०३८०.०२ | ६४.०२ | hDdf | |
| १ | ४०१५५०००.०० | ३१०२६२००.०० | ७७.२७ | 2074/75 | पूँजीगत |
| २ | १२२६६५०००.०० | १११९७५१७३.२० | ९०.६३ | 2075/76 | |
| ३ | ४२९१७०००.०० | २१४७१०९९.०० | ५०.०३ | 2076/77 | |
| ४ | ४६५३१०००.०० | ३७५१७८१२.०० | ८०.६३ | 2077/78 | |
| ५ | २०१५००००.०० | १४४६६४४१.०० | ७१.७९ | 2078/७९ | |

| qm=; = | jflif{s ah]^ | vr{ | vr{ k\|ltzt | cfj | s}lkmot |
|---|---|---|---|---|---|
| ६ | १०३२०००००.०० | ३४१७७०१.०० | ३.३१ | 2079/80 | |
| | ३७५६१८०००.०० | २१९०७४४२६.२० | ५८.३२ | hDdf | |
| | १६३७५८७५७६.०० | १०२७०३४८०६.२२ | ६२.७२ | s'n hDdf | |

प्रदेश सभा तथा प्रदेश सभा सचिवालय स्थापना भएदेखि पहिलो पाँच वर्षे अवधि २०७९ भाद्रसम्मको चालु बजेट रु. १,२६,१९,६९,५७६/- मध्ये रु. ८०,७९,६०,३८०/- खर्च भै करिव ६४ प्रतिशत खर्च भएको छ। त्यसैगरी पूँजीगत बजेट रु. ३७,५६,१८,०००/- मध्ये रु. २१,९०,७४,४२६/- खर्च भई करिव ५८.३२ प्रतिशत खर्च भएको छ भने चालु र पूँजीगत बजेट रु. १,६३,७५,८७,५७६/- मध्ये रु. १,०२,७०,३४,८०६/- खर्च भई करिब ६२.७२ प्रतिशतले खर्च भएको देखिन्छ।

यो हिसाबले प्रति वर्ष करिव रु. २०,५४,०६,९६१/- का दरले प्रदेश सभा पदाधिकारी, प्रदेश सभा सदस्य, सचिवालयका कर्मचारी, स्वकीय सचिव, प्रदेश सभा सचिवालयका कर्मचारीको पारिश्रमिक, सुविधा, कार्यालय सञ्चालन जस्ता चालु प्रकृतिका खर्च र सभा तथा सचिवालय तर्फको भौतिक पूर्वाधार निर्माण लगायत पूँजीगत तर्फको खर्च भएको देखिन्छ।

प

रि

च्छे

द

-

३

# प्रदेश सभाको वैठक

## प्रदेश सभाको अधिवेशन

तत्कालिन प्रदेश प्रमुख माननीय गोविन्द बहादुर तुम्बाहाङज्यूबाट प्रदेश सभाका ज्येष्ठ सदस्य माननीय ओमप्रकाश सरावगीलाई मिति २०७४/१०/७ गते पद तथा गोपनीयताको शपथग्रहण गराईसकेपछि माननीय

ओमप्रकाश सरावगीज्यूबाट प्रदेश सभासदस्यहरुलाई शपथ गराउनु भएको थियो । पद तथा गोपनीयताको शपथ ग्रहण पछि मिति २०७९/१०/२२ गतेबाट सभाको पहिलो हिउँदे अधिवेशनको पहिलो बैठक ज्येष्ठ सदस्य माननीय ओम प्रकाश सरावगीको अध्यक्षतामा बसेको थियो । प्रदेश सभाको दशौं तथा बजेट अधिवेशन मिति २०७९/५/१७ गते अन्त्य भए सँगै प्रदेश सभाको पाँचबर्षे कार्यकालमा हिउँदे अधिवेशन र बर्खे अधिवेशन गरेर जम्मा १० वटा अधिवेशनहरु सम्पन्न भएका छन् ।

जसको सारसंक्षेप विवरण देहाय बमोजिम रहेको छः

## पहिलो अधिवेशन

- प्रारम्भ मिति : २०७४ माघ २२
- समापन मिति : २०७५ बैशाख २६
- बैठक संख्या : २२ (३९)
- बैठक समय : २७ घण्टा २९ मिनेट
- जम्मा दर्ता विधेयक : ११ वटा
- जम्मा पारित विधेयक : ११ वटा

## दोश्रो अधिवेशन

- प्रारम्भ मिति : २०७५ ज्येष्ठ १७
- समापन मिति : २०७५ असोज २३
- बैठक संख्या : ५१
- बैठक समय : ६० घण्टा २५ मिनेट
- जम्मा दर्ता विधेयक : १२ वटा
- जम्मा पारित विधेयक : १२ वटा

## तेश्रो अधिवेशन

- प्रारम्भ मिति : २०७५ माघ २०
- समापन मिति : २०७६ बैशाख २३
- बैठक संख्या : ३५
- बैठक समय : ३० घण्टा २० मिनेट
- जम्मा दर्ता विधेयक : ९ वटा

- जम्मा पारित विधेयक : ६ वटा

## चौथो अधिवेशन

- प्रारम्भ मिति : २०७६ ज्येष्ठ १३
- समापन मिति : २०७६ असोज ८
- बैठक संख्या : ५४
- बैठक समय : ६३ घण्टा १६ मिनेट
- जम्मा दर्ता विधेयक : ११ वटा
- जम्मा पारित विधेयक : १४ वटा

## पाँचौं अधिवेशन

- प्रारम्भ मिति : २०७६ माघ २३
- समापन मिति : २०७६ चैत्र ०६
- बैठक संख्या : २२
- बैठक समय : १८ घण्टा ३९ मिनेट
- जम्मा दर्ता विधेयक : ६ वटा
- जम्मा पारित विधेयक : १ वटा

## छैटौं अधिवेशन

- प्रारम्भ मिति : २०७७ ज्येष्ठ १४
- समापन मिति : २०७७ साउन ९
- बैठक संख्या : ३७
- बैठक समय : ६४ घण्टा २३ मिनेट
- जम्मा दर्ता विधेयक : ५ वटा
- जम्मा पारित विधेयक : १० वटा

## सातौं अधिवेशन

- प्रारम्भ मिति : २०७७ माघ ७
- समापन मिति : २०७८ बैशाख ५

- बैठक संख्या : ८
- बैठक समय : २ घण्टा २३ मिनेट
- जम्मा दर्ता विधेयक : १ वटा

## आठौं अधिवेशन

- प्रारम्भ मिति : २०७८ ज्येष्ठ २४
- समापन मिति : २०७८ साउन २३
- बैठक संख्या : २८
- बैठक समय : ४० घण्टा ४७ मिनेट
- जम्मा दर्ता विधेयक : ५ वटा
- जम्मा पारित विधेयक : ३ वटा

## नवौं अधिवेशन

- प्रारम्भ मिति : २०७८ असोज २२ गते
- समापन मिति : २०७८ चैत्र १३ गते
- बैठक संख्या : १२
- बैठक समय : १० घण्टा २१ मिनेट
- जम्मा दर्ता विधेयक : २ वटा
- जम्मा पारित विधेयक : १ वटा

## दशौं अधिवेशन

- प्रारम्भ मिति : २०७९ ज्येष्ठ १६ गते
- समापन मिति : २०७९ भाद्र १७ गते
- बैठक संख्या : २५
- बैठक समय : ४८ घण्टा ४२ मिनेट
- जम्मा दर्ता विधेयक : २ वटा
- जम्मा पारित विधेयक : ४ वटा

प्रथम अधिवेशनदेखि दशौं अधिवेशनसम्ममा प्रदेश सभा बसेको जम्मा बैठक संख्या र बैठक समयको विवरण

- जम्मा बैठक संख्या २९४ वटा
- जम्मा बैठक समय ३६६ घण्टा ४५ मिनेट

## शुन्य समय, विशेष समय तथा सैद्धान्तिक छलफल

सभाको बैठकमा आफ्नो गरिमामय उपस्थिति जनाई जनचासोका विषय, विकास समृद्धिका विषय तथा नीति योजना र बजेट आदिका विषयमा आवाजहरु उठाएर सरकारलाई सचेत गराउने र सुझाब दिने सन्दर्भलाई हेर्दा चालू अधिवेशनको चौबिसौं बैठकसमेत गरेर शुन्य समयमा ८८५ पटक, बिशेष समयमा ५६ पटक, दलको तर्फबाट ६४ पटक र बिधेयक माथिको सैद्धान्तिक छलफलमा १०८२ पटक प्रदेश सभा सदस्यहरुले सभामा बोल्नु भएको देखिन्छ ।

प

रि

च्छे

द

-

४

# नियमावली मस्यौदा समिति गठन

## प्रदेश सभा नियमावली मस्यौदा समिति गठन

नेपालको संविधान धारा १९४ बमोजिम प्रदेश सभा संचालन तथा व्यवस्थापनका लागि प्रदेश सभा नियमावलीको मस्यौदा गर्नुपर्ने तत्कालिन पहिलो आवश्यकतालाई मध्येनजर गर्दै तत्कालिन प्रदेश

सभा सदस्यहरुको सर्वदलीय बैठकको निर्णयबाट मिति २०७४/११/१३ गते प्रदेश नं. १ को प्रदेश सभा नियमावली मस्यौदा समिति गठन गर्‍यो । उक्त मस्यौदा समितिमा ११ सदस्यीय रहने गरी समिति गठन भएको थियोः-

## प्रदेश सभा नियमावली मस्यौदा समिति

| | | |
|---|---|---|
| १. | माननीय लिला बल्लभ अधिकारी | –संयोजक |
| २. | माननीय उत्तम कुमार बस्नेत | –सदस्य |
| ३. | माननीय एक राज कार्की | –सदस्य |
| ४. | माननीय साबित्रा कुमारी रेग्मी | –सदस्य |
| ५. | माननीय सूर्यमाराज राई | –सदस्य |
| ६. | माननीय शान्ता पौडेल | –सदस्य |
| ७. | माननीय झलक बहादुर मगर | –सदस्य |
| ८. | माननीय राम कुमार राई | –सदस्य |
| ९. | माननीय रामचन्द्र लिम्बु | –सदस्य |
| १०. | माननीय इन्दिरा राई | –सदस्य |
| ११. | माननीय बिष्णु तुम्बाहाम्फे | –सदस्य |

## नियम निलम्बन/अध्यादेश

प्रदेश सभाको अधिवेशनहरुमा प्रदेश सभा नियमावली, २०७४ (संशोधनसमेत) अनुसार बैठकमा पेश गरी निर्णय लिनुपर्ने बिषयहरुमा नियम बिपरीत हुन गई बाधा परेको अवस्थालाई कानूनी दायरा भित्र ल्याएर कानून बमोजिम निर्णय गर्नका लागि प्रदेश सभा नियमावली, २०७४ (संशोधनसमेत) को नियम १९७ बमोजिम केही नियमहरुलाई तत्कालको लागि निलम्बन गरिएको थियो । यसरी निलम्बन गरिएका नियमहरु यस प्रकार रहेका छन्ः

- प्रदेश सभा नियमावली, २०७४ (संशोधनसमेत) नियम ५८ (क) (१०) देखि (१६)सम्म निलम्बन गरिएको (प्रदेश नं. १ को राजधानीको स्थान कायम गर्ने प्रयोजनको लागि मात्र) –प्रस्तावक माननीय बुद्धीकुमार राजभण्डारी मिति २०७६/१/२३ गते

- प्रदेश सभा नियमावली, २०७४ (संशोधनसमेत) नियम ११८ को उपनियम (४) निलम्बन गरिएको (प्रदेश आर्थिक कार्यविधि दोश्रो संशोधन अध्यादेश, २०७८ बाट सोही ऐनको दफा ९ को उपदफा (१) र (२) लाई संशोधन गर्ने प्रयोजनको लागि मात्र) –प्रस्तावक माननीय बिमल कार्की मिति २०७८/२/२३ गते

ॐ

# परिच्छेद - ५

## निर्वाचन एवम् मन्त्रिपरिषद् गठन

### प्रदेश सरकारको गठन

प्रदेश नं. १ प्रदेश सरकारमा जम्मा ३ जना मुख्यमन्त्रीहरुको नेतृत्वमा सरकार गठन भएको छ । तत्कालिन नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा सरकारको मुख्यमन्त्रीको रुपमा मिति २०७४/११/२ गते प्रदेश सभा सदस्य माननीय शेरधन राई नियुक्त हुनु भएको थियो । मुख्यमन्त्री शेरधन राईको नेतृत्वमा

मिति २०७४/११/३ गते प्रदेश सरकारको मन्त्रिपरिषद्को गठन भएको थियो । तत् पश्चात मिति २०७६/१०/५ गते मन्त्रिपरिषद्मा राज्यमन्त्रीहरु थप गरिएका थिए भने फेरि मिति २०७७/१२/२७ गते मन्त्रिपरिषद्मा हेरफेर गरिएको थियो। मिति २०७८/५/१० गते मुख्यमन्त्री परिवर्तन गरी प्रदेश सरकार गठन गरिएको थियो । देशमा राजनीतिक उथलपुथल सँगै सम्मानित सर्वोच्च अदालको मिति २०७७/११/२३ गतेको फैसलाले राजनीतिक दल विभाजन पश्चात आएको राजनैतिक परिवर्तन सँगै प्रदेश नं. १ मा पनि गठबन्धनको नयाँ प्रदेश सरकार गठन भएको थियो ।

## तत्कालिन मुख्यमन्त्री माननीय श्री शेरधन राई नेतृत्वको मन्त्रिपरिषद्को विवरण

(मिति २०७४/११/३, मिति २०७६/१०/५ र मिति २०७७/१२/२७ गते विस्तार गरिएको)

| क्र.सं. | माननीय मन्त्रीहरुको नाम थर | पद | मन्त्रालयको जिम्मेवारी |
|---|---|---|---|
| १ | माननीय श्री शेरधन राई | मुख्यमन्त्री | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय र भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| २ | माननीय श्री हिक्मत कुमार कार्की | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | माननीय श्री इन्द्र बहादुर आङ्बो | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४ | माननीय श्री जीवन घिमिरे | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ५ | माननीय श्री जगदिश प्रसाद कुसियैत | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| मिति २०७६/१०/५ मा विस्तार गरिएको | | | |
| ६ | माननीय श्री राम बहादुर मगर | राज्यमन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ७ | माननीय श्री अम्बिर बाबु गुरुङ | राज्यमन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ८ | माननीय श्री जसमाया गजमेर (बिश्वकर्मा) | राज्यमन्त्री | समाजिक बिकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ९ | माननीय श्री बिजय कुमार बिश्वास | राज्यमन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| मिति २०७७/१२/२७ गते विस्तार गरिएको | | | |
| १ | माननीय श्री शेरधन राई | मुख्यमन्त्री | |
| २ | माननीय श्री हिक्मत कुमार कार्की | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | माननीय श्री इन्द्र बहादुर आङ्बो | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४ | माननीय श्री उषाकला राई | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ५ | माननीय श्री जगदिश प्रसाद कुसियैत | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६ | माननीय श्री राम बहादुर मगर | मन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ७ | माननीय श्री अम्बिर बाबु गुरुङ | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ८ | माननीय श्री राज कुमार ओझा | राज्यमन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ९ | माननीय श्री कला घले | राज्यमन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |

## तत्कालिन मुख्यमन्त्री माननीय श्री भीम आचार्य नेतृत्वको मन्त्रिपरिषद्को विवरण

(मिति २०७८/५/११ गते विस्तार गरिएको)

| क्र.सं. | माननीय मन्त्रीहरुको नाम थर | पद | मन्त्रालयको जिम्मेवारी |
|---|---|---|---|
| १ | माननीय श्री भीम प्रसाद आचार्य | मुख्यमन्त्री | |
| २ | माननीय श्री तुलसी प्रसाद न्यौपाने | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३ | माननीय श्री बल बहादुर साम्सोहाङ | मन्त्री | सामाजिक विकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ४ | माननीय श्री लछुमन तिवारी | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५ | माननीय श्री हिरा बहादुर थापा | मन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ६ | माननीय श्री उत्तम कुमार बस्नेत | राज्यमन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ७ | माननीय श्री ज्ञानेश्वर राजबंशी | राज्यमन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ८ | माननीय श्री लिलाबल्लभ अधिकारी | राज्यमन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

गठबन्दनका दलहरु (नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजबादी पार्टी नेपाल र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको संयुक्त नेतृत्वमा मिति २०७८/७/१६ गते नयाँ सरकारको गठन भएको (तत्कालिन ७ वटा मन्त्रालयहरु बिभाजन गरी १३ वटा मन्त्रालय कायम गरिएको)

## गठबन्धनको तर्फबाट मुख्यमन्त्री माननीय श्री राजेन्द्र कुमार राई नेतृत्वको मन्त्रिपरिषद्को विवरण

| क्र.सं. | माननीय मन्त्रीहरुको नाम थर | पद | मन्त्रालयको जिम्मेवारी |
|---|---|---|---|
| १ | माननीय श्री राजेन्द्र कुमार राई | मुख्यमन्त्री | |
| २ | माननीय श्री इन्द्र बहादुर आङ्बो | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३ | माननीय श्री राजन राई | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ४ | माननीय श्री हिमाल कार्की | मन्त्री | सडक पूर्वाधार तथा शहरी बिकास मन्त्रालय |
| ५ | माननीय श्री केदार कार्की | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ६ | माननीय श्री जयराम यादव | मन्त्री | स्वास्थ्य मन्त्रालय |
| ७ | माननीय श्री राम कुमार राई | मन्त्री | खानेपानी तथा उर्जा मन्त्रालय |
| ८ | माननीय श्री खिनुलङ्वा लिम्बु | मन्त्री | पर्यटन तथा संस्कृति मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ९ | माननीय श्री झलक बहादुर मगर | मन्त्री | कृषि मन्त्रालय |
| १० | माननीय श्री शेखरचन्द्र थापा | मन्त्री | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय |
| ११ | माननीय श्री ओम प्रकाश सरावगी | मन्त्री | भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| १२ | माननीय श्री प्रताप प्रकाश हाङ्गाम | मन्त्री | उद्योग, श्रम तथा रोजगार मन्त्रालय |
| १३ | माननीय श्री उपेन्द्र प्रसाद घिमिरे | मन्त्री | यातायात व्यवस्था तथा संचार मन्त्रालय |
| १४ | माननीय श्री बिष्णु तुम्बाहाम्फे | राज्यमन्त्री | सामाजिक बिकास मन्त्रालय |

## बिश्वासको मत

गठबन्धन नेतृत्वमा बनेको प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री राजेन्द्र कुमार राईले मिति २०७८/८/१ गते बसेको नवौं तथा हिउँदे अधिवेशनको छैटौं बैठकमा नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने स्पष्ट पार्न प्रदेश सभा नियमावली, २०७४ को नियम १२८ को उपनियम (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावलाई सोही नियमको  उपनियम (७) बमोजिम सदस्यको दस्तखतसहितको मत विभाजनद्वारा मत संकलन हुँदा प्रदेश सभामा तत्काल कायम रहेको जम्मा ९२ जना प्रदेश सभा सदस्यहरु मध्ये उक्त बैठकमा माननीय सभामुख बाहेक जम्मा ७९ (उनन्असी) जना माननीय सदस्यहरुको उपस्थितिमा मत बिभाजन भई बिश्वासको मतको पक्षमा अर्थात "हुन्छ" भन्ने पक्षमा माननीय सदस्यहरुको जम्मा ५० (पचास) मत, बिश्वासको मतको बिपक्षमा अर्थात "हुन्न" भन्ने पक्षमा जम्मा २९(उनन्तिस) मत र "मत दिन्न" भन्ने पक्षमा अर्थात तटस्थमा माननीय सदस्यहरुको जम्मा ० (शुन्य)  मत परेकोमा बिश्वासको मतको पक्षमा परेको जम्मा ५० (पचास) मत, प्रदेश नं. १ प्रदेश सभामा तत्काल कायम रहेको ९२ जना प्रदेश सभा सदस्य संख्याको बहुमत भएकोले माननीय मुख्यमन्त्री श्री राजेन्द्र कुमार राईले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नु भएको थियो ।

## धन्यवाद ज्ञापन तथा सभालाई संशोधन

प्रदेश नं.१ प्रदेश सभाको मिति २०७५/०२/२६ गते बसेको दोस्रो अधिवेशनको छैटौं बैठकमा तत्कालिन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले सभालाई संवोधन गर्नु भएको थियो । प्रदेश सभाको पहिलो अधिवेशनको प्रारम्भमा तथा प्रत्येक बजेट अधिवेशनमा प्रदेश सरकारका नीति तथा कार्यक्रम प्रदेश

नं. १ का तत्कालिन प्रदेश प्रमुखज्यूहरुले संवोधन गर्नु भएको थियो भने दशौं तथा बर्खे अधिवेशनमा प्रदेश सरकारको आ.व. २०७९/८० को नीति तथा कार्यक्रमलाई माननीय प्रदेश प्रमुख परशुराम खापुङ्गले संवोधन गर्नु भएको थियो । तत्पश्चात प्रदेश सरकारको सर्वसहमतबाट माननीय प्रदेश प्रमुखज्यूहरुलाई धन्यवादको प्रस्ताव पारित भएका थिए ।

प्रदेश नं. १ मा पहिलो पाँच बर्षे प्रदेश सभाको कार्यकालका माननीय प्रदेश प्रमुखहरुको विवरणः

| क.सं. | माननीय प्रदेश प्रमुखहरुको नाम थर | अवधि |
|---|---|---|
| १ | प्रा.डा. श्री गोविन्द बहादुर तुम्बाहाङ | मिति २०७४/१०/५ देखि २०७६/७/१७सम्म |
| २ | श्री सोमनाथ अधिकारी प्यासी | मिति २०७६/७/१८ देखि २०७८/७/२३सम्म |
| ३ | श्री परशुराम खापुङ्ग | मिति २०७८/७/२३ देखि हालसम्म |

ￌￌￌ

# परिच्छेद - ६

## विषयगत समिति (मिनी सांसद)

### प्रदेश सभा विषयगत समितिहरुको परिचय

नेपालको संविधान र संघीयता कार्यान्वयनको चरणमा संविधानले दिगो शान्ति, विकास, सुशासन र समृद्धिको संकल्प गरेको छ । यस संकल्पलाई पूरा गर्न संविधानले राज्यका संयन्त्रलाई संघ, प्रदेश र

स्थानीय तहमा विभाजन गरी संवैधानिक हक अधिकार प्रत्यायोजन गरेको छ । जसअनुसार संविधान र संघीयतालाई कार्यान्वयन गरी देशमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न प्रदेशले आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रका कार्यहरुलाई संवैधानिक र कानूनी दायराभित्र सम्पादन गरी जनतामा सुशासन, समृद्धि, कानूनी राज्य एवं दिगो विकास कायम गर्न संविधानको धारा १९३ तथा प्रदेश नं. १ प्रदेश सभा नियमावली (संशोधनसमेत), २०७४ को नियम १३१ बमोजिम प्रदेश नं. १ प्रदेश सभाको व्यवस्थापन कार्यप्रणालीलाई व्यवस्थित गर्न सातवटा विषयगत समितिहरुको गठन गर्न सकिने व्यवस्था रहेको छ । जस अनुसार पहिलो ५ बर्षे कार्यकालका लागि प्रदेश नं. १ को प्रदेश सभामा गठित सात वटा विषयगत समिति र तिनका कार्यक्षेत्रहरु यस प्रकार रहेका छन्ः-

## बिषयगत समितिको कार्यक्षेत्र र नामावली

| क्र.सं. | समितिको नाम | कार्यक्षेत्र | जम्मा सदस्य संख्या | उपसमिति विवरण |
|---|---|---|---|---|
| १ | न्याय, प्रशासन तथा विधायन समिति | आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रत्यायोजित विधायन, मुख्य न्यायाधिवक्ताको कार्यालयसमेत | १७ जना | १ |
| २ | सुशासन तथा योजना समिति | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, सुशासन अनुगमन तथा योजना | १३ जना | |
| ३ | अर्थ समिति | आर्थिक मामिला तथा योजना मन्त्रालय, बैंक, बित्त तथा विमा | ११ जना | |
| ४ | सार्वजनिक लेखा समिति | प्रदेशको सार्वजनिक लेखा सम्बन्धी | ११ जना | १ |
| ५ | सामाजिक विकास समिति | भूमि, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उपभोक्ता हित सम्बन्धी | १३ जना | |
| ६ | उद्योग, पर्यटन तथा वातावरण समिति | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | ११ जना | |

| | | | | |
|---|---|---|---|---|
| ७ | प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समिति | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्राकृतिक साधन श्रोत | ११ जना | |

उल्लिखित सातवटा समितिहरु मध्ये समितिमा सबैभन्दा धेरै १७ जना माननीय सदस्यहरु रहनु भएको न्याय प्रशासन तथा विधायन समिति ठूलो समितिको रुपमा रहेको थियो । उक्त समितिका सदस्य माननीय टंक आङ्बुहाङ (लिम्बु) को प्रदेश सभा सदस्य पद रिक्त पछि र प्रदेश सभा सदस्य समानुपातिक पदमा मिति २०७९/३/२१ गते समानुपातिक तर्फबाट माननीय हिमादेवी बस्नेतलाई निर्वाचन आयोगले नियुक्त गरेपश्चात प्रदेश सभाको मिति २०७९/४/२२ गतेको बैठकको निर्णयबाट विधान समितिमा सदस्यको रुपमा आएपछि जम्मा सदस्य संख्या १६ रह्यो । समितिको कार्यवोझलाई मध्येनजर गर्दै प्रदेश सभाबाट निर्माण भएका कानूनहरु र सो कानूनको जगमा निर्माण गरिएका प्रत्यायोजित कानून कार्यान्वयनको अवस्थालाई उप-समितिमार्फत अध्ययन अनुगमन गरी प्रदेश सरकारलाई मूल समितिमार्फत आवश्यक निर्देशन गर्ने गरी जम्मा पाँच सदस्यीय एउटा उपसमिति गठन भयो ।

यसरी प्रदेश सरकारलाई जबाफदेही बनाउन तथा विश्वमा प्रयोगमा रहेका संसदीय निगरानीको अभ्यासलाई आत्मसात गर्दै समितिले प्रभावकारी भूमिका निर्वाह गरी जवाफदेहीताको संस्कृति, बिधिको शासन, सुशासन र समृद्धि प्राप्तिका लागि कानून निर्माण तथा कार्यान्वयनको क्षेत्रमा समितिका काम कारवाहीहरुलाई निरन्तरता दिदै गर्दा बिश्वमाहामारीको रुपमा फैलिएको पहिलो, दोश्रो र तेश्रो चरणको चरणबद्ध घातक कोभिड-१९ का कारणले देशमा ठूलो जनधनको क्षति हुनगई प्रदेश नं. १ प्रदेश सभाको व्यवस्थापन विधि तथा सातैवटा बिषयगत समितिले तय गरेका २ आर्थिक बर्षका बार्षिक कार्ययोजना अनुरुपका कार्यक्रमहरु पूर्णरुपमा प्रभावित भई स्वतः स्फुर्तरुपमा संचालन हुन नसकेको भएतापनि समितिहरुले भर्चुअल माध्यमबाट बिधेयक निर्माण तथा कार्यान्वयनका सम्बन्धमा एवं सम्बन्धित सरोकारवाला मन्त्रालय, संस्था, व्यक्ति तथा निकायहरुसँग छलफल अन्तक्रिया कार्यक्रमहरु संचालन गर्न सफल भएको छ । कोभिड-१९ भन्दा अगाडिको समयमा संविधान र प्रदेश सभा नियमावली, २०७४ को अधिनमा रही सातैवटा बिषयगत समितिमा दफावार छलफलका लागि प्रवेश पाएका विधेयकहरुलाई बिधि र प्रकृयागत ढंगबाट सम्बन्धित विज्ञ, सरोकारवाला पक्ष तथा मन्त्रालयका माननीय मन्त्रीज्यू लगायत सम्बद्ध व्यक्तिहरुका विचमा घनीभूत छलफल गरी प्रतिवेदन साथ सभामा पेश गर्ने गरिएको अवस्था रहेको छ ।

अतः यस प्रदेशसभा स्थापनाकालदेखि हालसम्मको विधेयक सम्बन्धी रेकर्ड हेर्दा सातवटै बिषयगत समितिका प्रतिवेदन साथ पेश भएका बिधेयहरु समेत गरेर यस प्रदेश सभाले जम्मा ६२ वटा (६ वटा संशोधन विधेयक) विधेयकहरु पास भएका छन् भने ३ वटा बिधेयक बिचाराधिन अवस्था रहेकोमा प्रदेश सभाको आठौं तथा बजेट अधिवेशनबाट केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको बिधेयक, २०७८ समितिमा छलफलको क्रममा बिचाराधिन रहेकै अवस्थामा प्रदेश सरकारले उक्त संशोधन विधेयक फिर्ता लिएको र प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७९ समितिमा छलफल भएको अवस्था प्रदेशको पाँचबर्षे कार्यकालको अन्तिम अधिवेशन अन्त्य भई उक्त विधेयकको आयू समाप्त भएकोसमेत गरेर र प्रदेश सभामा जम्मा ६४ वटा विधेयकहरु (प्रदेश सभा नियमावली, २०७४ (संशोधनसमेत) दर्ता भएको देखिन्छ ।

## सातै वटा समितिहरुका पाँचबर्षका गतिविधिको तथ्याङ्कगत विवरण

प्रदेश नं. १ प्रदेश सभामा गठित सातै वटा बिषयगत समितिहरुले आ-आफ्नो कार्यक्षेत्रभित्र रहेर प्रदेश सरकारको कामको निगरानी तथा निर्देशन एवं अन्तर्रक्रिया छलफल र अन्तरप्रदेश भ्रमणहरु पाँच बर्षको अवधिमा सम्पन्न गरेको छ । त्यतिमात्रै होइन समितिहरुले सरोकारवाला पक्षहरुसँग समन्वय र सहकार्य गरी कोभिड-१९ को बाबजुद समितिका कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु गर्न सफल भएको छ । जस्तै प्रदेश नं. १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग जोडिएका प्रदेश सहयोग कार्यक्रम (PSP), प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP), कानून समाज, संघीय ससंद परियोजना युएनडिपी र सम्बन्धित अन्य संघ संस्थाहरुसँग केही महत्वपूर्ण र उपलब्धि मूलक कार्यक्रमहरु सम्पर्न गरेका छन् । यस सन्दर्भमा न्याय प्रशासन तथा विधायन समितिले १३७ वटा स्थानीय तहहरु मध्ये केही स्थानीय तहका जनप्रतिनिधिहरुसँग कानून निर्माण तथा कार्यान्वयनको अवस्था र संसदीय निगरानी सम्बन्धी विभिन्न गोष्ठीहरु समेत सम्पन्न गर्न तथा न्याय प्रशासन तथा विधायन उपसमितिले प्रत्यायोजित विधायनको मन्त्रालयगत तथ्याङ्क संकलन, अध्ययन अनुगमन गरी प्रत्यायोजित कानूनमा देखिएका बेथिति तथा समस्या र चुनौतीसमेतलाई उल्लेख गरी मूल समिति मार्फत सभामा प्रदेश सरकार र संघीय सरकारलाई निर्देशन दिन र समितिको अन्तिम कार्यकालतिर २०७९ सालको दोश्रो चरणमा भएको स्थानीय तहको निर्वाचनबाट नवनिर्वाचित प्रदेश नं. १ का केही स्थानीय पालिकाहरुमा प्रदेश कानून कार्यान्वयनको अवस्था, स्थानीय कानून निर्माण प्रकृया एवं प्रत्यायोजित विधायन सम्बन्धमा फलदायी,

समयसान्दर्भिक र उपलब्धीमुलक अन्तरक्रिया छलफल कार्यक्रम गर्न सफल भएको छ । सातैवटा समितिका पाँच बर्षे महत्वपूर्ण निर्णय तथा गतिविधिहरुलाई क्रमैसँग तल उल्लेख गरिएका छनः

## न्याय, प्रशासन तथा विधायन समिति

### समितिका माननीय सदस्यहरुको विवरण

न्याय प्रशासन तथा विधायन समितिको पहिलो बैठक मिति २०७५/३/२० गते समितिका ज्येष्ठ सदस्य माननीय चन्द्र प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बसेको थियो । तत्पश्चात जम्मा ९ वटा बैठकहरु समितिका ज्येष्ठ सदस्यहरुको अध्यक्षतामा बसेको थियो । समितिका सभापतिको निर्वाचन भए पश्चात मिति २०७५/१२/२५ गते समितिको ११ औं बैठक समितिका सभापति माननीय इन्द्रमणी पराजुलीज्यूको अध्यक्षतामा बसेको थियो । समितिको विवरण यसप्रकार रहेको छः

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | माननीय श्री ईन्द्रमणी पराजुली | सभापति | |
| २ | माननीय श्री ईन्दिरा राई | सदस्य | |
| ३ | माननीय श्री खिनु लङ्वा (लिम्वु) | सदस्य | |
| ४ | माननीय श्री चन्द्र प्रसाद श्रेष्ठ | सदस्य | |
| ५ | माननीय श्री चुम नारायण तबदार | सदस्य | अर्को समितिमा |
| ६ | माननीय श्री जयराम यादव | सदस्य | |
| ७ | माननीय श्री ज्ञानेश्वर राजवंशी | सदस्य | |
| ८ | माननीय श्री टंक आङ्बुहाङ लिम्वु | सदस्य | |
| ९ | माननीय श्री राजकुमार ओझा | सदस्य | |
| १० | माननीय श्री राजिव कोईराला | सदस्य | |
| ११ | माननीय श्री लिला बल्लभ अधिकारी | सदस्य | |
| १२ | माननीय श्री वसन्ती देवी यादव | सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | माननीय श्री विमल कार्की | सदस्य | |
| १४ | माननीय श्री विष्णु तुम्बाहाम्फे | सदस्य | |
| १५ | माननीय श्री शान्ता पौडेल | सदस्य | |
| १६ | माननीय श्री साबित्री जोशी | सदस्य | |
| १७ | माननीय श्री सौभाग्यवती देवी राई किँरात | सदस्य | |
| १८ | माननीय श्री हिमादेवी वस्नेत | सदस्य | नयाँ नियुक्ति |

## समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण

समितिले पाँच बर्षे कार्यअवधिमा गरेका कार्यक्रमहरुको तथ्याङ्क अवस्था यसप्रकार रहेको छः

| क्र.सं. | कार्यक्रमको नाम/शीर्षक | संख्या | सम्बन्धित सरोकारवालाहरु | कैफियत |
|---|---|---|---|---|
| १ | समितिको नियमित बैठक संख्या<br>(क) समिति<br>(ख) उपसमिति | ४४ वटा<br>१५ वटा | | |
| २ | अन्तरक्रिया, छलफल तथा अनुगमन कार्यक्रम | १२ वटा | स्थानीय तहका जनप्रतिनिधिहरु तथा प्रदेश सभा सदस्यहरु एवं पत्रकार | |
| ३ | अन्तर प्रदेश भ्रमण कार्यक्रम | १ वटा | वागमती प्रदेश सभा, गण्डकी प्रदेश सभा र लुम्बिनी प्रदेश सभा | |
| ४ | समितिमा बिधेयक छलफल तथा सभामा पेश गरिएका प्रतिवेदन | ५ वटा | | |
| ५ | समितिका अन्य क्रियाकलाप | | | |

## समितिका महत्वपूर्ण निर्णय तथा सम्पादित कार्यक्रमको प्रगति विवरण

विश्वमा नोवल कोरोना (Covid-१९) भाइरस संक्रमणको महामारी फैलिरहेको अवस्थामा नेपालमा २०७६ चैत्र ११ गतेदेखिको लगातार लकडाउन र बन्दाबन्दीका कारण न्याय प्रशासन तथा विधायन समिति तथा उप-समितिका लक्षित कार्यक्रमहरु प्रभावित बन्न पुगेका छन् । यद्यपि भावी दिनमा प्रभावकारी ढंगले लक्षित बार्षिक कार्यक्रम गर्ने साथै समितिको आफ्नो क्षेत्रको कामहरुलाई तिव्रता दिने गरी समितिको भूमिकालाई प्रभावकारी बनाउन समितिले आफ्नो कार्यक्षेत्रभित्र कानून तथा विधेयक एवं प्रत्यायोजित कानूनहरुको सुक्ष्म अध्ययन अवलोकन तथा सम्बन्धित निकायसँग अन्तरक्रिया, छलफल गोष्ठीहरुको आयोजना, प्रदेश सरकारका विकास योजनाको अनुगमन र सबैभन्दा महत्वपूर्ण प्रदेश कानून कार्यान्वयनको अवस्थाका विषयमा अनुगमन गर्दै कानून कार्यान्वय गर्ने न्यायिक र अर्धन्यायिक निकायसँग समेत समन्वय गर्दै विनियोजित समितिको स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटमा धेरै कामहरु भएको पाइन्छ । उल्लिखित कार्यका केही उपलब्धीहरुलाई यसरी प्रस्तुत गरिएको छः

## उपलब्धीहरु

- स्थानीय कानून निर्माण प्रक्रिया र विधिका बारेमा स्थानीय पालिकाका जनप्रतिनिधिहरुमा थप जानकारी भएको ।
- प्रदेश सरकारका काम कारबाहीको संसदीय निगरानी गरी आवश्यक विषयमा राय सल्लाह, सुझाब तथा निर्देशन दिने कार्यमा समिति अग्रसर भएको ।
- संविधान र संघीयता कार्यान्वयनमा समितिको कामकारवाही अगाडि बढेको ।
- प्रदेश कानून निर्माण तथा कार्यान्वयनमा प्रदेश सभा सदस्यहरुको भूमिकामा प्रभावकारीता आएको ।
- बिषयगत समितिहरुका काम कारबाही तथा जिम्मेवारीको प्रभावकारीता बढ्दै गएको ।
- प्रदेश सभाले बनाएका ऐनहरु र ती ऐनहरुले प्रत्यायोजन गरी बनेका कानूनहरुको अध्ययन एवं सम्बन्धित मन्त्रालयका कामकारवाहीहरु कानून अनुकूल भएका छन वा छैनन् भन्ने विषयको जानकारी प्राप्त भएको ।
- प्रदेश कानून कार्यान्वयनलाई प्रभावकारी ढंगले अगाडि बढाउन कानून कार्यान्वयन गर्ने न्यायिक तथा अर्धन्यायिक निकायसँग समन्वय र सहकार्य गर्नुपर्ने आवश्यकताको पहिचान भएको छ ।
- ऐन तथा प्रत्यायोजित विधायनको बारेमा अन्तरक्रिया तथा छलफलबाट भावी दिनमा कानून निर्माण तथा कार्यान्वयनमा उल्लेखनीय भूमिका खेल्न सक्ने भएको।

- कानूनको महत्व तथा आवश्यकताको बारेमा सम्बन्धित निकायको भूमिकाका बारे जानकारी भएको ।
- प्रदेश सहयोग कार्यक्रम (PSP) तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को सहयोगमा कानून निर्माण प्रकृया, प्रत्यायोजित कानून तथा कानून कार्यान्वयनको अवस्था एवं संसदीय निगरानीमा समितिको भूमिका बिषयमा महत्वपूर्ण कार्यक्रमहरु भएका छन् ।
- अन्तर प्रदेश भ्रमणका लागि  वागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश गरी ३ वटा प्रदेश सभाहरुमा अनुभव आदानप्रदान तथा विषयगत समिति संचालन एवं व्यवस्थापन सम्बन्धमा अन्तरक्रिया, चिनजान कार्यक्रम संचालन गर्ने समितिको निर्णयानुसार कार्यक्रम गरियो ।
- उक्त भ्रमणको क्रममा उल्लिखित प्रदेशका महत्वपूर्ण धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वका क्षेत्रहरुको अनुगमन समेत गरियो ।
- स्थानीय कानून निर्माण प्रकृया र प्रत्यायोजित विधायनका सम्बन्धमा नव निर्वाचित ओखलढुंगा जिल्लाको मानेभञ्ज्याङ गाउँपालिकाका र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुबीचमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।
- सोलुखुम्बु जिल्लाको शान्तीसुरक्षा तथा विपद्को बिषयमा व्यवस्थापन के कसरी गरिदै छ र विपद्व्यवस्थापनमा परेका समस्याहरु के-के रहेका छन् ? भन्ने विषयमा अन्तरक्रिया छलफल कार्यक्रम गरियो भने उक्त जिल्लाको कारागारमा कैद भुक्तान गरीरहेका कैदीवन्दीहरुका समस्या तथा भवनहरुको भौतिक अवस्था एवं खानेपानीको व्यवस्था आदि विषयमा प्रत्यक्ष अनुगमन तथा छलफल र अन्तरक्रिया गरियो ।
- भिडियो कन्फ्रेन्स मार्फत समितिसँग सम्बन्धित अन्य कार्यक्रमहरु समेत गरिएको छ ।
- समितिका नियमित बैठक बसी महत्वपूर्ण विषयहरुमा छलफल भएका छन् ।
- यस समितिमा विचाराधिन केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७८ सरकारले फिर्ता लिएको हुँदा प्रतिवेदनसहित सभामा पेश गर्ने समितिले निर्णय गरेको छ ।
- समितिले संसदीय निगरानी गर्ने क्रममा प्रदेश सरकारसँग सम्बन्धि जनताका आवश्यकतालाई अनुगमन भ्रमणको माध्यमबाट पहिचान गरी सरकारलाई निर्देशन दिने कार्य भएको छ ।
- यस समितिबाट गठित उपसमितिलाई क्रियाशिल बनाई राख्न उपसमितिका संयोजकज्यूलाई प्रत्यायोजित विधायनसँग सम्बन्धित रहेर कार्य अगाडि बढाउने निर्णय भएको छ ।

- समितिका माननीय सदस्यहरुज्यूहरु प्रदेश सरकारको मन्त्रीमण्डलमा नियुक्त हुँदा समितिको बैठक बसी बधाई तथा शुभकामना दिइएको छ ।
- आ.व. ०७९/८० मा समिति तथा उपसमितिलाई क्रियाशिल बनाउने गरी थप महत्वपूर्ण कार्यक्रमहरु बार्षिक कार्ययोजना निर्माण गरिएको छ ।

## न्याय प्रशासन तथा विधायन समितिका महत्वपूर्ण निर्णयहरु

- न्याय प्रशासन तथा विधायन समितिका माननीय सदस्यहरु मध्येवाट प्रदेश नं. १ को प्रदेश सभा नियमावलीको नियम १३४ को उपनियम (२)वमोजिम ज्येष्ठताको आधारमा सभापतिको निर्वाचन नभएसम्म मा.श्री चन्द्र प्रसाद श्रेष्ठज्यूले अध्यक्षता गर्ने।
- जिल्ला सभाको काम कर्तव्य र अधिकार सम्वन्धि विधेयक र सम्वन्धित अन्य कानूनहरु विस्तृत रुपमा अध्ययन गरी अर्को बैठकमा पेश गर्ने ।
- कानून मस्यौदा तर्जुमा समितिको सदस्य र आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूलाई आमन्त्रण गरी छलफल वृहत वनाउने।
- जिल्ला सभाको काम कर्तव्य र अधिकार सम्वन्धि विधेयकमा भईरहेको छलफललाई निरन्तरता दिने।
- पहिलो र दोश्रो बैठकमा भएका छलफलका आधारमा सामान्य निष्कर्ष निकाल्दै आन्तरिक मामिला तथा कानून मन्त्रालयका नि. सचिव कमल व.थापाद्धारा विधेयकमाथि प्रस्तुति र छलफल।
- बिषय विज्ञको रुपमा रेवती रमण भण्डारीलाई आमन्त्रण गर्ने।
- पूर्व तीन बैठकहरुमा भएको छलफलमा आधारित भई आमन्त्रित विज्ञसँग स्पष्टता हुने।
- विधेयकमा संशोधन नपरेता पनि 'सभामुखले व्याख्या गर्ने अधिकार' प्रयोग गरी समितिमा भएको छलफलको आधारमा दफाहरुमा प्राप्त सुझाव समेटि बनेको सुझाव प्रतिवेदनलाई जिल्ला सभाको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गर्न वनेको विधेयकको अङ्ग बनाईयोस भनेर सम्वन्धित मन्त्रीले सभामा प्रतिवेदन पेश गर्ने निर्णय।
- समितिका सदस्यहरुको उपस्थिति साथै आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिक्मत कुमार कार्की, प्रदेश कानून मस्यौदा सुझाव समितिका संयोजक माननीय रेवतीरमण भण्डारी र अन्य आमन्त्रित सदस्यहरुसहितको छलफल पश्चात प्रतिवेदन बनाई सभामा पेश गर्ने निर्णय।

- बिधेयकका संशोधनहरुमा भाषागत र अन्य शुद्धता ग्रहण गरी अगाडि बढाउनु पर्ने।
- संशोधनकर्ता र विधेयक प्रस्तुतकर्ता सरकारको प्रतिनिधि आमन्त्रण गर्नुपर्ने साथै विज्ञलाई पनि आमन्त्रण गर्ने छलफल ।
- समितिको सभापतिमा माननीय ईन्द्रमणि पराजुलीलाई न्याय प्रशासन तथा विधायन समिति समितिको सभापति पदमा निर्वाचित गरियोस् भनि माननीय सावित्रा जोशी प्रस्तावक भई माननीय विमल कार्कीको समर्थनसहित पेश भएकोमा एकमात्र प्रस्ताव दर्ता भएकोले माननीय ईन्द्रमणि पराजुली समितिको सभापति पदमा निर्वाचित हुनुभयो।
- प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकमा छलफल गर्दा प्रदेश सभाका सभामुखको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुने निर्णय गरियो।
- प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ संसोधनकर्ता माननीय सदस्यहरुको राय सल्लाह सुझाव साथै विज्ञहरु, सम्वन्धित मन्त्रालयका मन्त्री र सचिवहरु समेतको उपस्थितिमा बैठक बसि व्यापक छलफल गरि सर्वसम्मत रुपमा आवश्यक संशोधनसहितको प्रतिवेदन पारित गर्ने निर्णय गरियो।
- प्रत्यायोजित विधायन वमोजिम सम्वन्धित मन्त्रालयवाट तयार भएका नियमावलीहरु, कार्यविधिहरु माग गर्ने र सोको अध्ययन गर्न एउटा टिम गठन गर्ने।
- समितिमा प्राप्त विधेयक प्रदेश स्वायत्त संस्था गठन गर्ने सम्वन्धमा वनेको विधेयक, २०७६ माथि समिति वैठकमा संशोधन कर्ताहरुसहित छलफल गरि आवश्यकता अनुसार माननीय मन्त्री एवं मस्यौदाकार, विज्ञहरु समेतलाई समिति बैठकमा सहभागि गराई छलफल अघि वढाउने।
- प्रदेश स्वायत्त संस्था गठन गर्ने सम्वन्धमा वनेको विधेयक, २०७६ माथिको दफावार छलफल गर्ने सम्वन्धमा निर्णय गरियो।
- प्रदेश स्वायत्त संस्था गठन गर्ने सम्वन्धमा वनेको विधेयक, २०७६ को अन्तिम प्रतिवेदन तयार पार्ने सम्वन्धमा निर्णय गरियो।
- प्रदेश स्वायत्त संस्था गठन गर्ने सम्वन्धमा वनेको विधेयक, २०७६ माथिको समितिको प्रतिवेदन सभामा पेश गर्ने सम्वन्धमा निर्णय गरियो।

- समितिको वार्षिक प्रतिवेदनलाई संक्षिप्त रुपमा तयार गर्ने र माननीयहरुवाट प्राप्त सल्लाह सुझाव तथा रायलाई समेटी उक्त प्रतिवेदनलाई अन्तिम रुप दिई सभामा पेस गर्ने प्रस्ताव पारित गरियो।
- प्रत्योजित विधायनसँग सम्वन्धित रहेको ऐनको कार्यन्वयन र कानून निर्माणको अवस्थावारेमा अध्यायन अनुगमन र निर्देशन गर्ने कार्यका लागि ५ सदस्यीय उप-समिति गठन गर्ने निर्णय गरियोः-

संयोजक – माननीय राजकुमार ओझा

सदस्य – माननीय विमल कार्की

सदस्य – माननीय शान्ता पौडेल

सदस्य – माननीय खिनु लङ्वा लिम्वु

सदस्य – माननीय जयराम यादव

- उप-समितिको कार्यप्रगति र प्रतिवेदनका सम्वन्धमा निर्णय गरियो।
- समितिको आ.व. ०७६/७७ को वार्षिक प्रतिवेदन सभामा पेस गर्ने सम्वन्धमा।
- आ.व. ०७६/७७ को मुख्य न्यायाधीवक्ताको वार्षिक प्रतिवेदन सम्वन्धमा ।
- केहि प्रदेश ऐनलाई संशोधन गर्न वनेको विधेयक, २०७८ को विधेयक फिर्ता हुने भनि सरकारको निर्णय भएको हुदा समितिको वैठकमा सम्वन्धित आन्तरिक मामिला तथा कानून मन्त्रीसंग छलफल गर्ने निर्णय गरियो ।
- केहि प्रदेश ऐनलाई संशोधन गर्न वनेको विधेयक, २०७८ मा राखिएका ८ वटा ऐनहरुका संशोधित व्यवस्थाहरु समेतलाई समेटी उल्लिखित ऐनहरुका अन्य व्यवस्थाहरु समेत संशोधन हुनुपर्ने भएमा नयाँ संशोधन विधेयकमा समावेश गर्ने।
- केहि प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७८ सरकारले फिर्ता लिएकोमा समितिमा सम्वन्धित माननीय मन्त्रीज्यूसमेतसंगको छलफल पश्चात तयार गरिएको प्रतिवेदन सभामा पेश गर्ने ।
- निर्वाचन संञ्चालन तथा व्यवस्थापन सम्वन्धी कानूनलाई एकीकरण गर्न वनेको विधेयक, २०७९ माथिको समितिवाट पेश गरिएको २८ वटा सुझावहरु निर्वाचन आयोगमा पठाउने निर्णय गरियो।
- प्रदेश संञ्चार माध्यम व्यवस्थापन गर्न वनेको विधेयक, २०७८ को संशोधनसहित दफावार छलफलका लागि सम्वन्धित संशोधनकर्ता माननीय सदस्यज्यूहरुसँगको संशोधनका दफाहरुमा क्रमिक छलफल समाप्त नभएको हुदा समितिको अर्को वैठकमा निरन्तरता गर्ने निर्णय गरियो।

## उप-समितिको वैठक संख्या तथा निर्णयहरु

न्याय, प्रशासन तथा विधायन उपसमितिका संयोजक माननीय राज कुमार ओझा ज्यूको संयोजकत्वमा बसेको वैठक संख्या तथा निर्णयहरुः-

| बैठक संख्या र मिति | निर्णयहरु |
|---|---|
| बैठक संख्याः १<br>मितिः२०७६/७/१८ गते | • उपसमितिको क्षेत्राधिकार एवं कार्यसंचालन सम्बन्धमा निर्णय । |
| बैठक संख्याः २<br>मितिः२०७६/७/१९ गते | • सम्बन्धित मन्त्रालयहरुले बनाएका नियमावली, नियम, कार्यविधि, गठन आदेश, निर्देशिका, मापदण्ड आदिको विवरण माग गर्ने निर्णय । |
| बैठक संख्याः ३<br>मितिः२०७६/७/२० गते | • सम्बन्धित मन्त्रालयहरुबाट प्राप्त नियमावली, नियम, कार्यविधि, गठन आदेश, निर्देशिका, मापदण्ड आदिको अध्ययन गरी अर्को वैठकमा छलफल गर्ने निर्णय । |
| बैठक संख्याः ४<br>मितिः२०७६/७/२७ गते | • प्रत्येक मन्त्रालयबाट प्राप्त प्रत्यायोजित कानूनको अध्ययन जारी रहेको र बाँकी रहेका सम्बन्धित मन्त्रालयसँग प्रत्यायोजित कानूनको प्रमाणित प्रतिलिपि माग गर्ने निर्णय । |
| बैठक संख्याः ५<br>मितिः २०७६/८/१६ गते | • मन्त्रालयबाट प्राप्त प्रत्यायोजित कानूनहरुको क्रमबद्ध अध्ययन, अनुगमन र अनुसन्धान सम्बन्धमा निर्णय र पर्यटन मन्त्रालयको अस्पष्ट जबाफ प्रति उप-समिति असन्तुष्ट हुँदा ३ दिन भित्र जबाफ आउने गरी पुन पत्रचार गर्ने निर्णय। |
| बैठक संख्याः ६<br>मितिः २०७६/९/२ गते | • प्रत्यायोजित कानूनको अध्ययनलाई प्रभावकारी बनाउन अध्ययन कार्यविभाजन गर्ने निर्णय<br>जसअनुसार-<br>१. माननीय राजकुमार ओझा (संयोजक) ले - भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय ।<br>२. माननीय विमल कार्की र माननीय शान्ता पौडेलले - भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।<br>३. माननीय खिनुलङ्वा लिम्बुले - सामाजिक विकास मन्त्रालय |

| | |
|---|---|
| | ।<br>४. माननीय जयराम यादवले - आन्तरिक मामिला तथा कानून मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| बैठक संख्याः ७<br>मितिः २०७६/९/७ गते | • सबै माननीयहरुको अध्ययनबाट औंल्याइएका विषयवस्तुहरुको दफाबार छलफल र मूल समितिमा पेश गरिने बुँदागत टिपोट गर्ने निर्णय । |
| बैठक संख्याः ८<br>मितिः २०७६/९/८ गते | • सम्बन्धित सबै मन्त्रालयले निर्माण गरेका प्रत्यायोजित कानूनको अध्ययन तथा अध्ययनबाट देखिएका विषय वस्तुको मिडियामार्फत सम्बन्धित सबैलाई जानकारी गराउने तथा सम्बन्धित मन्त्रालयका कानून सचिव, उप-सचिव तथा कानून अधिकृतहरुसँग प्रत्योजित कानूनका विषयमा अन्तरक्रिया छलफल गर्ने निर्णय । |
| बैठक संख्याः ९<br>मितिः २०७६/९/९ गते | • उप-समितिले शुरुदेखि ९ औ बैठकसम्ममा छलफल तथा अनुगमन गरेका विषयहरुको विवरण तयार गर्ने निर्णय । |
| बैठक संख्याः १०<br>मितिः २०७६/९/१३ गते | • सम्बन्धित मन्त्रालयका कानूनका विज्ञहरुसँग प्रत्यायोजित कानूनका विषयमा अन्तरक्रिया तथा छलफल पश्चात प्रत्यायोजित कानूनका सिद्धान्त विपरीत बनेका कानूनलाई संशोधन गर्नुपर्ने र आगामी दिनमा प्रत्यायोजित कानूनको मर्म र भावना अनुरुप सिद्धान्तमा रहेर बनाउनु पर्ने तथा मूल समितिमा पेश हुने प्रतिवेदनलाई अन्तिम रुप दिने निर्णय । |
| बैठक संख्याः ११<br>मितिः२०७६/९/२४ गते | • मूल समितिमा उप-समितिले गरेका काम कारवाहीको प्रतिवेदन पेश गर्ने तथा अध्ययनमा औल्याइएका विषयहरुलाई निर्णय पुस्तिकामा जस्ताकोतस्तै टाँस गर्ने निर्णय । |
| बैठक संख्याः १२<br>मितिः २०७६/११/१२ गते | • प्रदेश सभाबाट निर्मित ऐनहरुमध्ये तपसिल बमोजिम ११ वटा ऐनहरुलाई पहिलो प्राथमिकतामा राखी अध्ययन गर्ने निर्णय । |

| | |
|---|---|
| | तपसिल<br>१. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६<br>२. प्रदेश भवन ऐन, २०७६<br>३. प्रदेश सहकारी ऐन, २०७६<br>४. सामाजिक विकास संस्था ऐन, २०७६<br>५. प्रदेश सुशासन(व्यवस्थापन तथा संचालन) ऐन, २०७६<br>६. प्रदेश रेडियो एफ. एम. र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७५<br>७. जिल्ला सभा ऐन, २०७५<br>८. गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५<br>९. प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५<br>१०. प्रदेश नं. १ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५<br>११. प्रदेश पर्यटन विकास ऐन, २०७६ |
| बैठक संख्याः १३<br>मितिः२०७६/११/२१ गते | • सम्बन्धित मन्त्रालयबाट प्राप्त भएका प्रदेश सभाबाट निर्मित ऐनले प्रत्यायोजन गरेका दफाहरु तथा बनेका प्रत्यायोजित कानूनहरु र त्यसको वर्तमान कार्यान्वयनको अवस्था बारे टिपोट गरी अध्ययन गर्ने निर्णय । |
| बैठक संख्याः १४<br>मितिः २०७६/१२/१ गते | • १२औं बैठकले प्राथमिकतामा राखेका र १३ औं बैठकले टिपोट गरेका विषयमाथि गहन छलफल तथा अध्ययन गरी नमूनाको रुपमा ऐनहरुको वर्तमान अवस्थाको अध्ययन प्रतिवेदन मूल समितिमा पेश गर्ने निर्णय । |
| बैठक संख्याः १५<br>मितिः २०७७/२/२१ गते | • हालसम्म बनेका ऐनहरु तथा ती ऐनहरुले प्रत्यायोजन गरेका प्रत्यायोजित कानूनहरुको अध्ययन छलफल गरी निष्कर्षमा औंल्याईएका बुँदाहरु समेटी प्रतिवेदन तयार गरी मूल समितिमा प्रतिवेदन पेश गर्ने निर्णय । |

## उप-समितिले प्रस्तुत गरेका मुख्य सुझावहरु

- संविधानको अनूसुची-६ को सूचीका विषयमा कानून बनाउन र संघीय कानूनहरु नबन्दा संविधानको साझा सूचीका विषयमा प्रदेश कानून निर्माणमा परिरहेको समस्याका बारेमा समितिमार्फत प्रदेश सरकारलाई सुझाब दिनुपर्ने ।

- कानून कार्यान्वयनलाई प्रभावकारी बनाई कानूनी शासनका माध्यमबाट सुशासन कायम गर्न समितिले जोडदार पहल गर्नु पर्ने ।
- प्रदेश सभाबाट पारित ऐन तथा प्रत्यायोजित कानूनको कार्यान्वयन के कसरी भएको छ भन्ने विषयमा प्रदेश सरकारले आवश्यक जानकारी लिनु पर्ने ।
- प्रदेश सभाबाट पारित केही ऐन अनुसार स्थानीय तह तथा स्थानीय जनप्रतिनिधिहरुका क्रियाकलापहरु संचालन भएका हुँदा सोको प्रत्यक्ष रुपमा सम्बन्धित स्थानीय तहमा गई अनुगमन, मूल्यांकन गर्नुपर्ने ।
- नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिका आधारमा प्रदेश सरकारले बजेट तथा अनुदानहरु वितरण गरेको हुँदा कानून बमोजिम कार्यान्वयन भए नभएको विषयमा आवश्यक अवलोकन गर्नुपर्ने ।
- ऐनमा देखा परेका अस्पष्ट कानूनी प्रावधानलाई समाधान गर्न माननीय सभापतिज्यूको नेतृत्वमा सर्वदलीय अनुगमन टोली बनाई अगाडि बढ्नु पर्ने ।
- महत्वपूर्ण कार्यक्रमलाई बार्षिक कार्यक्रममा समावेश गरी उल्लिखित कार्य गर्नु गराउनु पर्ने ।
- प्रत्यायोजित कानून निर्माण गरेपश्चात सम्बन्धित निकायले प्रमाणित गरेको एक प्रति प्रत्यायोजित कानून प्रदेश सभामा जानकारीका लागि पेश गर्नुपर्ने ।
- स्थानीय तहले बनाएका कानूनहरुको कार्यान्वयनको अवस्था अध्ययन, अनुगमन गरिनु पर्ने ।
- कानूनको विषयमा समितिका सदस्य एवं सम्बन्धित कर्मचारीलगायत अन्य व्यक्तिहरुलाई प्रशिक्षण, तालिम, गोष्ठी आदिको माध्यमबाट प्रशिक्षित गराउनु पर्ने ।

## समितिका निर्देशनहरु

- संविधान र संघीय कानूनसँग नबाझिने गरी प्रदेशका कानून निर्माण गरिनुपर्ने संवैधानिक व्यवस्था हुँदा साझा अधिकारका विषयमा संघीय कानून निर्माणका लागि नेपाल सरकारसँग प्रदेश सरकारले आवश्यक पहल गर्नुपर्ने ।
- संविधानको अनुसूची-६ का सूचीहरुका विषयलाई प्राथमिकतामा राखी कानून निर्माण हुनुपर्ने ।
- प्रदेश सरकारले कानून निर्माण गर्दा तोकिएबमोजिमको प्रत्यायोजित व्यवस्थाका विषयलाई आवश्यकता भन्दा बाहेक ऐनमा नै तोकिदिनु पर्ने ।

- प्रदेश सरकारले हालसम्म निर्माण गरेका कानून कार्यान्वयनका सन्दर्भमा उपसमितिको अध्ययनबाट केही ऐनका दफाहरुमा संशोधन गर्नैपर्ने देखिएको हुँदा सम्बन्धित कानूनका विज्ञसँग छलफल गरी तत्काल संशोधन विधेयक दर्ता गराउनु पर्ने ।
- प्रत्यायोजित ऐन अर्थात मातृकानून विना कुनैपनि प्रत्यायोजित कानूनहरु(नियम, निर्देशिका, कार्यविधि, गठन आदेश, मापदण्ड आदि) निर्माण गरिनु नहुने ।
- प्रदेश सरकारले निर्माण गरेका ऐन तथा ती ऐनले प्रत्यायोजन गरी निर्माण गरिएका प्रत्यायोजित कानून कार्यान्वयनको अवस्थाका विषयमा सम्बन्धित मन्त्रालय र सम्बन्धित स्थानीय तहमा प्रत्यक्ष अध्ययन अनुगमन मुल्यांकन गरी आवश्यक पृष्ठपोषण दिनु/लिनुपर्ने ।
- सम्बन्धित मन्त्रालय वा निकायमा निर्मित प्रत्यायोजित कानूनहरुको प्रमाणित प्रतिलिपिको एक प्रति तत्काल विधायिकी अधिकार सम्पन्न प्रदेश सभा समक्ष पेश गरिनुपर्ने । साथै प्रत्यायोजित कानून खारेज गरिएको भए अविलम्ब सोको जानकारी यस समितिलाई गराउनु पर्ने ।
- सम्बन्धित मन्त्रालयले विधेयकको मस्यौदा गर्दा सम्बन्धित सरोकारवालासँग आवश्यक समन्वय, राय, सल्लाह एवं सुझाब लिनु पर्ने ।
- स्थानीय तहका लागि संविधानमा उल्लिखित बिषयमा प्रदेश सरकारले तत्काल कानूनहरु निर्माण गरिनुपर्ने ।
- स्थानीयतहले निर्माण गरेका कानूनहरु र कानून कार्यान्वयनको अबस्थाबारे विज्ञटोली समेतको सहयोगमा अध्ययन अनुगमन गरी आवश्यक राय सल्लाह सुझाब र पृष्ठपोषण प्रदान गर्नुपर्ने ।
- ऐन निर्माणलाई प्रभावकारी बनाउन साथै दीर्घकालिन, जनमुखी कानूनहरु कार्यान्वयनका सन्दर्भमा प्रदेश सरकारबाट प्रशिक्षण कार्यक्रमहरु हुनुपर्ने ।
- स्थानीय तहको कानून मस्यौदा तथा निर्माणको प्रक्रियालाई प्रभावकारी एवं एकरुपता कायम गर्नका लागि सबै स्थानीय तहमा रहेको कानून अधिकृतको स्थायी दरबन्दी प्रदेश लोकसेवाले पूर्ति नगरेसम्म नेपाल सरकार वा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी तत्काल कानून अधिकृतको व्यवस्था प्रदेश सरकारले गर्नुपर्ने ।
- प्रदेश सरकारले कानून निर्माण पछिको जाँच परीक्षण (Post Legislative Scrutiny) को थालनी गरी आवश्यक अध्ययन अनुसन्धान मार्फत कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।
- प्रत्यायोजित विधायन र सरकारी आश्वासन सम्बन्धमा समितिले आवश्यक ध्यान दिनुपर्ने ।

- समितिका माननीय सदस्यहरुलाई कानून मस्यौदा तर्जुमाका सम्बन्धमा नियमित रुपमा विज्ञहरुसँग अन्तरक्रिया गराउनुपर्ने ।
- समितिलाई वैदेशिक अध्ययन, भ्रमण, अन्तरक्रिया, छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।
- सचिवालयमा सूचना बैंकको स्थापना गरी माननीय सदस्यहरुलाई आवश्यक विषयमा सूचना तथ्यांक उपलब्ध गराउनुपर्ने ।
- संसदीय अध्ययन अनुसन्धानमा विशेष जोड दिई समितिको गतिविधिसँग सम्बन्धित अभिलेखहरुलाई व्यवस्थित गर्नुपर्ने साथै वेबसाइटमा समेत राखिनु पर्ने ।
- यस प्रतिवेदनमा सुझाइएका सूझाबहरु प्रदेश सरकाले तदारुकताका साथ कार्यान्वयन तर्फ जोड दिनु पर्ने ।
- प्रदेश सरकारले कानून निर्माण गर्दा तोकिए बमोजिमको प्रत्यायोजित व्यवस्थाका विषयलाई आवश्यकता भन्दा बाहेक ऐनमा नै तोकिदिनु पर्ने ।
- प्रदेश सरकारले हालसम्म निर्माण गरेका कानून कार्यान्वयनका सन्दर्भमा सम्बन्धित निकायहरुको सहकार्यमा अनुगमन तथा अवलोकन गर्नुपर्ने देखिन्छ ।
- प्रत्यायोजित ऐन अर्थात मातृकानून विना कुनैपनि प्रत्यायोजित कानूनहरु(नियम, निर्देशिका, कार्यविधि, गठन आदेश, मापदण्ड आदि) निर्माण गरिनु नहुने ।
- स्थानीय तहका लागि संविधानमा उल्लिखित बिषयमा प्रदेश सरकारले तत्काल कानूनहरु निर्माण गरिदिनु पर्ने ।
- स्थानीयतहले निर्माण गरेका कानूनहरु र कानून कार्यान्वयनको अबस्थाबारे विज्ञटोली समेतको सहयोगमा अध्ययन अनुगमन गरी प्रदेशले स्थानीय तहका लागि नमूना कानून निर्माण गरिदिनु पर्ने ।
- ऐन निर्माणलाई प्रभावकारी बनाउन साथै दीर्घकालिन, जनमुखी कानूनहरु कार्यान्वयनका सन्दर्भमा प्रदेश सरकारबाट प्रशिक्षण कार्यक्रमहरु हुनुपर्ने ।
- प्रदेश सरकारले कानून निर्माण पछिको जाँच परीक्षण (Post Legislative Scrutiny) को थालनी गरी आवश्यक अध्ययन अनुसन्धान मार्फत कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।
- प्रत्यायोजित विधायन र सरकारी आश्वासन सम्बन्धमा समितिले आवश्यक ध्यान दिनुपर्ने ।
- समितिका माननीय सदस्यहरुलाई कानून मस्यौदा तर्जुमाका सम्बन्धमा नियमित रुपमा विज्ञहरुसँग अन्तरक्रिया गराउनुपर्ने ।
- समितिलाई वैदेशिक अध्ययन, भ्रमण, अन्तरक्रिया, छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।

- संसदीय अध्ययन अनुसन्धानमा विशेष जोड दिई समितिको गतिविधिसँग सम्बन्धित अभिलेखहरुलाई व्यवस्थित गर्नुपर्ने साथै वेबसाइटमा समेत राखिनु पर्ने ।
- प्रतिवेदनमा सुझाइएका सूझाबहरु प्रदेश सरकाले तदारुकताका साथ कार्यान्वयन तर्फ जोड दिनु पर्ने ।

## समिति सचिवालय कर्मचारी

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री प्रमोद वि.क. | समिति सचिव | |
| २ | श्री भक्त बहादुर राजवंशी | समिति सहायक | |

## अर्थ समिति

प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ को नियम १२३(१) बमोजिम अर्थ समितिको सभापतिको निर्वाचनको लागि मिति २०७५ साल चैत्र २२ गते समितिको ज्येष्ठ सदस्य माननीय लिला सुब्बाको अध्यक्षतामा पहिलो बैठक बसी माननीय मोहन कुमार खड्कालाई अर्थ समितिको सभापति पदमा निर्वाचन गरियोस् भनी माननीय यसोदा अधिकारी प्रस्तावक भई माननीय राम कुमार राईको समर्थनसहित एकमात्र प्रस्ताव दर्ता भएकोले माननीय मोहन कुमार खड्का समितिको सभापति पदमा निर्वाचित हुनभएको थियो। ज्येष्ठ सदस्य माननीय लिला सुब्बाको अध्यक्षतामा १ वटा बैठक बसेको थियो। सभापति माननीय मोहन कुमार खड्काको अध्यक्षतामा मिति २०७५/१२/२६ गते पहिलो बैठक बसेको थियो। यस समितिको कार्यक्षेत्र आर्थिक मामिला तथा योजना मन्त्रालय, बैक, वित्त तथा विमा रहेको छ। समितिको विवरण यस प्रकार रहेको छः

| क्र.सं . | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | माननीय मोहन कुमार खड्का | सभापति | |
| २ | माननीय एकराज कार्की | सदस्य | |
| ३ | माननीय चुम नारायण तबदार | सदस्य | |
| ४ | माननीय जसमाया गजमेर (विश्वकर्मा) | सदस्य | |
| ५ | माननीय पदम कुमारी गुरुङ्ग | सदस्य | |

| | | | |
|---|---|---|---|
| ६ | माननीय पूर्ण प्रसाद राजवंशी | सदस्य | |
| ७ | माननीय प्रताप प्रकाश हाङगाम | सदस्य | |
| ८ | माननीय यसोदा अधिकारी | सदस्य | |
| ९ | माननीय राजन राई | सदस्य | |
| १० | माननीय राम कुमार राई | सदस्य | |
| ११ | माननीय लिला सुब्बा | सदस्य | |

## समिति सचिवालय कर्मचारी

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री प्रेम बहादुर श्रेष्ठ | समिति सचिव | |
| २ | श्री ईन्द्र बहादुर राई | समिति सहायक | |

## समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम/शिर्षक | संख्या | सम्बन्धित सरोकारवालाहरु | कैफियत |
|---|---|---|---|---|
| १ | समितिको नियमित बैठक संख्या<br>(क) समिति<br>(ख) उपसमिति | ६५ वटा<br>- | | |
| २ | अन्तरक्रिया, छलफल तथा अनुगमन कार्यक्रम | ७ वटा | स्थानीय तहका जनप्रतिनिधिहरु, माननीय सदस्यहरु तथा सरोकारवालाहरु | |
| ३ | अन्तर प्रदेश भ्रमण कार्यक्रम | १ वटा | लुम्बिनी प्रदेश सभा र सुदूरपश्चिम प्रदेश सभा | |
| ४ | समितिमा विधेयक छलफल तथा सभामा पेश गरिएका प्रतिवेदन | ६ वटा | | २ विधेयक<br>४ प्रतिवेदन |

## समितिको महत्वपूर्ण निर्णय, निर्देशन र सुझावहरु

मिति २०७६/०४/०७ गते बसेको समितिको बैठकले प्रदेश सरकारलाई आ.ब. २०७६/०७७ को बार्षिक प्रतिवेदन मार्फत निम्न सुझावहरु दिने निर्णय गरिएको थियो।

- बजेट निर्माणमा प्रदेश सरकार अन्तर्गतका कार्यालयले आफ्नो क्षेत्र भित्रका प्रदेश सभासदको अनिवार्य उपस्थितिमा तयार गर्नु पर्ने प्रकृया लागू गर्न।
- बजेट कार्यान्वयनको समीक्षा सम्बन्धित कार्यालयले सम्बन्धित क्षेत्रका प्रदेश सभासदको उपस्थितिमा गर्नु पर्ने प्रकृया लागू गर्न।
- प्रदेश सरकारले अविलम्ब प्रदेश प्राथमिकताका योजना निर्धारण गरी प्रदेश सभामा पेश गर्न।
- योजनाहरुको प्रस्तावमा सम्बन्धित क्षेत्रको प्रदेश सभासदहरुको सिफारिश अनिवार्य लागू गर्न।
- प्रदेश खरिद ऐन तत्काल ल्याउन र सो खरिद ऐनमा कार्यक्षेत्रमै ठेकेदार र कर्मचारीलाई कामका आधारमा दण्ड पुरस्कारको ब्यवस्था राख्ने । गुणस्तरमापन अनुगमन प्रणाली अपनाउने।
- प्रदेश सरकारले विकासको नमूना निर्माण गरी प्रदेश सभामा पेश गर्न।
- मिति २०७६।०८।०८ गते बसेको समितिको बैठकमा विषयगत मन्त्रालयका सचिव, योजना महाशाखाका प्रमुखहरुले बजेट निर्माण, प्रथम चौमासिकसम्मको कार्यान्वयनको अवस्था, समस्या, राजश्वको स्थितिवारे मन्त्रालयगत प्रस्तुति र सो उपर मन्त्रालय र समितिका माननीय सदस्यहरुको बीच अन्तरक्रिया छलफल गरी उक्त छलफलका आधारमा तपसिल बमोजमिका कार्यहरु गर्नुपर्ने निर्णय गरिएको थियो।

### तपसिल

क) नीति, ऐनको अभावमा कतिपय योजनाहरु संचालन कार्यविधिद्वारा गर्ने गरेको देखियो। कार्यविधि समेत समयमा नबनी योजना कार्यान्वयन हुन नसकेको हुँदा तत्काल समस्या समाधान गर्नु पर्ने।

ख) बजेट निर्माणमानै कतिपय योजनाहरु अवश्यकताका आधारमा भन्दा पहुँचका आधारमा विनियोजित गर्ने गरेको देखिएकोले अब उप्रान्त आवश्यकतामा आधारित बजेट बनाउनु पर्ने।

ग) बुहबर्षीय, क्रमागत योजना सम्पन्न गर्ने गरी बजेट व्यवस्थापन गरेको देखिएन । त्यस्ता योजनाहरुमा बजेट व्यवस्थापन गर्नु पर्ने।

ङ) बजेट बनाउदा सबै विषयगत मन्त्रालयले पूर्व सम्भाव्यता, आवश्यकता र सुचकांकलाई आधार मान्नु पर्ने।

च) सबै विषयगत मन्त्रालयका कार्यान्वयन ईकाईहरु व्यवस्थित भैनसकेको, जनशक्तिको अभाव, साधनको अभावका कारण वजेट कार्यान्वयनमा समस्या देखियो । तत्काल यी समस्याहरुको समाधान गर्नु पर्ने।

- छलफलका आधारमा तपसिलका मन्त्रालयहरुलाई तपसिल वमोजिमका सुझावहरु दिने निर्णय गरिएको थियो।

तपसिल

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

१) योजना थाल्दै छोड्दै गर्ने परम्पराको अन्त्यका लागि लागतका आधारमा क्रमागत बजेट व्यवस्था गरी योजना सम्पन्न गर्ने नीति अवलम्बन गर्न।

२) वातावरण प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धी विधेयक ल्याई ऐन निर्माण गर्न।

३) पर्यटन पूर्वाधार कार्यलाई व्यवस्थित गर्न तुरुन्त ईकाईहरु स्थापना गरी कार्य सञ्चालन गर्न।

४) प्रदेश औद्योगिक क्षेत्र स्थापना तथा स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न ऐन, कार्यविधि बनाई बजेट व्यवस्था गर्ने नीति अवलम्बन गर्न।

५) सामुदायीक वन उपभोक्तासंग छलफल गरी कर असुलीको वातावरण बनाउन। प्रदेश वन ऐनका लागि विधेयक ल्याउन।

**सामाजिक विकास मन्त्रालय**

१) योजना थाल्दै छोड्दै गर्ने परम्पराको अन्त्यका लागि लागतका आधारमा क्रमागत बजेट व्यवस्था गरी योजना सम्पन्न गर्ने नीति अवलम्बन गर्न।

२) शिक्षा, स्वास्थ्य र समाजकल्याण -ज्येष्ठ, दलित, अपाङ्ग, महिला आदि_ सम्बन्धी नीति ल्याउन।

३) नीतिका आधारमा ऐनको व्यवस्था गर्न।

४) शिक्षक, कर्मचारीको दरवन्दी निर्धारण गरी अनुदान भन्दा दरबन्दी व्यवस्थापन गर्न। अनुदान दरवन्दीको नियुक्ति आश्विन मसान्तभित्र गरिसक्ने व्यवस्था गर्न।

५) प्रादेशिक अस्पताल निर्माणकोलागि नीतिगत र वजेट व्यवस्थापन गर्न।

६) जिल्लास्तरसम्म खेलकुद वोर्ड मार्फत समितिहरु निर्माण गरी कार्यक्रम संचालन गर्न।

७) प्राविधिक विद्यालयहरु स्थापनाका लागि स्थान र विषय निर्धारण गर्ने नीति ल्याउन। CTEVT मा देखिएको अव्यवस्था हटाउन प्रदेश भर आफ्नो संयन्त्र मार्फत प्राविधिक शिक्षा संचालन र व्यवस्थापनको नीति निर्माण गर्न।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

१) योजना थाल्दै छोड्दै गर्ने परम्पराको अन्त्यका लागि लागतका आधारमा क्रमागत बजेट व्यवस्था गरी योजना सम्पन्न गर्ने नीति अवलम्बन गर्न।

२) आ.ब. २०७६/०७७ को बजेट निर्माणमा देखिएको पहुचका आधारमा बजेट राख्ने क्रम अन्त्य गरी आवश्यकताका आधारमा बजेट निर्माण गर्न।

३) क्रमागत र ठेक्का लागेका योजनामा रहेको १ हजार जस्ता शिर्षक भएका योजनामा रकम व्यवस्था गर्न । सम्पन्न ठेक्कामा तत्काल निकाशाको व्यवस्था गर्न ।

४) विगतदेखि सर्दै आएका सिंचाई खानेपानी जस्ता योजनाको पुनरमूल्यांकन गरी बजेटिङ्गमा राख्ने वा हटाउने व्यवस्था गर्न।

५) ठेक्कामा दिइदै आएको मोविलाइजेशन पेश्की अन्त्य गरी बिलको आधारमा भुक्तानीको व्यवस्था गर्न।

६) संघ/प्रदेश/स्थानीय तह बीच हुने योजनाको दोहोरोपन तत्काल हटाउने समन्वय गरी योजना समावेश गर्ने व्यवस्था गर्न।

७) अधुरा योजना, ठेक्काको बारेमा निरन्तरता गर्ने नगर्ने तत्काल नीति निर्माण गर्न।

८) अनुगमन प्रणाली व्यवस्थित गर्न।

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

१) कार्यविधिमा अझै केही अस्पष्टता रहेको, जनप्रतिनिधिहरुको भूमिका न्यूनीकरण भएको हुँदा पुन कार्यविधि सम्बन्धी समिति र मन्त्रालयबीच छलफलको आवश्यकता।

२) हतारोमा बजेट निर्माण भएको देखिन्छ। बजेट निर्माणमा विषयगत मन्त्रालयहरुले समयमै पेश गर्नै पर्ने नीति अवलम्बन गर्न।

३) वजेटमा प्राथमिकता निर्धारण र विषयगत मन्त्रालयमा सिलिङ पठाउनु पूर्व समितिसंग छलफल गर्ने प्रकृया अपनाउन ।

४) प्रदेश कोष लेखा नियन्त्रक कार्यालयबाट हुने भूमिकालाई अझ व्यवस्थित गर्न।

५) स्थानीय तहबाट प्राप्त गर्ने राजश्व, शुल्क, करलाई कडाइपूर्वक उठाउने व्यवस्था गर्न।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

१) योजना थाल्दै छोड्दै गर्ने परम्पराको अन्त्यका लागि लागतका आधारमा क्रमागत बजेट व्यवस्था गरी योजना सम्पन्न गर्ने नीति अवलम्बन गर्न।

२) भूमि व्यवस्था सम्बन्धी नीति निर्माण गरी ऐनको व्यवस्था गर्न। अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्ने वजेट व्यवस्था गर्न।

३) कृषि, पशुमा हुने अनुदानलाई ऐन निर्माण गरी व्यवस्थापन गर्न।

- मिति २०७७/०२/२२ गते बसेको बैठकले विभिन्न मितिमा चालु आ.ब. (२०७६/०७७) को बजेट कार्यान्वयनको अवस्था, बजेटमा रहेको एकमुष्ट रकमको विनियोजन र कार्यान्वयन, आगामी आ.ब. २०७७।०७८ को मन्त्रालयगत बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकता मन्त्रालयका माननीय मन्त्रीज्यू, राज्यमन्त्रीज्यू र सचिवज्यू र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवज्यूसंग भएको छलफलको समीक्षा पश्चात समितिले निर्धारण गरेको निम्न सुझाबहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै मन्त्रालयहरुलाई तपशिल बमोजिमको पठाउने निर्णय गरियो।

तपशिल

**मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

१) संघीयता कार्यान्वयनको यो अवस्थामा संघबाट ऐन कानून निर्माण गर्दा अधिकार प्रत्यायोजन गर्दा तथा वित्तीय हस्तान्तरणमा प्रदेशलाई न्यूनीकरण गरेको महसुस भएको हुँदा प्रदेशले प्राप्त गर्ने वित्तीय हस्तानतरण तथा अधिकार कायम गर्न पहल गर्न।

२) प्रदेशले उपलब्धी प्राप्त गर्ने विकास निर्माण तथा अन्य योजना नीतिगत र आवश्यकता भन्दा पहुचका आधारमा छनौट हुने देखिएकोले त्यसलाई रोकी आवश्यकता र नीतिगत छनौट कार्यान्वयन गर्न।

३) मन्त्रालयमा तथा कार्यालयमा बास्केटको रुपमा एकमुष्ट रकम राखी अनियमितता बढेको देखियो। एकमुष्ट बजेट राख्ने प्रणाली अन्त्य गर्न।

४) मन्त्रालयगत कार्यक्षेत्र नमिल्दा योजना छनौट र कार्यान्वयनमा समस्या देखियो। सिंचाई कृषि मन्त्रालयमा, बिज्ञान प्रविधि सामाजिक विकास मन्त्रालयमा, संस्कृति उद्योग पर्यटन मन्त्रालयमा र सहकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा राख्दा कामका प्रकृतिका हिसावले सजिलो हुने समितिको राय रहेको छ।

५) कर्मचारी सरुवा तथा व्यवस्थापनमा समय विपरीत सरुवा र आवश्यकताका आधारमा पदपूर्ति नभएको हुँदा बजेट कार्यान्वयमा समस्या देखियो। जनशक्ति पदपूर्ति गर्न र सरुवालाई व्यवस्थित र नियमानुसार गर्न।

६) बजेट निर्माण, कार्यान्वयन र प्रदेश सरकारका कार्यक्रमहरुमा प्रदेश सभा सदस्यहरुको भूमिकालाई प्राथमिकताका साथ राख्न।

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

१) एकमुष्ट बास्केटमा राखी बजेट विनियोजन र असमानता र पहुँचका आधारमा गर्ने गरेको पाइयो। यसलाई तत्काल रोक्न।

२) विनियोजन विधेयकका आधारमा बजेट कार्यान्वयन गर्न गराउन।

३) मन्त्रालय तथा कार्यालयहरुबाट आ.ब. को अन्तिममा बजेट रकम विनियोजन विधेयक विपरीत पहुँचका आधारमा रकमान्तर गर्ने, निर्दिष्ट योजनामा खर्च नगर्ने, कार्यान्वयनमा झन्झटिला थप प्रावधानहरु समावेश गर्ने गरेको पाइयो। यसलाई तत्काल रोक्न।

४) प्रदेश खरिद ऐन तत्काल ल्याउन।

५) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रादेशिक ऐन ल्याउन।

६) सहकारीलाई यस मन्त्रालयको कार्यक्षेत्रमा ल्याउन पहल गर्न।

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

१) एकमुष्ट बजेट राख्ने प्रणाली अन्त्य गर्न। मन्त्रालयबाट हुने खर्च विनियोजन विधेयकको आधारमा समयमै सम्पन्न गर्न।

२) एम्बुलेन्स खरिद तथा वितरणमा प्रगति नुहुनु दुखद विषय बन्यो। यसको तत्काल समाधान गर्न।

३) मन्त्रालयबाट हुने अन्य मन्त्रालयसंग मिल्दा जुल्दा कार्यक्रम र योजनामा समन्वयात्मक प्रणाली अपनाउने।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

१) अनुदानलाई ऐनद्वारा व्यवस्थित गर्न।

२) विपन्न, भूमिहिन साना किसानलाई उत्पादन र व्यवसायमा जोडने नीति, योजना र कार्यक्रमसहित बजेट व्यवस्था गर्न।

३) सिंचाईलाई यस मन्त्रालयको कार्यक्षेत्रमा ल्याउन पहल गर्न।

४) बजेट निर्माण पहुँच होइन आवाश्यकताका आधारमा समानुपातिक वितरण प्रणाली अपनाउन र उत्पादनमा आधारित अनुदान प्रणाली अपनाउन।

५) कृषि तथा पशुजन्य व्यवसाय, उद्योग फर्मबाट प्राप्त कर राजश्वलाई प्रदेश आयको रुपमा कायम गर्न।

६) बजेट कार्यान्वयनमा आवश्यक पर्ने सबै प्रकृया र कार्यविधि प्रथम चौमासिक भित्र नै सकी बजेट कार्यान्वयन प्रकृया शुरु गर्न।

७) बजेट कार्यान्वयनमा निष्कृय रहने वा नगर्ने कार्यालय, कर्मचारी माथि दण्डको व्यवस्था गर्न।

**सामाजिक विकास मन्त्रालय**

१) बजेट पहुँचका आधारमा नभइ आवश्यकताका आधारमा समानुपातिक वितरण गर्न।

२) बजेट कार्यान्वयन प्रथम चौमासिकमा नै विनियोन विधेयकका आधारमा गर्न।

३) पहाडी क्षेत्रमा २ वा सो भन्दा बढी जिल्लाको भौगोलिक सुगमता हेरी जिल्ला अस्पताल भन्दा माथिल्लो तहको शिक्षण अस्पताल स्थापना गर्न।

४) एक स्थानीय तह एक प्राविधिक विद्यालयको रुपमा कक्षा १ देखि नै शुरु गर्ने गरी स्थापना गर्न।

५) प्रदेश क्षेत्राधिकार कायम गर्न पहल गर्न।

६) विज्ञान प्रविधिलाई यस मन्त्रालयको कार्यक्षेत्रमा समेट्न पहल गर्न।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

१) एकमुष्ट बजेट राख्ने, समयमा कार्यविधि नआउने र कार्यान्वयन ईकाइ खडा नगर्दा बजेट कार्यान्वयनमा समस्या देखियो। खास गरी पर्यटन पूर्वाधारलाई वन डिभिजनमा शाखा स्थापना गरी कार्यान्वयन गर्न।

२) एकमुष्ट बजेट राखी पहुँचका आधारमा वितरण गर्ने परम्पराको अन्त्य गरी विनियोजन विधेयकका आधारमा समयमै खर्च गर्ने प्रणाली शुरु गर्न।

३) वन व्यवस्थापनमा देखिएको अस्तव्यस्तता अन्त्य गरी प्रदेशलाई वनबाट प्राप्त गर्न सकिने आयको सुनिश्चितता गर्न।

४) सामुदायिक बन बन्न बाँकी रहेका बनहरुलाई सामुदायिक संरक्षित भूपरिधि वन बनाउन।

५) संस्कृतिलाई पर्यटनसंग जोडेर यसै मन्त्रालयको कार्यक्षेत्र कायम गर्न पहल गर्न।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

१) विनियोनन विधेयक प्रणाली अनुसार खर्च नगरी मन्त्रालयबाट थप नियन्त्रण गरेको देखियो। यसलाई विनियोजन विधेयकका आधारमा खर्च गर्न।

२) एकमुष्ट बास्केटमा राखिएको समपुरक तथा ससर्त का रकमहरु पहुँचका आधारमा विनियोजन गरिएको देखियो। आवश्यकता र समानुपातिक विकासलाई अपनाउन।

३) एकमुष्ट बजेट राखी मन्त्रालय र कार्यालयबाट गरिने विनियोजनको अन्त्य गर्न।

४) विनियोजन विधेयक विपरीत रकमान्तर नगर्न।

५) बजेटलाई समयमै कार्यान्वयन गराउन आवश्यक कार्यविधि तथा प्रकृया प्रथम चौमासिक भित्रै गरी सक्न।

६) बजेट कार्यान्वयन नगराउने र आ.व. को अन्तिममा आएर रकमान्तर गरी अनियमितता गर्ने उपर कानूनी कार्वाही गर्न।

७) प्रादेशिक विशेष आयोजना पहुँचका आधारमा नभई आवश्यकताका आधारमा परिमार्जन र कार्यान्वयन गर्न।

- पूर्व बजेट तथा नीति तथा कार्यक्रममा केही विज्ञहरुको सुझाव प्राप्त भएको। ती सुझावलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालयमा जस्ताको तस्तै पठाउने तथा समितिका निम्न थप सुझावसमेत सचिवालयमार्फत एकसाथ पठाउने निर्णय गरियो।

## समितिका सुझावहरु

१) संघीयताको मर्म अनुसार वित्तीय हस्तान्तरण, प्रदेश करक्षेत्र बारे संघसँग समन्वय गरी बढाउन।

२) एकमुष्ट बास्केटमा बजेट राख्ने प्रकृयाको अन्त्य गर्न।

३) कोरोनाको यस महामारीमा अस्पतालहरुको स्तरवृद्धि गर्न, आवश्यक जनशक्ति पूर्ति गर्न र प्रदेशको कम्तिमा पहाडी क्षेत्रमा ३ स्थानमा शिक्षण सुविधासहितको सुविधा सम्पन्न अस्पतालको स्थापना शुरु गर्न।

४) शैक्षिक गुणस्तर सुधार गर्न, विद्यालयको रेखांकन गरी पाठ्यक्रम र पढाइको विषयको निर्धारण गर्न। अंग्रेजी भाषा पढाए वापत भनी शुल्क असुल्ने परम्परा अन्त्य गर्न।

५) प्राविधिक विद्यालय आधारभूत कक्षादेखि नै स्थापनामा जोड दिने।

६) बैदेशिक रोजगारबाट फर्किएका, विपन्न गरिव भूमिहिन किसानलाई उत्पादन र व्यवसायमा जोडने कृषि घरेलु तथा अन्य योजनाहरुको निर्धारण गर्न।

७) समयमै बजेट खर्च गर्न आवश्यक जनशक्ति र स्थानीय तहमा जनशक्ति आपूर्ति समयमै गर्न।

८)  बजेटमा मितव्ययिता अपनाउन कार्यालयहरु काम, भुगोल र जनताको सुविधालाई ध्यानमा राखेर पुनर्सरचना गरी स्थापना गर्ने।

९)  कृषकलाई आवश्यक पर्ने वीउ र खाध आफ्नै देशमा उत्पादन गर्ने वातावरण निर्माण गर्न।

मिति २०७८।१०।०४ गते बसेको बैठकमा आ.ब. २०७८/०७९ को प्रथम चौमासिकसम्मको आम्दानी खर्चको अवस्था र राजश्व सम्बन्धी विषयमा छलफल पश्चात आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निम्न निर्देशन र सुझाव दिने निर्णय गरियो।

क)  प्रदेशको राजश्वको श्रोत पहिचान तथा संकलन र अभिबृद्धि गर्न कार्यदल गठन गरी तत्काल कार्य अघि बढाउन निर्देशन।

ख)  वित्तीय समानीकरण र राजश्व बाँडफाँडमा संघीय सरकारसंग सुत्र र दर नै बृद्धि गर्न प्रदेशले पहल गर्न सुझाव।

मिति २०७८।१०।०९ गते बसेको बैठकले प्रदेश योजना आयोगका सचिवसँग प्रदेशको बजेट तथा योजना छनौट कार्यान्वयनको अवस्था र प्रदेश स्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन कार्यान्वयन सम्बन्धमा छलफल पश्चात प्रदेश योजना आयोगको गठन, संरचना र क्षेत्राधिकार ऐनद्वारा व्यवस्थित गर्न र गठन आदेश खरेज गर्न प्रदेश सरकार (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालय) लाई निर्देशन, प्रदेश योजना आयोगलाई बहुवर्षीय योजनाहरुमा देखिएको वेथिति र प्रदेश सरकारलाई परेको व्ययभारलाई मध्यनजर गरी त्यसको यथार्थ विववरण र त्यसलाई व्यवस्थित गर्ने उपायको वारेमा सम्बन्धित मन्त्रालयहरुसँग छलफल गरी समितिमा राय पेश गर्न, एकिकृत बस्ति सम्बन्धमा अवधारणा, नीति र कार्यान्वयन वारे सम्बन्धित पक्षहरुसँग अन्तरक्रिया कार्यक्रम गरी समितिमा राय पेश गर्न र MTEF को कार्यान्वयनमा देखिएको बजेटिङ्ग समस्यालाई नीतिगत समाधान गर्न सम्बन्धित पक्षसँग अन्तरक्रिया गरी समितिमा राय पेश गर्न निर्देशन दिइएको थियो।

## स्थलगत अनुगमन भ्रमण तथा अन्तरक्रिया कार्यक्रमहरु

- मिति २०७६/१०/१५ गते प्रादेशिक सडक आयोजना अन्तर्गत केचना झापादेखि सगरमाथा आधार शिविर जोडने सडकको वस्तुगत अवस्था संभावना र आयोजनाको दुरीको विषयमा अध्ययन, अवलोकन गर्न समितिका माननीय सदस्यज्यूहरु, सडक आयोजनाका प्रमुखज्यू र सचिवालय कर्मचारी समेतको टोली आयोजना शुरु स्थल कचनकवल झापा गई अवलोकन गरिएको।

- मिति २०७९/०२/२० गतेदेखि ऐ २३ गतेसम्म संखुवासभा जिल्लाको अवलोकन तथा अनुगमन भ्रमणका क्रममा अरुण तेश्रो जलविद्युत आयोजना र अन्य प्रादेशिक आयोजनाहरुको अवलोकन गरिएको।
- मिति २०७६/०२/०८ गते माननीय सभामुखज्यू र उपसभामुखज्यूको विशेष आतिथ्यतामा समितिका सभापतिज्यूहरुको उपस्थितिमा विज्ञहरु संघीय संसदका सचिव ध्रुव घिमिरेज्यू, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोगका सचिव बैकुण्ठ अर्यालयज्यू र संघीय संसदका शा.अ. सानुकाजी ब्यञ्जनकारसँग समितिको काम, कर्तब्य र कार्यविधि बारेमा अन्तरक्रियात्मक कार्यक्रम गरिएको।
- मिति २०७६/०२/२१ गते उदयपुर र मिति २०७६/०२/२५ गते विराटनगरमा बजेटको उद्देश्य, प्राथमिकता तथा विनियोजन सम्बन्धमा सुझाव संकलन सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको।
- मिति २०७६/०८/२६ देखि २०७६/०९/०२ गतेसम्म संघीय अर्थ समिति, विभिन्न मन्त्रालयका मन्त्रीज्यूहरुसँग भेटघट, छलफल तथा अन्तरक्रिया गरिएको।
- मिति २०७९/०२/२० गतेदेखि ऐ २३ गतेसम्म संखुवासभा जिल्लाको अवलोकन तथा अनुगमन भ्रमणका क्रममा जिल्लाका तीन नगरपालिका र दुई गाँउपालिकामा नगरपालिका तथा गाउँपालिकाहरुका जनप्रतिनिधिहरु, कार्यालय प्रमुखहरु र संघसंस्थाहरुसँग अन्तरक्रिया तथा छलफलका कार्यक्रम गरिएको।
- मिति २०७९/०३/२० देखि ऐ २५ गतेसम्म गरेको सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशको अर्थ समितिसँग भेटघाट, अनुभव आदान प्रदान तथा अन्तरक्रिया गरिएको।

## समितिमा छलफल भई पारित विधेयकहरु

समितिमा दफावार छलफलका लागि आएको सार्वजनिक निजी साझेदारी तथा लगानी प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६, माथि मिति २०७६/०५/०४ देखि सामान्य छलफल भई विभिन्न मिति तथा बैठकहरुमा सम्बन्धित विषयगत मन्त्रालय, विषय विज्ञ तथा सरोकारवालाहरुसँग समितिमा दफावार छलफल गरी मिति २०७६/०५/२५ गते संशोधन प्रस्तावको प्रतिवेदन माथि छलफल भई प्रस्तुत प्रतिवेदनमा थपघट गरी संशोधन प्रतिवेदन सर्वसम्मतिले पारित गरी सभामा पेश गरिएको थियो।

प्रदेश सभा नियमावली, २०७४ को नियम ९४ को  उपनियम (१) को खण्ड (ख) बमोजिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ लाई दफावार छलफलको लागि समितिमा पठाईयोस भन्ने प्रस्ताव प्रदेश सभाको आठौं तथा बजेट अधिवेशनको २८ औं बैठकबाट पारित भई यस समितिमा दफावार छलफलको लागि प्राप्त उक्त विधेयकमा मिति

२०७८/११/१२ गतेदेखि विभिन्न मितिमा भएको बैठकमा संशोधनकर्ता माननीयहरु सम्बन्धित मन्त्रालय, विषयविज्ञहरु तथा सरोकारवालाहरुसँगको छलफल पश्चात मिति २०७८/११/३० गते आर्थिक मामिला तथा योजना मन्त्री, आर्थिक मामिला तथा योजना सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव र प्रदेश लेखा नियन्त्रकसँग विस्तृतरुपमा दफावार छलफल पछि समितिमा दफावार छलफलबाट विधेयकमा संशोधनसहित संशोधन प्रतिवेदन सभामा पेश गरिएको।

## सुशासन तथा योजना समिति

### समितिको परिचय र माननीय सदस्यहरुको विवरण

प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ को नियम १२३(१) बमोजिम सुशासन तथा योजना समितिको सभापतिको निर्वाचनको लागि मिति २०७५ साल चैत्र २२ गते समितिको ज्येष्ठ सदस्य माननीय राधा थापाको अध्यक्षतामा पहिलो बैठक बसी माननीय माननीय अर्जुन राईलाई सुशासन तथा योजना समितिको सभापति पदमा निर्वाचन गरियोस् भनी माननीय धिरेन्द्र शर्मा प्रस्तावक भई माननीय गुलेफुन खातुनको समर्थनसहित एकमात्र प्रस्ताव दर्ता भएकोले माननीय अर्जुन राई समितिको सभापति पदमा निर्वाचित हुनभएको थियो। ज्येष्ठ सदस्य माननीय राधा थापाको अध्यक्षतामा पहिलो बैठक बसेको थियो । सभापति माननीय अर्जुन राईको अध्यक्षतामा मिति २०७६/१०/८ मा पहिलो बैठक बसेको थियो। यस समितिको कार्यक्षेत्र मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग रहेको छ। समितिको विवरण यस प्रकार रहेको छः

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | माननीय अर्जुन राई | सभापति | |
| २ | माननीय उषाकला राई | सदस्य | |
| ३ | माननीय गूलेफून खातुन | सदस्य | |
| ४ | माननीय ज्योती सुब्बा | सदस्य | |
| ५ | माननीय तेजमान कन्दङवा | सदस्य | |
| ६ | माननीय धिरेन्द्र शर्मा | सदस्य | |

| | | | |
|---|---|---|---|
| ७ | माननीय वल बहादुर साम्सोहाश्ङ | सदस्य | |
| ८ | माननीय भिम प्रसाद आचार्य | सदस्य | |
| ९ | माननीय राधा थापा | सदस्य | |
| १० | माननीय शेखर चन्द्र थापा | सदस्य | |
| ११ | माननीय सुनिता कुमारी चौदरी | सदस्य | |
| १२ | माननीय सूयर्माराज राइ | सदस्य | |

## समिति सचिवालय कर्मचारी

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री सरिता पोखरेल | समिति सचिव | |
| २ | श्री यमनाथ वराल | समिति सहायक | |

## समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम/शिर्षक | संख्या | सम्बन्धित सरोकारवालाहरु | कैफियत |
|---|---|---|---|---|
| १ | समितिको नियमित बैठक संख्या<br>(क) समिति<br>(ख) उपसमिति | ४७ वटा<br>३ वटा | | |
| २ | अन्तरक्रिया, छलफल तथा अनुगमन कार्यक्रम | ३१ वटा | | |
| ३ | अन्तर प्रदेश भ्रमण कार्यक्रम | २ वटा | सबै प्रदेश सभा | |
| ४ | समितिमा विधेयक छलफल तथा सभामा पेश गरिएका प्रतिवेदन | ६ वटा | | २ विधेयक<br>४ प्रतिवेदन |
| ५ | समितिका अन्य क्रियाकलाप | | | |

## समितिमा छलफल भई पारित विधेयकहरु

- प्रदेश लोक सेवा आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६
- प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९

## समितिबाट भएका महत्वपूर्ण निर्णय, निर्देशन सुझाव तथा कार्यहरुको विवरण

- २०७५-१२-२२को पहिलो वैठकबाट समितिको सभापति मा. अर्जुन राई निर्वाचित हुनु भएको।
- समितिलाइ प्रत्येक आ.व.को लागि प्राप्त बजेट भित्र रहि समितिले आफ्नो बार्षीक कार्ययोजना तथा कार्यतालिका तयार गरी समितिको निर्णय अनुसार कार्यान्वयन गर्ने गरेको।
- समितिले प्रत्येक आ.ब.को बार्षिक प्रतिवेदन तथार गरी सभापति मार्फत सभामा प्रस्तुत गर्ने गरेको।
- समितिको विभिन्न मितिको निर्णयानुसार ५ बर्षे कार्यकालमा समितिले २४ वटा अन्तर्क्रिया, छलफल तथा अनुगमनका कार्यक्रम गरि प्रदेश सरकार तथा सरोकारवालालाइ समय समयमा देहायका निर्देशनहरु दिएको।
- मिति २०७९/०८/०६ को समितिको निर्णयबाट ताप्लेजुङ जिल्ला फत्ताङ्लुङ गाउँपालिकामा संचालित एकीकृत बस्ती विकास कार्य (सिवा बजार व्यवस्थापन) मैवा खोला वडा नं. ३ मा संचालित निर्माणाधिन मदन भण्डारी स्मृति रंगशाला र चाँगे गोर्जा सडक स्तरवृद्धि कार्यमा प्रभावकारी काम नभएको जनगुनासोका सम्बन्धमा सत्यतथ्य पत्ता लगाई दोषीलाई कारवाही गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिएको।
- यातायात व्यवस्था कार्यालय विर्तामोड झापाको ट्रायल सेन्टरको मापदण्ड सुधारको लागि भौतिक पूर्वाधार विकास मन्त्रालयलाई मिति २०७९/१०/०९ को निर्णयबाट निर्देशन दिएको।
- आ.व. ०७७/०७९ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट प्राथमिकताका आधारमा यथार्थपरक र जनमुखी कार्यक्रम ल्याउन विभिन्न बुँदाहरुमा आधारित रही मिति २०७७/०३/१५ को निर्णयबाट सरकारलाई सुझाव दिएको।
- आ.व. ०७७/०७८ को बजेट, कार्यक्रम तथा योजना बीच तालमेल नभई ठूलो अन्तरको अवस्था रहेकोले सरकारले बजेटको ५०% समर्पण र शीर्षकगत आंशिक तथा पूर्ण रोक्का समेत गरेर बजेट कार्यान्वयनको अवस्था अबरुद्ध हुन गएकोमा यस्ता बजेट तर्जुमामा भए गरेका त्रुटी र कमी कमजोरीलाई सूक्ष्म ढङ्गले समीक्षा गरिसकेसम्म सभामा पुनः संशोधित बजेट पेश गर्ने समय नभए श्रोत अनुसारको बजेट कार्यक्रमलाई समयमै कार्यान्वयन गरी गुणस्तरयुक्त तवरले कार्य सम्पन्न गर्न सरकारलाई निर्देशन दिएको। साथै स्वीकृत नभएको कार्यक्रम, आयोजनामा खर्च गर्न स्वीकृति दिएको भन्ने सम्बन्धमा त्यसरी स्वीकृति दिने पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक कारवाहीको लागि समेत निर्देशन दिएको।

- आ.व. ०७८/०७९ को बजेट तर्जुमा गर्दा विगतको बजेट तर्जुमाको अवस्थामा भएको गम्भीर प्रकृतिका त्रुटी तथा समस्यालाई दोहोरिन नदिई श्रोतको पर्याप्त व्यवस्था गरेर मात्रै बजेट कार्यक्रम तथा योजना छनौट गर्न निर्देशन दिएको।
- जनशक्तिको अभावमा लक्ष्य अनुसार प्रगति नभएको बुझिन आएकोले जनशक्ति उपयुक्त व्यवस्था मिलाई सरल र सहज तवरले कार्य सम्पादन गरी सुशासन समेत कायम गर्न निर्देशन दिएको।
- पूँजीगत खर्चको स्थिति बढाउन, सरकारी दायित्व र आम्दानी बीचको सन्तुलन कायम गर्न विभिन्न घटनाका पीडितहरुलाई समयमै उचित राहतको व्यवस्था गर्न अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न प्रदेश लोकसेवा आयोग र प्रदेश योजना आयोगलाई सक्रिय र सशक्त बनाउन आवश्यक ऐनहरुको तर्जुमा गर्न, निर्णय गर्न र सुशासनको प्रत्याभूति गराउन मिति २०७८/११/२९ को निर्णयबाट निर्देशन गरेको।
- समितिका आफ्ना बैठकहरु समयमा वस्नुका साथै अन्तर प्रदेश अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम, अवलोकन, अनुगमन तथा अन्तरक्रिया, प्रदेश लोकसेवा आयोग ,प्रदेश योजना आयोगका बार्षिक प्रतिवेदन माथि दलफल गर्ने गरेको लयायत यसै प्रतिवेदनमा उल्लिखित कार्यहरु सम्पादन गरिएको । हालसम्म बैठक संख्या ४७ रहेको छ । यसका अलावा समितिले सरकारलाई आफ्ना काम कारवाहीहरुलाई नियम संगत र प्रक्रियागत ढंगले गराउनु पर्नेमा जोड दिंदै आबश्यक निर्देशन दिंदै आएको छ।

## सार्वजनिक लेखा समिति

### समितिको परिचय र माननीय सदस्यहरुको विवरण

सार्वजनिक लेखा समिति संसद्को एउटा महत्वपूर्ण विषयगत समिति हो। यसको विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतको संसदमा सन् १८६१ मा भएको थियो। सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनितिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो। राज्यकोषको खर्च संसद्ले चाहेबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो। बेलायतमा स्थापित परम्पराअनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ। नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखिनै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो। हाल नेपालको संविधानको धारा १९३ वमोजिम प्रदेश सरकारलाई

प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन तथा राय सल्लाह दिन समेतका लागि संघीय संरचना अनुसार प्रदेश नं. १ को प्रदेशसभा नियमावली २०७४ को नियम १३१ बमोजिम बढिमा १७ सदस्य रहने गरी ७ वटा विषयगत समिति रहने व्यवस्था रहेको छ। त्यसै अनुरुप प्रदेश सभा अन्तर्गत रहेका समितिहरु मध्ये सार्वजनिक लेखा समिति पनि एक  महत्वपूर्ण समिति हो। समितिमा सभामुखले  सभाको सहमति लिई मनोनित गरेका बढीमा १७ जना सदस्यहरू रहन सक्ने व्यवस्था भएता पनि ११ जना सदस्य रहेको समिति गठन भएको थियो। पछि एक सदस्य थप भई १२ जना सदस्यहरु रहेका थिए।

प्रदेश नं. १ मा सार्वजनिक लेखा समितिको गठन २०७४ चैत्र २८ गते बसेको प्रदेश सभाको बैठकको सहमति बमोजिम माननीय सभामुखबाट समितिका सदस्यहरुको चयन भई समितिको गठन भएको हो। समितिको गठन पश्चात ज्येष्ठ सदस्य माननीय ओमप्रकाश सरावगीको अध्यक्षतामा मिति २०७५ चैत्र २२ गते बसेको बैठकबाट सभापतिमा माननीय शिवनारायण गनगाई निर्वाचित हुनुभयो। समितिका सदस्यहरुको विवरणः

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | मा. शिवनारायण गनगाई | सभापति | |
| २ | मा. अम्बिका थापा | सदस्य | |
| ३ | मा. आशारत्न जबेगु | सदस्य | |
| ४ | मा. ओम प्रकाश सरावगी | सदस्य | |
| ७ | मा. कुल प्रसाद साम्बा | सदस्य | |
| ६ | मा. कुसुम कुमारी श्रेष्ठ | सदस्य | |
| ७ | मा. तुलसी प्रसाद न्यौपाने | सदस्य | |
| ८ | मा. बसन्त कुमार बानिया | सदस्य | |
| ९ | मा. लोक प्रसाद संग्रौला | सदस्य | |
| १० | मा. सन्जा कुमारी दनुवार | सदस्य | |
| ११ | मा. हिक्मत कुमार कार्की | सदस्य | |
| १२ | मा. होम कुमारी सावाँ | सदस्य | |

## समिति सचिवालय कर्मचारी

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री भवानी घिमिरे | समिति सचिव | |
| २ | श्री कुमार फुयल | समिति सहायक | |

## समितिको कार्यप्रक्रिया

१. सञ्चालनको निम्ति सभापतिको निर्देशन पश्चात समिति सचिवालयले सम्पूर्ण सदस्यहरुलाई बैठक सञ्चालन सम्बन्धमा सचिवालयको हातामा सूचना टाँस गर्ने तथा प्रत्यक सदस्यहरुलाई SMS वा टेलिफोन मार्फत सूचना दिने गरिएको छ।

२. समितिको बैठकको कार्य सूची तयार गरी छलफलका बिषयहरु तोकिने गरिएको ।

३. बैठकहरु सभापतिको सभापतित्वमा सञ्चालन बैठक हुँदै आएका छन्।

४. समितिको बैठकको गणपूरक संख्या ५१ प्रतिशत रहने व्यवस्था छ।

५. बैठकका निर्णयहरुलाई सभापतिले प्रमाणित गरी समिति सचिवालयमा लिखित अभिलेखको रुपमा राखे गरिएको छ।

६. समितिको बैठकमा छलफलको बिषयवस्तु अनुसार सम्बन्धित निकायका सरोकारवालाहरु र आवश्यक पर्दा बिशेषज्ञहरु समेतलाई आमन्त्रण गरी छलफल गर्ने गरिएको छ।

७. समितिको सम्पूर्ण काम कारवाहीहरु समितिको बैठकको निर्णयको आधारमा सञ्चालन हुने गर्दछ।

## समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम/शिर्षक | संख्या | सम्बन्धित सरोकारवालाहरु | कैफियत |
|---|---|---|---|---|
| १ | समितिको नियमित बैठक संख्या<br>(क) समिति<br>(ख) उपसमिति | ५४ वटा<br>- | | |
| २ | अन्तरक्रिया, छलफल तथा अनुगमन कार्यक्रम | ६ वटा | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | अन्तर प्रदेश भ्रमण कार्यक्रम | २ वटा | वाग्मती प्रदेश सभा, गण्डकी प्रदेश सभा, मधेश प्रदेश सभा, लुम्बिनी प्रदेश सभा र सुदूरपश्चिम प्रदेश सभा | |
| ४ | समितिमा विधेयक छलफल तथा सभामा पेश गरिएका प्रतिवेदन | - | | |

**समितिमा भए गरेका अभ्यासहरु**

१. विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी समितिमा परेका उजुरी,गुनासो आदि बिषयमा छानविन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशनहरु दिने कार्य गरियो।

२. प्रदेश सरकारले सञ्चालन गरेका ठूला आयोजनाहरुको अनुगमन निरीक्षण गर्ने कार्यहरु गरियो।

३. महालेखापरीक्षकको कार्यालयको बार्षिक प्रतिवेदनहरु माथि विज्ञहरु समेत बोलाई प्रतिवेदनले औंल्याएका बेरुजु फछ्र्यौट गर्न र सुझावहरु पालना गर्न प्रदेश सरकारका मन्त्रालयहरुलाई निर्देशन दिने कार्यहरु गरियो।

४. बेरुजु र फछ्र्यौटको अवस्था सम्बन्धमा जिल्लास्तरमा समेत कार्यालय प्रमुखहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमको सुरुवात गरियो।

५. पाँच वटा प्रदेशहरुको अन्तर प्रदेश भ्रमण गरी सार्वजनिक लेखा समितिसँग छलफल, अन्तरक्रिया गरी अनुभव आदान प्रदान गरियो।

**समितिले प्रदेश सरकारलाई दिएका मुख्य मुख्य निर्देशनहरु**

क) प्रदेश नं. १ मा सम्पन्न भएको प्रदेशस्तरीय मुख्यमन्त्री कप फुटबल खेलमा अनियमितता भएको भनी परेको उजुरी सम्बन्धमा छानबिन गरी आन्तरिक लेखा परीक्षणको प्रतिवेदनले औंल्याएका बेरुजु असुल उपर गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिइयो।

ख) पूर्व पश्चिम राजमार्ग अन्तर्गत बुढी खोला र गछिया खोलाको पुलमा कालोपत्र तथा गछिया खोलादेखि खोर्सानिसम्मको कालोपत्र गर्ने कार्य गुणस्तरहीन भएको भन्ने बिषयमा समितिबाट अनुगमन, निरीक्षण गरी गुणस्तरीय रुपमा पुनः मर्मत गर्न निर्देशन दिइयो।

ग) ट्रायल सेन्टर सुदृढीकरण सम्बन्धी मुख्यमन्त्रीस्तरीय निर्णय बदर गरी पाऊँ भनी समितिमा परेको उजुरी सम्बन्धमा सम्बन्धित निकायका पदाधिकारीहरु बोलाई आबश्यक छलफल तथा स्थलगत अनुगमन गरी सम्बन्धित निकायलाई ऐन नियम अनुसार गर्न, गराउन निर्देशन दिइयो।

घ) आ.व. २०७४/७५, आ.व. ०७५/७६, ०७६/७७ को म.ले.प. को प्रतिवेदनमाथि छलफल गरी प्रतिवेदनमा औंल्याइएका वेरुजु फछ्र्यौट गर्न र सोको प्रगति पेश गर्न सबै मन्त्रालयका सचिवहरुलाई निर्देशन दिइयो।

## समितिका चुनौतीहरु

क) समितिले माग गरेका विवरणहरु प्रदेश सरकारले समयमा उपलब्ध नगराउनु।

ख) समितिले दिएका निर्देशनहरु पालना नहुनु ।

ग) समितिको काम कारवाही प्रविधि मैत्री नहुनु।

घ) समिति सदस्य र सचिवालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने कार्य नहुनु।

ङ) अध्ययन, भ्रमण, छलफल तथा अन्तरक्रिया लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था नहुनु।

च) अन्य राष्ट्रहरुका प्रादेशिक सार्वजनिक लेखा समितिहरुले गरेका अभ्यासको बारेमा अनुभव आदान प्रदान हुन नसक्नु ।

छ) कोरोना महामारीबाट समितिका काम कारवाही प्रभावित हुनु।

# सामाजिक विकास समिति

## समितिको परिचय र माननीय सदस्यहरुको विवरण

प्रदेश सरकारका विभिन्न तहबाट सम्पादन हुने सामाजिक विकास सम्बन्धी कार्यलाई समन्वय र सहजीकरण तथा निगरानी सम्बन्धी कार्य गर्न अलग्गै समितिको आवश्यकताको बोध गरी प्रदेश सभामा सामाजिक विकास समितिको व्यवस्था गरिएको हो। प्रदेश सभा नियमावली, २०७४ को नियम १३१ अनुसार सामाजिक विकास समितिको कार्यक्षेत्र भित्र हाल सामाजिक विकास मन्त्रालय, कृषि मन्त्रालय, स्वास्थ्य मन्त्रालय र भूमि व्यवस्था सहकारी तथा गरिबीनीवारण मन्त्रालय रहेको छ । समितिको काम, कर्तव्य र अधिकारका सम्वन्धमा प्रदेश सभा नियमावली, २०७४ को दफा १३६ ले निर्दिष्ट गरे वमोजिम हुने व्यवस्था छ।

सामाजिक विकास समितिको पहिलो बैठक २०७५/०४/२८ मा ज्येष्ठ नागरिकको हैसियतले माननीय अगमलाल चौधरीको अध्यक्षतामा बसेको थियो भने २०७५/१२/२२ मा समिति पूर्णरुपमा गठन भएपश्चात माननीय सरिता थापाको अध्यक्षतामा बस्न सुरु भएको थियो। ज्येष्ठ सदस्य माननीय अगमलाल चौधरीको अध्यक्षतामा ८ वटा बैठक बसेको थियो। समितिको विवरण यस प्रकार रहेको छः

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | माननीय सरिता थापा | सभापति | |
| २ | माननीय अगम लाल चौधरी | सदस्य | |
| ३ | माननीय कला घले | सदस्य | |
| ४ | माननीय कल्पना कुमारी सरदार | सदस्य | |
| ५ | माननीय कृष्ण कुमारी राई | सदस्य | |
| ६ | माननीय गणेश कुमार काम्बाङ्ग | सदस्य | |
| ७ | माननीय केदार कार्की | सदस्य | |
| ८ | माननीय जिवन घिमिरे | सदस्य | २०७९/०३/१८ देखि |
| ९ | माननीय झलक बहादुर मगर | सदस्य | |
| १० | माननीय निरन राई | सदस्य | |
| ११ | माननीय राजेन्द्र कुमार राई | सदस्य | |
| १२ | माननीय राम चन्द्र लिम्बु | सदस्य | |
| १३ | माननीय लछुमन तिवारी | सदस्य | |
| १४ | माननीय सावित्रा कुमारी रेग्मी | सदस्य | |

## समिति सचिवालय कर्मचारी

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | श्री राम प्रसाद चापागाई | समिति सचिव | |
| २ | श्री भवानी चम्लागाई | समिति सहायक | |

## समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम/शिर्षक | संख्या | सम्बन्धित सरोकारवालाहरु | कैफियत |
|---|---|---|---|---|
| १ | समितिको नियमित बैठक संख्या<br>(क) समिति<br>(ख) उपसमिति | ७८ वटा<br>- | | |
| २ | अन्तरक्रिया, छलफल तथा अनुगमन कार्यक्रम | ६ वटा | | |
| ३ | अन्तर प्रदेश भ्रमण कार्यक्रम | २ वटा | गण्डकी प्रदेश सभा, कर्णाली प्रदेश सभा, लुम्बिनी प्रदेश सभा र सुदूरपश्चिम प्रदेश सभा | |
| ४ | समितिमा विधेयक छलफल तथा सभामा पेश गरिएका प्रतिवेदन | ७ वटा | | |
| ५ | समितिका अन्य क्रियाकलाप | | | |

## समितिको महत्वपूर्ण निर्णयहरु

- २०७५/१२/१९ को ७ औ वैठकबाट खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधयक २०७४ को दफावार छलफल।
- २०७५/१२/२२ को ८ औं वैठकबाट सामाजिक विकास समितिको सभापति मा. सरिता थापा निर्वाचित हुनु भएको।
- ०७७/०१/०९ को १२ औं वैठकबाट सहकारी सम्बन्धी विधेयक माथि समितिमा दफावार छलफल शुरु।
- २०७६/०१/१० को १३औं वैंठकबाट खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४ समितिबाट पारित।

- २०७६/०५/२२ को २८औं वैठकबाट मनमोहन प्रा. विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि समितिमा छलफल प्रारम्भ।
- २०७६/०५/३० को ३३ औं वैठकबाट मनमोहन प्रा.वि.वि. सम्बन्धमा व्यवस्था षर्न बनेको विधेयक २०७६ समितिबाट बहुमतले पारित।
- २०७६/०५/०७ को ३६औं वैठकबाट कृषि अनुदान दिने सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको।
- २०७६/११/०६ को ४१ औं वैठकबाट जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक २०७६ माथि दफावार छलफल भएको।
- कोरोना महामारीको सम्बन्धमा नियन्त्रण गर्न आवश्यक छलफल अनुगमन एवं निर्देशन।
- २०७७/०२/२१ को ४६ औं वैठकबाट वालवालिका अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ माथि दफावार छलफल प्रारम्भ।
- मिति २०७८/११/२० मा बसेको ६५औं वैठकबाट आ.व. ०७६/०७७,०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने निर्णय।
- प्रदेश सभाका महिला माननीयहरुका लागि लैङ्गिक समावेशीता सम्बन्धी बजेट निर्माण र कार्यान्वयन विषयक तालीम प्रदेश सहयोग कार्यक्रमको साझेदारीमा सञ्चालन गर्ने निर्णय।
- मिति २०७९/०२/०६ को ६६ औं वैठकबाट सु.प. तथा लुम्बिनी प्रदेशसंग अनुभव आदान प्रदान भ्रमणको कार्यक्रम पारित।
- २०७९/०२/२३ ६७औं वैठक बाट भ्रमण सम्पन्न गरी खर्च तथा प्रतिवेदन अनुमोदन।
- मिति २०७३/०२/२३ को ६८औं वैठक प्रदेश स्वास्थ्य मन्त्रालयको आ.व. ०७८/७९ को बजेट तथा कार्यक्रम माथि छलफल तथा निर्देशन।
- मिति २०७९/०२/२४ को ६९औं वैठकबाट कृषि मन्त्रालयको आ.व. ०७८/७९को बजेट तथा कार्यक्रम माथि छलफल तथा निर्देशन।
- मिति २०७९/०२/३१ को ७०औं वैठकबाट सोलुखुम्बु जिल्ला स्थित अस्पताल, बहुप्राविधिक शिक्षालय अनुगमन तथा विषयगत कार्यालयहरुको अनुगमन निरीक्षण गर्ने प्रस्ताव स्वीकृत।
- मिति २०७९/०३/०६ को ७१ औं वैठकबाट अनुगमन अवलोकन भ्रमण सम्पन्न भएकोले खर्च खर्च अनुमोदन तथा प्रतिवेदन पारित ।

- मिति २०७९/०४/०९ को ७३ औं वैठकबाट आ.व. ०७६/७७, ०७७/७८ र ०७८/७९ को प्रतिवेदन स्वीकृत गरी प्रदेश सभामा पेश गर्ने निर्णय। आ.व. ०७९/८० को कार्यक्रम बजेट पारित।
- २०७९/४/३१ को ७५ औं वैठकबाट स्वास्थ्य मन्त्रालयको आ.व. ०७८/७९ को बजेट तथा कार्यक्रम तथा प्रगति माथि छलफल तथा निर्देशन ।
- २०७९/४/३१ ७७ औं वैठकबाट सामाजिक विकास मन्त्रालयको आ.व. ०७८/७९ को बजेट कार्यक्रम तथा प्रगति माथि छलफल र निर्देशन ।
- २०७९/५/०१ को ७७ औं वैठकबाट आ.व. ०७८/७९ को बजेठ कार्यक्रम तथा प्रगति माथि छलफल ।
- २०७९/५/०१ ७८ औं वैठकबाट आ.व. ०७८/७९को बजेट कार्यक्रम र प्रगति माथि छलफल गरी निर्देशन ।

## समितिले सम्पादन गरेका अन्य कार्य

समितिका आफ्ना बैठकहरु समयमा वस्नुका साथै अन्तर प्रदेश अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम, अवलोकन, अनुगमन तथा अन्तरक्रिया, स्वास्थ्य तथा कृषि मन्त्रालयको यस आ.व.को प्रगति तथा आगामी कार्यक्रम बारे छलफल तथा निर्देशन, महिला माननीय ज्यूहरुका लागि लैङ्गिक उत्तरदायी बजेट निर्माण सम्वन्धी अभिमुखीकरण तालिम लयायत वार्षिक प्रतिवेदनमा उल्लिखित कार्यहरु सम्पादन गरिएको। यसका अलावा समितिले सरकारलाई आफ्ना काम कारवाहीहरुलाई नियम संगत र प्रक्रियागत ढंगले गराउनु पर्नेमा जोड दिंदै आबश्यक निर्देशन दिंदै आएको छ। यसमा उल्लेख भएका विवरणहरु समितिको निर्णयपुस्तिका, वार्षिक प्रतिवेदन र सचिवालयमा भएका अन्य कागजातहरुका आधारमा तयार गरिएको हो । अन्तमाः यो प्रथम पाँच बर्षे कार्यकालमा सम्पादन भएका विधायिकी, संसदीय निगरानी र सामान्य नियमित कार्यहरुको सारांश जानकारीको रुपमा तयार गर्न सल्लाह, सहयोग र सुझाव प्रदान गर्नुहुने प्रदेश सभा सचिव श्रीमान् गोपाल प्रसाद पराजुलीज्यू प्रति आभार प्रकट गर्दै सबै समितिका सचिव तथा अन्य कर्मचारी मित्रहरु र समितिका सहायक सचिवको रुपमा काम गर्नु हुने श्री भवानी प्रसाद चाम्लागाईलाई धन्यवाद दिन चाहन्छु ।

## उद्योग, पर्यटन तथा वातावरण समिति

## समितिको परिचय र माननीय सदस्यहरुको विवरण

प्रदेश सभा नियमावली, २०७४ को नियम १३१ अनुसार उद्योग, पर्यटन तथा वातावरण समितिको कार्यक्षेत्र भित्र हाल वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, पर्यटन तथा संस्कृति मन्त्रालय, र उद्योग, श्रम तथा रोजगार मन्त्रालयहरु रहेका छन। मिति २०७५/१२/२२ माननीय विध्यानन्द चौधरीज्यूको अध्यक्षतामा ज्येष्ठताको आधारमा समितिको पहिलो बैठक बसेको थियो। उक्त बैठकबाट माननीय सीता थेवे जवेगु सभापति चुनिनु भएको थियो। माननीय सीता थेवे जवेगुको सभापतित्वमा मिति २०७५/१२/२५ गते पहिलो बैठक बसेको थियो। समितिको विवरण यस प्रकार रहेको छः

| क्र. सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १. | मा. सीता थेवे जबेगु | सभापति | |
| २. | मा. उमिता विश्वकर्मा | सदस्य | |
| ३. | मा. काजिमान कागते | सदस्य | मिति २०७९/१/११ मा राजिनामा स्वीकृत गराउनु भएको । |
| ४. | मा. जगदिश प्रसाद कुसियैत | सदस्य | मिति २०७९/३/५ देखि समिति सदस्यमा रहनु भएको । |
| ५. | मा. नवोदिता कुमारी चौधरी | सदस्य | |
| ६. | मा. नारायण बहादुर मगर | सदस्य | |
| ७. | मा. बिन्दिया कार्की | सदस्य | |
| ८. | मा. बुद्धि कुमार राजभण्डारी | सदस्य | |
| ९. | मा. राम वहादुर राना | सदस्य | |
| १०. | मा. लिलम बस्नेत | सदस्य | |
| ११. | मा. विध्यानन्द चौधरी | सदस्य | |
| १२. | मा. श्रीप्रसाद मैनाली | सदस्य | |

## समिति सचिवालय कर्मचारी

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री भानुभक्त गुरागाई | समिति सचिव | |

## समितिको महत्वपूर्ण कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम/शिर्षक | संख्या | सम्बन्धित सरोकारवालाहरु | कैफियत |
|---|---|---|---|---|
| १ | समितिको नियमित बैठक संख्या<br>(क) समिति<br>(ख) उपसमिति | ५२ वटा<br>- | | |
| २ | अन्तरक्रिया, छलफल तथा अनुगमन कार्यक्रम | ५ वटा | | |
| ३ | अन्तर प्रदेश भ्रमण कार्यक्रम | १ वटा | वाग्मती प्रदेश सभा, मधेश प्रदेश सभा,<br>र लुम्बिनी प्रदेश सभा। | |
| ४ | समितिमा विधेयक छलफल तथा सभामा पेश गरिएका प्रतिवेदन | ६ वटा | | |
| ५ | समितिका अन्य क्रियाकलाप | | | |

## समितिमा दफावार छलफल गरी पारीत भएका विधेयकहरु

१. प्रदेश पर्यटन विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

२. प्रदेश वनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

३. प्रदेश स्तरमा फर्म दर्ता, नविकरण तथा तत्सम्वन्धि अन्य व्यवस्था गर्न बनेको विधेयक, २०७६

४. प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

५. प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

६. प्रदेश प्रज्ञा प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९

## उद्योग, पर्यटन तथा वातावरण समितिको हालसम्मको गतिविधिहरु

| क्र.स. | बैठक संख्या | मिति | मुख्य विवरण |
|---|---|---|---|
| १. | १ | २०७५/१२/२२ | सभापति माननीय सीता थेवे जवेगुलाई चयन गरिएको । |
| २. | ३ | २०७६/०१/०९ | प्रदेश पर्यटन विकास विधेयक समितिमा दफावर छलफलको लागि पेस भएको । |
| ३. | ७ | २०७६/०२/२६ | उक्त विधेयक उपर सरोकारवाला, विभागीय मन्त्रीसहितको छलफल पश्चात प्रतिवेदन तयार गरि पारित गरिएको । |
| ४. | १० | २०७६/०८/२३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई प्रथम चौमासिक प्रगति विवरण माग गरेको । |
| ५. | १५ | २०७६/०९/१४ | सरोकारवाला निकाय तीनै तहको सरकारको संयुक्त सहभागितामा विराटनगर मनपा वडा नं. १८ मा जीर्ण अवस्थामा रहेको विराट राजाको दरवार क्षेत्रको अवलोकन पश्चात सो क्षेत्रको संरक्षण, प्रवर्धन र विकास गर्न सुझाव र निर्देशन दिइएको। |
| ६. | १५ | २०७६/०९/१४ | समितिले विषय विज्ञसहितको अन्तरक्रिया गरेको। |
| ७. | १८ | २०७६/१०/०९ (कार्यक्रम अनुमोदन) | मिति २०७६/०९/१९ गतेदेखि २०७६/१०/०७ गतेसम्म पर्यटन क्षेत्रका सरोकारवालाहरुसँग इलाम जिल्लामा (२०७६/०९/१९ र २० गते), वन क्षेत्रका सरोकारवालाहरुसँग उदयपुर जिल्लामा (२०७६।९।२३ गते) र उद्योगी व्यवसायीहरुसँग विराटनगरमा (२०७६/०९/२५गते) तत् तत् क्षेत्रमा रहेका समस्याहरु, समाधानको उपाय र नीति निर्माणमा समितिको रहने भूमिका सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको । |
| ८. | समितिले अवलोकन भ्रमण तथा तत् क्षेत्रका सरोकारवालाहरुसँग अन्तर्किया कार्यक्रम संचालन । | | १. मिति २०७६/९/२२ मा उदयपुर सिमेन्ट उद्योग लि. को अनुगमन<br>२. मिति २०७६/९/२५ सुनसरी जिल्लाको बर्जु तालको अवलोकन भ्रमण<br>३. मिति २०७६/९/२६ मा कोशी टपु बन्यजन्तु आरक्षणको अवलोकन भ्रमण |

| | | | |
|---|---|---|---|
| | | | ४. मिति २०७६/१०/१३ गते कोशी जल यातायात चतरा देखि भोजपुरसम्मको<br>५. मिति २०७६/१०/१४ गते विजयपुर दरवार क्षेत्र।<br>६. मिति २०७६/१०/१५ गते मोरङको वैज्ञानिक वन व्यवस्थापन क्षेत्र। |
| ९. | १९ | २०७६/१०/२९ | प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि समितिमा पेश। |
| १०. | १९ | २०७६/१०/२९ | प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि समितिमा पेश। |
| ११. | २७ | २०७६/१२/०३ | उक्त विधेयक माथि संशोधनकर्ता माननीयहरु विषय विज्ञ, विभागीय मन्त्री एवम् सरोकारवालाहरुको सहभागितामा व्यापक छलफल पश्चात तयार पारिएको प्रतिवेदन संशोधनसहित पारित। |
## प्रकृतिक श्रोत तथा पूर्वाधार विकास समितिका माननीय सदस्यहरुको उपस्थिति विवरण

| क्र.सं. | नाम थर | पद | उपस्थिति | कैफियत |
|---|---|---|---|---|
| १ | माननीय सर्वध्वज साँवा लिम्बु | सभापति | २८ | |
| २ | माननीय अम्बिर बाबु गुरुङ्ग | सदस्य | २ | |
| ३ | माननीय उत्तम कुमार बस्नेत | सदस्य | ६ | |
| ५ | माननीय उपेन्द्र प्रसाद घिमिरे | सदस्य | १८ | |
| ६ | माननीय गोपाल चन्द्र बुढाथोकी | सदस्य | १८ | |
| ७ | माननीय पुर्ण प्रसाद राई याम्फू | सदस्य | ८ | |
| ८ | माननीय विजय कुमार विश्वास | सदस्य | १७ | |
| ९ | माननीय बिना देवी राई | सदस्य | २१ | |
| १० | माननीय बृख बहादुर प्रधान | सदस्य | २५ | |
| ११ | माननीय महमद ताहिर मियाँ | सदस्य | २२ | |
| १२ | माननीय  हिमाल कार्की | सदस्य | १९ | |

# अनुसूची २

## प्रदेश सभाबाट पारित गरिएका विधेयकको विवरण २०७९
## (प्रदेश सभाको पाँच बर्षे पहिलो कार्यकालमा)

### पहिलो अधिवेशनबाट पारित विधेयकहरुको विवरण

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४ | २०७४/१२/१९ | २०७४/१२/२० | |
| २ | विनियोजन विधेयक,२०७५ | | २०७५/०१/१० | |
| ३ | प्रदेशको सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) विधेयक, २०७४ | २०७५/०१/११ | २०७५/०१/२० | |
| ४ | गाउँ सभा र नगर सभा संचालन (कार्यविधि)विधेयक, २०७५ | २०७५/०१/१२ | २०७५/०१/२० | |
| ५ | प्रदेश नं.१ आकस्मिक कोष संचालन विधेयक, २०७५ | २०७५/०१/२० | २०७५/०२/११ | |
| ६ | जिल्ला सभाको संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०१/२३ | २०७५/०२/११ | |
| ७ | मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०१/२४ | २०७५/०२/०९ | |

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ८ | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०१/२४ | २०७५/०२/१३ | |
| ९ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०१/२४ | २०७५/०२/१३ | |
| १० | गाँउ सभा तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०१/२४ | २०७५/०२/१३ | |
| ११ | जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०१/२४ | २०७५/०२/१३ | |
| ० | प्रदेश नं.१ प्रदेशसभा नियमावली, २०७४ | २०७४/१२/०८ | | |

## दोश्रो अधिवेशनबाट पारित विधेयकहरुको विवरण

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ११ क | आर्थिक विधेयक, २०७५ | २०७५/०३/०४ | २०७५/०४/०१ | |
| १२ | विनियोजन विधेयक, २०७५ | २०७५/०३/१० | २०७५/०४/०१ | |

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| १३ | प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०३/०५ | २०७५/०४/२५ | |
| १४ | जिल्ला सभाको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०४/१६ | २०७५/०५/१४ | |
| १५ | अन्तर प्रदेश वासिन्दाको सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०४/१६ | २०७५/०५/१४ | |
| १६ | विपद व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०५/१९ | २०७५/०६/१४ | |
| १७ | प्रदेश नम्वर १ सामाजिक विकास संस्था विधेयक, २०७५ | २०७५/०५/२५ | २०७५/०६/१४ | |
| १८ | प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा बनेको विधेयक, २०७५ | २०७५/०५/२५ | २०७५/०६/१४ | |
| १९ | प्रदेश नं १ प्रदेश वित्त व्यवस्थापन विधेयक, २०७५ | २०७५/०५/२६ | २०७५/०६/१९ | |
| २० | प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०६/१० | २०७५/०७/३० | |
| २१ | प्रदेशघरेलु हिंसाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०६/१२ | २०७५/०७/१४ | |

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| २२ | सिंचाईसम्बन्धमाव्यवस्थागर्नबनेकोविधेयक, २०७५ | २०७५/०६/१४ | २०७५/०७/२८ | |

## तेश्रो अधिवेशनबाट पारित विधेयकहरुको विवरण

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| २४ | प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६/१/४ | २०७६/०१/०८ | |
| २५ | प्रदेश सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६/१/३ | २०७६/०१/२६ | |
| २६ | प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक, २०७५ | २०७६/१/९ | २०७६/०१/२६ | |
| २७ | वृहत विराट क्षेत्र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६/१/१५ | २०७६/०१/१७ | |
| २८ | विपद् व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/१/२२ | २०७६/०१/२७ | |
| २९ | प्रदेश खेलकुद सम्वन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ | २०७६/१/१२ | २०७६/०१/२७ | |

| | | | | |
|---|---|---|---|---|
| ० | प्रदेश नं.१ प्रदेशसभा (पहिलो संशोधन) नियमावली, २०७५ | २०७५/१२/१० | | |

## चौथो तथा बजेट अधिवेशनबाट पारित विधेयकहरुको विवरण

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ३० | गाउँ तथा नगरसभाका सदस्यहरुको सेवा सुबिधा सम्वन्धि ऐनलाई संशोधन गर्न बनेको बिधेयक | २०७६/२/२९ | २०७६/३/५ | |
| ३१ | जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७६/२/२९ | २०७६/३/५ | |
| ३२ | प्रदेश सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ | २०७६/३/६ | २०७६/३/२३ | |
| ३३ | प्रदेश विनियोजन विधेयक, २०७६ | २०७६/३/२० | २०७६/३/२३ | |
| ३४ | प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ | २०७६/३/२९ | २०७६/४/१२ | |
| ३५ | प्रदेश नं.१ जाँचबुझ तथा अनुसन्धान आयोग सम्वन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७६ | २०७६/४/२३ | २०७६/४/२३ | |
| ३६ | भवन निर्माण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६/५/९ | २०७६/५/१५ | |

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ३७ | प्रदेश लोक सेवा आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७६ | २०७६/५/१० | २०७६/५/१७ | |
| ३८ | प्रदेश स्वायत्त संस्था गठन गर्ने सम्बन्धमा बनेको बिधेयक, २०७६ | २०७६/५/११ | २०७६/५/१७ | |
| ३९ | विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६/५/२० | २०७६/५/२६ | |
| ४० | प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बिधेयक, २०७५ | २०७६/५/२२ | २०७६/५/३० | |
| ४१ | प्रदेश सवारी तथा यातायातका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७६/५/२६ | २०७६/६/५ | |
| ४२ | सार्वजनिक निजी साझेदारी तथा लगानी प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७६ | २०७६/५/२७ | २०७६/६/२३ | |
| ४३ | मनमोहन प्राविधिक विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७६/६/६ | २०७६/६/१६ | |

## पाँचौ तथा हिउँदे अधिवेशन

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ४४ | प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७६/१२/६ | २०७६/१२/२० | |

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ४५ | प्रदेशस्तरमा फर्म दर्ता नवीकरण तथा तत् सम्बन्धी अन्य व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७७/४/५ | २०७७/४/२५ | |
| ४६ | प्रदेश औद्योगिक व्यवस्थाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७७/०४/०७ | २०७७/०४/२५ | |
| ४७ | प्रदेश वनको व्यवस्था गर्नको लागि बनेको विधेयक, २०७६ | २०७७/०३/२९ | २०७७/०४/१२ | |
| ४८ | प्रदेश नं. १ जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७७/०४/०९ | २०७७/०४/२५ | |
| ४९ | प्रदेश नं. १ वालवालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७७/०४/०७ | २०७७/०४/२५ | |

## छैटौं तथा बजेट अधिवेशन

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ५० | प्रदेश आर्थिक विधेयक, २०७७ | २०७७/०३/०५ | २०७७/०३/१८ | |
| ५१ | प्रदेश विनियोजन विधेयक, २०७७ | २०७७/०३/१७ | २०७७/०३/१८ | |
| ५२ | प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७/०३/२९ | २०७७/०४/१२ | |

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ५३ | प्रदेश सवारी तथा यातायातका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को पहिल संशोधन सम्बन्धमा व्यवस्था गर्न बनेकव विधेयका २०७७ | २०७७/०४/०४ | २०७७/०४/१२ | |
| ५४ | प्रदेश सार्वजनिक सडकको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ | २०७७/०४/०७ | २०७७/०४/२५ | |

## सातौं तथा हिउँदे अधिवेशन र आठौं तथा बजेट अधिवेशन

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ५५ | प्रदश आर्थिक विधेयक २०७८ | २०७८/०३/०९ | २०७८/०३/२८ | |
| ५६ | विनियोजन विधेयक २०७८ | २०७८/०३/२५ | २०७८/०३/२८ | |
| ५७ | प्रदेश कृषि व्यवसाय पर्वद्धन अनुदान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ | २०७८/०४/२८ | २०७८/०५/१० | |
| ५८ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७८/१२/११ | २०७८/१२/२३ | |
| ५९ | केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७८ | सभाको १०औ तथा बजेट अधिवेसनको २२ औ बैठकबाट सरकारले विधेयक फिर्ता लिएको | | |

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ६० | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७९/०४/१७ | २०७९/०४/३० | |

## नवौं तथा हिउँदे अधिवेशन र दशौं तथा बजेट अधिवेशन

| सि.नं. | बिधेयकको नाम | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|
| ६१ | प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक | | | |
| ६२ | प्रदेश प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७९/०५/१७ | २०७९/०५/२७ | |
| ६३ | प्रदेश सरकारको आर्थिक विधेयक, २०७१ | २०७९/०३/१९ | २०७९/०३/२१ | |
| ६४ | प्रदेश विनियोजन विधेयक, २०७९ | २०७९/०३/१९ | २०७९/०३/२१ | |

# अनुसूची ३

## प्रदेश सभाका कर्मचारीहरुको विवरण

| क.सं. | नाम/थर | पद | तोकिएको शाखा र कार्य विवरण | |
|---|---|---|---|---|
| | | | समितिको जिम्मेवारी | अन्य शाखा र कार्य विवरण |
| १. | चन्द्रमणी पोखरेल | उप-सचिव | | प्रशासन तथा योजना महाशाखा |
| २. | प्रेम बहादुर श्रेष्ठ | कम्प्यूटर अधिकृत (आठौं) | अर्थ समिति सचिव | सूचना प्रविधि शाखा, आन्तरिक सेवा तथा योजना शाखा |
| ३. | भवानी प्रसाद घिमिरे | अधिकृत स्तर आठौं | सार्वजानिक लेखा समिति सचिव | प्रशासन शाखा प्रमुख, मा. सभामुखज्यूको सचिवालयको कामकाज |
| ४. | सरिता पोखरेल | अधिकृत स्तर आठौं | सुशासन समिति सचिव | नागरिक समन्वय शाखा, गुनासो सुन्ने अधिकारी |
| ५. | रामप्रसाद चापागाई | अधिकृत स्तर आठौं | सामाजिक विकास समिति सचिव | प्रशिक्षण शाखा, सम्पूर्ण विवरण शाखा |
| ६. | निरोज ढकाल | अधिकृत स्तर सातौं | | योजना तथा अध्ययन अनुसन्धान शाखा |
| ७. | भगवानमान श्रेष्ठ | अधिकृत स्तर सातौं | | आर्थिक प्रशासन |
| ८. | प्रमोद वि.क. | कानून अधिकृत | न्याय प्रसासन तथा विधायन समिति सचिव | कानून विधेयक शाखा, कार्यव्यवस्था परामर्श शाखा, सूचना अधिकारी |
| ९. | पाण्डव कुमार राजवंशी | प्रहरी निरीक्षक | | मर्यादापालक शाखा, शान्ति सुरक्षा |

| क्र.सं. | नाम/थर | पद | तोकिएको शाखा र कार्य विवरण | |
|---|---|---|---|---|
| | | | समितिको जिम्मेवारी | अन्य शाखा र कार्य विवरण |
| १०. | विरेन्द्र कुमार चौधरी | प्रविधिक अधिकृत (छैटौं) | | प्रविधि तथा सभाहल व्यवस्थापन |
| ११. | भक्त बहादुर राजवंशी | अधिकृत स्तर छैटौं | | संघ प्रदेश स्थानीय तह समिति समन्वय शाखा, पुस्तकालय, साना दलहरुको कार्यालय, उप-सभामुखज्यूको सचिवालय |
| १२. | अम्बर बहादुर खत्री | अधिकृत स्तर छैटौं | प्रशासन शाखा | कुपन व्यवस्थापन, माननीयज्यूहरुको स्वकीय सचिवहरुको विवरण व्यवस्थापन |
| १३. | चन्द्र बहादुर कार्की | अधिकृत स्तर छैटौं | प्राकृतिक श्रोत पू. विकास समिति सचिव | कार्यव्यवस्था परामर्श शाखा सहायक, सदनको हाजिरी व्यवस्थापन |
| १४. | भानुभक्त गुरागाई | अधिकृत स्तर छैटौं | उद्योग वन तथा पर्यटन समिति सचिव | सदस्य सुविधा व्यवस्थापन शाखा, ने.क.पा. संसदिय दलको कार्यालय, पदाधिकारीको इन्धन वितरण व्यवस्थापन |
| १५. | यामनाथ बराल | अधिकृत स्तर छैटौं | | पुस्तकालय तथा अभलेख शाखा र नेपाली कांग्रेस संसदीय दलको कार्यालय |
| १६. | हेम प्रसाद ढुंगाना | अधिकृत स्तर छैटौं | | |

| क्र.सं. | नाम/थर | पद | तोकिएको शाखा र कार्य विवरण | |
|---|---|---|---|---|
| | | | समितिको जिम्मेवारी | अन्य शाखा र कार्य विवरण |
| १७. | दुर्गा प्रसाद दुलाल | अधिकृत स्तर छैटौं | | |
| १८. | जीवन भण्डारी | अधिकृत स्तर छैटौं | | |
| १९. | कुमार फुयल | अधिकृत स्तर छैटौं | सार्वजानिक लेखा समिति - सहायक | कर्मचारी प्रशासन शाखा |
| २०. | मनिस कुमार तिमल्सिना | कम्प्यूटर अधिकृत (छैटौं) | | प्रविधि व्यवस्थापन शाखा |
| २१. | लेखनाथ तिम्सिना | कम्प्यूटर अधिकृत (छैटौं) | | प्रविधि व्यवस्थापन शाखा |
| २२. | इन्द्र बहादुर राई | कम्प्यूटर अधिकृत (छैटौं) | अर्थ समिति सहायक | प्रशासन शाखा, सम्पूर्ण विवरण |
| २३. | गणेश आचार्य | कम्प्युटर अपरेटर | | Website Updating/Verbatim/Graphic designing |
| २४. | राजन प्रसाद भण्डारी | सहायकस्तर पाँचौं | प्राकृतिक श्रोत पू. विकास समिति सहायक | सदस्य सुविधा व्यवस्थापन शाखा, प्रवेश तथा सवारी पास, सदनको हाजिरी व्यवस्थापन |
| २५. | भगवती लम्साल | सहायकस्तर पाँचौं | | पुस्तकालय तथा अभलेख शाखा |

| क्र.सं. | नाम/थर | पद | तोकिएको शाखा र कार्य विवरण | |
|---|---|---|---|---|
| | | | समितिको जिम्मेवारी | अन्य शाखा र कार्य विवरण |
| २६. | सोमनाथ नेपाल | सहायकस्तर पाँचौं | | जिन्सी शाखा |
| २७. | अजय कुमार जयसवाल | इलेक्ट्रिसियन पाँचौं | | प्रविधि व्यवस्थापन शाखा |
| २८. | मदन भण्डारी | माईक संचालक पाँचौं | | सम्पूर्ण विवरण शाखा |
| २९. | बासुदेव पौडेल | क्यामरामेन पाँचौं | | फोटो, भिडीयो र संचार केन्द्र |
| ३०. | निरज कट्टेल | इलेक्ट्रिसियन पाँचौं | | क्यामेरा पर्सन, इलेक्ट्रिसियन |
| ३१. | रीना लम्साल | खरीदार | | प्रशासन शाखा, दर्ता चलानी, फाइलिङ |
| ३२. | चन्द्रकला मिश्र | अ.न.मी. चौथो | | स्वास्थ्य इकाई |
| ३३. | नविन कुमार माझी | सहायकस्तर चौंथो | | प्रविधि व्यवस्थापन शाखा |
| ३४. | नविन दाहाल | मेकानिक्स | | प्रविधि व्यवस्थापन शाखा शाखा |
| ३५. | युवराज श्रेष्ठ | ह.स.चा. | | माननीय सभामुखज्यूको सवारी चालक |
| ३६. | सन्तोष उराब | ह.स.चा. | | माननीय उप-सभामुखज्यूको सवारी चालक |
| ३७. | मनोज राजवंशी | ह.स.चा. | | प्रदेश सभा सचिवज्यूको सवारी चालक |

| क्र.सं. | नाम/थर | पद | तोकिएको शाखा र कार्य विवरण | |
|---|---|---|---|---|
| | | | समितिको जिम्मेवारी | अन्य शाखा र कार्य विवरण |
| ३८. | प्रविन न्यौपाने | ह.स.चा. | | प्रशासन महाशाखा प्रमुखको सवारी चालक |
| ३९. | निरज राई | ह.स.चा. | | विधेयक तथा कानून महाशाखा प्रमुखको सवारी चालक |
| ४०. | सूर्यनारायण राजवंशी | ह.स.चा. | | पिकअप गाडीको सवारी चालक |
| ४१. | पार्वती दाहाल (नेपाल) | कार्यालय सहयोगी | | लेखा, प्रशासन लगायत अन्य लाए अहाएको काम गर्ने |
| ४२. | प्रेम प्रसाद न्यौपाने | कार्यालय सहयोगी | | मा. सभामूखज्यूको निजि सचिवालय र अन्य लाए अर्हायको काम गर्ने |
| ४३. | अन्जुना कोईराला | कार्यालय सहयोगी | | प्रविधि व्यवस्थापन महाशाखा तथा त्यस अन्तर्गतका शाखा र तालिका अनुसार दैनिक सरसफाईको काम लागायत अन्य लाए अह्राएको काम गर्ने |
| ४४. | दिनेश डंगोल | कार्यालय सहयोगी | | प्रशासन तथा योजना महाशाखा तथा त्यस अन्तर्गतका शाखा र तालिका अनुसार दैनिक सरसफाईको काम लागायत अन्य लाए अह्राएको काम गर्ने |
| ४५. | रिना कोईराला | कार्यालय सहयोगी | | प्रदेश सभा सचिवज्यूको निजि सचिवालय र तालिका अनुसार दैनिक सरसफाईको काम |

| क्र.सं. | नाम/थर | पद | तोकिएको शाखा र कार्य विवरण | |
|---|---|---|---|---|
| | | | समितिको जिम्मेवारी | अन्य शाखा र कार्य विवरण |
| | | | | लागायत अन्य लाए अह्राएको काम गर्ने |
| ४६. | निर्मला राई | कार्यालय सहयोगी | | कानून तथा विधेयक महाशाखा तथा त्यस अन्तर्गतका शाखा र तालिका अनुसार दैनिक सरसफाईको काम लागायत अन्य लाए अह्राएको काम गर्ने |
| ४७. | आदर्श लामा | कार्यालय सहयोगी | | कार्य व्यवस्था/अध्ययन, अनुसन्धान तथा प्रशिक्षण महाशाखा तथा त्यस अन्तर्गतका शाखा र तालिका अनुसारक दैनिक सरसफाईको काम लागायत अन्य लाए अह्राएको काम गर्ने |
| ४८. | सरोज कुमार यादव | कार्यालय सहयोगी | | मा. उपसभामूखज्यूको निजि सचिवालय र अन्य लाए अह्राएको काम गर्ने |
| ४९. | पुण्य प्रसाद तिम्सिना | चौकीदार | | मेन गेटमा पालोपहरा |
| ५०. | नविन चम्लागाई | चौकीदार | | विद्युत, टेलिफोन, जेनेटर लगायतका इलेक्ट्रिकल सम्बन्धी कार्य र अन्य लाए अह्राएको काम गर्ने साथै निरज कट्टेललाई सहयोग गर्ने |

| क्र.सं. | नाम/थर | पद | तोकिएको शाखा र कार्य विवरण | |
|---|---|---|---|---|
| | | | समितिको जिम्मेवारी | अन्य शाखा र कार्य विवरण |
| ५१. | नन्द कुमार मण्डल | माली | | सचिवालय परिसरमा रहेका फुलबारी व्यवस्थापन |
| ५२. | जिवन कुमार मण्डल | माली | | सचिवालय परिसरमा रहेका फुलबारी व्यवस्थापन |
| ५३. | गणित राउत | कुचिकार | | सचिवालयको सम्पूर्ण सरसफाई |
| ५४. | वादल मेहत्तर | कुचिकार | | सचिवालयको सम्पूर्ण सरसफाई |
| ५५. | अनिल मेहत्तर | कुचिकार | | सचिवालयको सम्पूर्ण सरसफाई |

# अनुसूची ४

## क) संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठी कार्यक्रमको प्रतिवेदन, २०७९

### १. पृष्ठभूमि

नेपालको संविधान बमोजिम कायम रहेको ३ तहको संघीय संरचनामा आधारित देशको संघीयतालाई कार्यान्वयन गर्ने मुख्य आधार प्रदेश तहलाई मानिएको छ । संसारका धेरै मुलुकहरुले संघीय शासन पद्दतीलाई अवलम्बन गरे जस्तै नेपालले पनि एउटा संघीय प्रणाली अवलम्बन गरेको प्रारम्भिक चरणमा रहेको अवस्था छ । यस सन्दर्भमा प्रदेशमा व्यवस्था गरिएको एक सदानात्मक व्यवस्थापिका संसद जसलाई प्रदेश सभाको रुपमा चिनिएको छ, जसले संविधानका अनुसूचीहरुले दिएको एकल अधिकार र साझा अधिकारका विषयहरुमा प्रदेश कानून निर्माण गर्ने संवैधानिक अधिकार पाएको छ । यसरी प्रदेश कानूनहरु निर्माण गर्नेमात्र नभएर प्रदेश सरकार गठन गर्ने तथा सरकारलाई संसदीय निगरानीका माध्यमबाट निर्देशन दिने जस्ता महत्वपूर्ण कार्य प्रदेश सभाको रहेको छ । प्रदेश सभा संचालन तथा व्यवस्थापन गर्दै प्रदेश कानूनहरुलाई बैधानिकता प्रदान गर्नु सबै प्रदेशका प्रदेश सभाको उल्लेखनीय भूमिका रहेको हुँदा सातै प्रदेशका प्रदेशसभाहरुबीच समन्वय र सहकार्य गर्नुपर्ने विद्यमान अवस्थालाई

बिचार बिमर्श गरी प्रदेश नं. १ को प्रदेश सभाले सातै वटा प्रदेश सभाको प्रतिनिधित्व हुने गरी माननीय सभामुखस्तरिय एक कार्यक्रमको आयोजना गर्ने निधो गर्‍यो ।

फलस्वरुप प्रदेश नं. १ प्रदेश सभाको आ.व. ०७९/८० को स्वीकृत बजेटबाट खर्च हुने गरी मिति २०७९/०५/१७ गते प्रदेश नं. १ प्रदेश सभाका माननीय सभामुख प्रदीप कुमार भण्डारीज्यूको अध्यक्षतामा बसेको सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको बैठकले संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक सभामुखस्तरीय अन्तर-प्रदेश समीक्षा गोष्ठी आयोजना गर्ने गरी मौसमको अवस्था, यातायात सुविधा तथा प्राकृतिक सुरम्यतासमेतलाई ख्याल गर्दै धनकुटा जिल्लाको पर्यटकीयस्थल हिलेमा अवस्थित होराइजन माउन्टेन रिसोर्टमा संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुख, संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, संघीय संसद प्रतिनिधि सभाका माननीय उपसभामुख, सातैवटा प्रदेश सभाका माननीय सभामुखहरु, माननीय उपसभामुखहरु, संघीय संसद सचिवालयका महासचिव तथा सचिवहरु, प्रदेश सभा सचिवहरु लगायत सम्बद्ध व्यक्तिहरुको समुपस्थितिमा मिति २०७९/५/२० गते बेलुका कार्यक्रमस्थलमा पुगी मिति २०७९/५/२१ र २२ गते कार्यक्रम गर्ने निर्णय गरियो । गोष्ठीलाई उपलब्धीमूलक बनाउन सम्बन्धित बिषय बिज्ञबाट कार्यपत्र प्रस्तुत हुने र उपस्थित बिशिष्ठ व्यक्तिहरुलाई आयोजक प्रदेश नं. १ प्रदेश सभाबाट स-सम्मान मायाको चिनो प्रदान गर्ने तथा दुईदिने गोष्ठीमा भएको महत्वपूर्ण छलफलबाट साझा निष्कर्ष निकाली सातै प्रदेश सभाबीच समन्वयत्मक र सहकार्यतमक भूमिकाका लागि मार्ग प्रसस्त गर्ने कार्यक्रम तय भयो । प्रदेश सभाबाट स्वीकृत सभामुखस्तरिय र प्रदेश सभा सचिब स्तरीय २ वटा कार्यक्रमलाई एकीकृत गरी मितव्ययिता समेतलाई ध्यानमा राखी कार्यक्रम गर्दा उपयुक्त र सहज हुने अवस्था समेतलाई ख्याल गरी कार्यक्रम गर्ने निर्णय गरियो ।

## २. कार्यक्रमको उद्देश्य तथा उपलब्धिहरु

लक्षित कार्यक्रमको अपेक्षित उद्देश्य तथा उपलब्धिहरु यस प्रकार रहेका छन्ः-

- नेपालको संविधान र संघीयता कार्यान्वयन गर्ने ।
- लोकतान्त्रिक नयाँ पद्दतीलाई मार्ग प्रस्तुत गर्ने ।
- सात वटै प्रदेशका प्रदेश सभा संचालन तथा व्यवस्थापन एवं प्रदेश कानून निर्माण प्रकृयामा एकरुपता कायम गर्ने ।
- सात वटै प्रदेश सभाबिच समन्वय र सहकार्य गर्दै सभाका कार्यहरुको विकास गर्दै लैजाने ।

- सातै प्रदेश सभाका माननीय सभामुखहरु, माननीय उपसभामुखहरु, प्रदेश सभा सचिवहरु र सम्बद्ध सचिवालयका कर्मचारीहरु बिचमा सुमधुर सम्बन्ध कायम गर्ने ।
- संसदीय मर्यादालाई कायम राख्ने ।

## ३. कार्यक्रमको संक्षिप्त विवरण

- अतिथि र सहभागीको कार्यक्रमस्थलमा आगमन मिति २०७९/५/२० गते बेलुका ।
- कार्यक्रम मितिः २०७९/५/२१ र २२ गते ।
- कार्यक्रम अवधिः २ दिन
- कार्यक्रम स्थलः धनकुटा जिल्लाको धनकुटा नगपालिकाभित्र पर्ने हिलेको होराइजन माउन्टेन रिसोर्ट
- कार्यक्रमको बिषयः संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका
- पहिलो दिन २०७९/५/२१ गतेको कार्यतालिकाः अतिथि आषनग्रहण, मौनधारण, स्वागत, कार्यक्रम उद्घाटन, कार्यपत्र प्रस्तुत तथा कार्यपत्रमाथि छलफल, मन्तब्य र साझा अवधारणा पत्र तयार पछि पहिलो दिनको कार्यक्रम समापन ।
- दोश्रो दिन २०७९/५/२२ गतेको कार्यतालिकाः संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको स्वागत तथा अतिथिको आषनग्रहण, कार्यपत्र माथि छलफल एवं मन्तव्य एवं कार्यक्रम समापन ।

## ४. पहिलो सत्रमा भएका महत्वपूर्ण क्रियाकलापहरुको संक्षिप्त विवरण

- मिति २०७९/५/२१ गते बिहान ८.३० बजे संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तर-प्रदेश समीक्षात्मक गोष्ठी होराइजन माउन्टेन रिसोर्टको सभा हल हिले धनकुटामा प्रदेश नं. १ प्रदेश सभा सचिवालयका कानून अधिकृत एवं कार्यक्रम उद्घोषक प्रमोद विकले कार्यक्रमको प्रमुख अतिथिका रुपमा संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुख अग्निप्रसाद सापकोटाज्यू बिशेष कारणबस आफू कार्यक्रममा आउन नसकेको र कार्यक्रमको सफलताको कामना गर्नुभएको व्यहोरा जानकारी गराउँदै प्रदेश नं. १ प्रदेश सभाका माननीय सभामुख प्रदीप कुमार भण्डारीज्यूलाई कार्यक्रमको अध्यक्षताको आसन ग्रहण गराउँदै कार्यक्रम संचालन गर्नु भयो ।
- उपस्थित सबै प्रदेशका माननीय सभामुखज्यूहरु र सबै माननीय उप-सभामुखज्यूहरु, धनकुटा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रदेश सभाका माननीय सदस्यहरु, संघीय संसद सचिवालयका सचिव श्रीमान् सुदर्शन खड्का, आयोजक प्रदेश सभा सचिवालयका प्रदेश सचिव

श्रीमान् गोपाल प्रसाद पराजुलीसमेत उपस्थित सबै प्रदेश सभाका श्रीमान् सचिवज्यूहरु, विषय विज्ञ संविधान विद् डा.काशीराज दाहाल तथा प्रदेश नं. १ प्रदेश सभाको संसदीय पत्रकार मञ्चका पदाधिकारीहरु र स्थानीय सञ्चारकर्मीहरु र आयोजक प्रदेश सभा सचिवालयका महाशाखा, शाखाका कर्मचारीहरु समेतको आसन ग्रहण गराउँदै कार्यक्रमलाई अगाडि बढाइयो ।

- उपस्थित सबै बिशिष्ट व्यक्तित्वहरु तथा सहभागी सबै महानुभावहरुले उठेर राष्ट्रिय गानमा सहभागी हुनुभयो र त्यस पछि ज्ञातअज्ञात सहिदहरु प्रति १ मिनेटको मौनधारण कार्यक्रम सम्पन्न गरियो।
- कार्यक्रममा उपस्थित सबै अतिथिज्यूहरुलाई आयोजक प्रदेश नं. १ प्रदेश सभाका माननीय उपसभामुख सरस्वती पोखरेलज्यूले स्वागत मन्तब्यद्वारा स्वागत गर्नुभयो ।
- तत्पश्चात कार्यक्रमका अध्यक्ष एवं प्रदेश नं १ प्रदेश सभाका माननीय सभामुख प्रदीप कुमार भण्डारीज्यू समेत सहभागी हुनुभएका अन्य प्रदेश सभाका माननीय सभामुखज्यूहरुले कलात्मक पानसमा बत्ती बालेर औपचारिक कार्यक्रमको सामुहिक समुद्घाटन गर्नुभयो।
- विषय बिज्ञ एवं संविधान विद् डा. काशीराज दहालज्यूले संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयमा आफ्नो खारिएको अनुभव तथा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रचलन र वर्तमान अवस्थाका समसामयीक समस्या तथा चुनौतीहरु र भावीदिनमा प्रदेश सभाद्वारा गरिनुपर्ने कार्यहरु समेतलाई कार्यपत्रद्वारा छर्लङ्ग पार्नुभयो ।
- विषय विज्ञ संविधान विद् डा. काशीराज दहालको कार्यपत्र माथि सुदुरपश्चिम प्रदेशका माननीय सभामुख अर्जुनबहादुर थापा, बागमती प्रदेशका माननीय उपसभामुख राधिका तामाङ र गण्डकी प्रदेश सभाका प्रदेश सभा सचिव श्रीमान् जीवराज बुढाथोकीज्यूले टिप्पणी गर्नु भएको थियो।
- सबै प्रदेशका प्रदेश सभा सचिवज्यूहरुले प्रदेश सभाको स्थापनाकाल देखि हालसम्म प्रदेश सभा संचालन तथा व्यवस्थापन एवं सचिवालयलाई आइपरेका समस्या र चुनौती तथा त्यसको समाधान समेतलाई स्पष्ट पार्दै आ-आफ्ना प्रदेश सभाद्वारा निर्माण गरिएका प्रदेश कानूनहरु एवं अनुभवहरुलाई सान्दर्भिक रुपमा राख्नु भयो ।
- सबै प्रदेशका माननीय उपसभामुखहरुले आ-आफ्नो अनुभव सुनाउनु भए पछि उपस्थित वागमती प्रदेश सभाका माननीय सभामुख, गण्डकी प्रदेश सभाका माननीय सभामुख, कर्णाली

प्रदेश सभाका माननीय सभामुख, सुदुरपश्चिम प्रदेश सभाका माननीय सभामुखज्यूहरुले आ-आफ्नो अनुभव राख्दै भावी दिनमा प्रदेश सभा तथा माननीय सभामुख र उपसभामुखहरुको भूमिकाका बारेमा समेत आफ्नो धारणा राख्नु भयो।

- कार्यपत्र माथि उठेका टिप्पणी र जिज्ञाशाहरुलाई सम्वोधन कार्यपत्र प्रस्तुतकर्ता विषय विज्ञ काशीराज दहालले गर्नुभयो।
- गोष्ठीको लक्षित उद्देश्य हासिल गर्न विषय विज्ञको कार्यपत्र, सो माथिको टिप्पणी, सबै प्रदेशको प्रस्तुति र संघीय संसद सचिवालय समेतको प्रस्तुतिलाई समेटेर गोष्ठीको साझा निश्कर्षका निमित्त लुम्बिनी प्रदेश सभाका प्रदेश सभा सचिव श्रीमान् दुर्लभ कुमार पुन मगरको संयोजकत्वमा सबै प्रदेश सभाका प्रदेश सचिवहरु, विषयविज्ञ र संघीय संसदका उपसचिव समेत सदस्य रहने गरी एउटा कार्यदल गठन गरियो ।
- उक्त गठित कार्यदलले तयार गरेको साझा निष्कर्षलाई भोलिपल्टको अर्थात मिति २०७९/५/२२ गतेको कार्यक्रममा कार्यदलका संयोजकले प्रस्तुत गर्ने र सो निश्कर्ष उपर सबै प्रदेश सभाका माननीय सभामुखज्यूहरु, माननीय उपसभामुखज्यूहरु मध्येबाट एक जनाले आवश्यक पृष्ठपोषण दिने जानकारी प्रदेश नं.१ प्रदेश सभाका प्रदेश सभा सचिव श्रीमान् गोपालप्रसाद पराजुलीले जानकारी गराउनु भएपछि कार्यक्रमका अध्यक्ष एवं प्रदेश नं.१ प्रदेश सभाका माननीय सभामुख प्रदीप कुमार भण्डारीले आफ्ना महत्वपूर्ण भनाईहरु राख्दै उक्त दिनको कार्यक्रम समापन गर्नु भएको थियो।

## ५. दोश्रो सत्रमा भएका महत्वपूर्ण क्रियाकलापहरुको संक्षिप्त विवरण

- मिति २०७९/५/२२ गते बिहानको नास्ता पश्चात दोश्रो दिनको समापन सत्रको कार्यक्रम उद्घोषक कानून अधिकृत वि.क.ले कार्यक्रमका प्रमुख अतिथि एवं संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिम्सिनाज्यूको आगमनमा सबैले उठेर स्वागत गर्दै औपचारिक कार्यक्रमलाई अगाडि बढाउनु भयो ।
- कार्यक्रमको अध्यक्षता प्रदेश नं. १ प्रदेश सभाका माननीय सभामुख प्रदीप कुमार भण्डारीज्यूलाई गराउँदै कार्यक्रमको प्रमुख आतिथ्यतामा संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनालाई गराउनु भयो भने उपस्थित सबै प्रदेशका माननीय सभामुखज्यूहरु, सबै प्रदेशका माननीय उपसभामुखज्यूहरु, धनकुटा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने सबै प्रदेश सभाका माननीय सदस्यहरु, संघीय संसद सचिवालयका सचिब श्रीमान् सुदर्शन खड्का, विषय विज्ञ डा. काशीराज दाहाल तथा सबै प्रदेशका प्रदेश सभा सचिवज्यूहरु, धनकुटा

जिल्ला समन्वयका प्रमुखज्यू, संघीय संसदका उपसचिवज्यूहरु, आयोजक प्रदेश नं. १ प्रदेश सभाका उपसचिवज्यू समेतलाई अतिथिको आसन ग्रहण गराउँदै कार्यक्रममा सहभागी सबैको उपस्थितिमा राष्ट्रिय गानमा सरिक हुँदै निर्धारित कार्यक्रमलाई अगाडि बढाइयो ।

- यस क्रममा मिति २०७९/५/२१ मा गठित कार्यदलले तयार पारेको साझा अवधारणा वा साझा निष्कर्षलाई गठित कार्यदलका संयोजक एवं लुम्बिनी प्रदेश सभाका प्रदेश सभा सचिव श्रीमान् दुर्लभकुमार पुन मगरले बाचन गरेर सुनाउनु भयो।
- उक्त निष्कर्षमा प्रदेश नं. १ को प्रदेश सभाको तर्फबाट माननीय उपसभामुख सरस्वती पोखरेलज्यूले, वागमती प्रदेश सभाका तर्फबाट माननीय सभामुख सानुकुमार श्रेष्ठज्यूले, गण्डकी प्रदेश सभाका तर्फबाट माननीय सभामुख नेत्रनाथ अधिकारी र सुदुरपश्चिम प्रदेश सभाको तर्फबाट माननीय सभामुख अर्जुन बहादुर थापाज्यूले साझा अवधारणामाथि आ-आफ्ना भनाईहरु राख्दै केही बुँदा थप घट गर्नुपर्ने बिषयमा सुझाव दिनु भयो।
- उल्लिखित साझा निष्कर्षका बुँदाहरुलाई समेटर साझा निष्कर्षमा सबै माननीय सभामुख तथा सबै माननीय उपसभामुखहरुले हस्ताक्षर गरी प्रमाणित गर्नुभयो र कार्यक्रमका प्रमुख अतिथि एवं संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिम्सिनाले आफ्ना सान्दर्भिक र महत्वपूर्ण भनाई राख्नुभयो।
- कार्यक्रममा विभिन्न प्रदेशबाट पाल्नु भएका अतिथिहरुलाई कार्यक्रमको अध्यक्षता ग्रहण गर्नु हुने प्रदेश नं. १ प्रदेश सभाका माननीय सभामुख प्रदीप कुमार भण्डारी तथा माननीय उपसभामुख सरस्वती पोखरेलज्यूले मायाको चिनो प्रदान गर्नुभयो भने अन्तमा कार्यक्रमको अध्यक्षता ग्रहण गर्नु भएका प्रदेश नं. १ का माननीय सभामुख माननीय प्रदीप कुमार भण्डारीज्यूले कार्यक्रम सफल र ऐतिहासिक भएको अभिव्यति दिदै आफ्ना महत्वपूर्ण भनाईसहित गोष्ठीबाट पारित गरिएका १६ बुँदे साझा निष्कर्षले सातै प्रदेशका प्रदेश सभा संचालन तथा व्यवस्थापनमा कोशेढुंगाको रुपमा मार्गदर्शन गर्न सक्ने विश्वास ब्यक्त गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो।

## ६. गोष्ठीद्वारा पारित गरिएको साझा निष्कर्ष

मिति २०७९।०५।२१ देखि २२सम्म प्रदेश नं. १ को प्रदेश सभाद्वारा धनकुटाको हिलेमा आयोजित संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठीको

उदघाटन सत्रमा कार्यक्रमको अध्यक्षबाट भएको सम्बोधन, विषयविज्ञको कार्यपत्र, सो माथिको टिप्पणी र सबै प्रदेशको प्रस्तुति र संघीय संसद सचिवालयसमेतको प्रस्तुतिका आधारमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको समुपस्थितिमा निम्न बुँदाहरूमा अन्तर प्रदेश समीक्षात्मक गोष्ठीको निष्कर्ष रहेको छः-

१. नेपालको संविधानको धारा ५६ को उपधारा (६) मा संघ, प्रदेश र स्थानीय तहले पालना गर्नुपर्ने निर्दिष्ट सिद्धान्त र धारा २३२ को उपधारा (१) मा उल्लिखित नेपाली संघीयताको स्वरुपका आधारमा संघीयताको कार्यान्वयन हुनुपर्ने तथा संविधानको धारा ५६ (६) र संघ, प्रदेश स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ३ ले निर्दिष्ट गरे बमोजिम कानूनहरू बनाउनु पर्ने।

२. नेपालको संविधानको धारा २३५(२) वमोजिम प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न र प्रदेश तथा स्थानीय तहहरू बीच पैदा हुने राजनीतिक विवाद समाधान गर्ने प्रदेश सभाको अधिकार र कर्तव्यलाई कार्यान्वयन गर्न कानूनको व्यवस्था गर्नुपर्ने।

३. प्रदेश तहले वोझिलो गरी प्रशासनिक खर्च बढाउने र अनावश्यक संरचनाहरु निर्माण गर्ने कार्यलाई निरुत्साहित गरी संघीयतालाई प्रवर्धन गर्ने गरी कानून निर्माणमा प्राथमिकता निर्धारण गर्ने।

४. संविधानले संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेका विषयहरुमा संघीय संसदले तहगत रुपमा स्पष्ट कार्य विभाजन हुने गरी संघीय निजामती सेवा ऐन लगायतका आवश्यक कानूनहरू यथाशीघ्र निर्माण गरी प्रदेश र स्थानीय तहको कानून बनाउने अधिकारलाई सहज बनाउने।

५. संघीयताको प्रवर्द्धन गर्न संघीय ससंद, प्रदेश सभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारवाहीमा एकरुपताका लागि आवश्यक सहकारिता, सहअस्तित्व र समन्वय गर्ने।

६. प्रदेश सभाका समितिहरुलाई प्रभावकारी बनाउने 'निगरानी कार्य' अन्तर्गत समितिहरुले दिएका निर्देशन र सुझावहरु पालना गर्ने संस्कृतिको विकास गर्ने।

७. निर्वाचन व्यवस्थालाई सहज, सरल, जनताको पहुँच योग्य, मितव्ययी र स्वच्छ प्रतिष्पर्धी बनाइनु पर्ने।

८. संघीयता कार्यान्वयनका क्रममा संघ, प्रदेश र स्थानीय तह जनस्तरमै स्थापित भइसकेको र दलीय विधानहरुमा समेत त्यसलाई आत्मसात गरिएको र विकास निर्माणमा जनताको सहज पहुँचअगाडि बढेको कुरालाई जनस्तरमा पुऱ्याउन सोही अनुरुप संचार प्रणालीको विकास गर्ने।

९. मुलुक सधैं शासन प्रणालीको प्रयोगशाला बनाउन नहुने भएकोले संघीयता आवश्यक छ वा छैन भन्ने प्रश्नमा विवाद गरिरहनु भन्दा संघीयतालाई बलियो बनाई प्रवर्द्धन गर्ने किसिमले सोचमा परिवर्तन गर्ने।

१०. संघीयता प्रवर्द्धन गर्न प्रदेश राजधानीहरूमा भौतिक पूर्वाधार निर्माणलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक व्यवस्था गर्ने ।

११. प्रदेशले निजामती सेवा, स्थानीय सेवा, प्रहरी सेवा र राजश्व सम्बन्धी कानून निर्माण गरि यथाशिघ्र प्रभावकारी रुपमा कार्यान्वयनमा ध्यान केन्द्रित गर्नुपर्ने ।

१२. संघीय प्रणालीलाई सस्थागत र प्रवर्द्धन गर्न आवश्यकता अनुसार समय समयमा जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुको अन्तरक्रिया कार्यक्रमको संचालन गर्ने।

१३. संघ प्रदेश र स्थानीय तहको समन्वयात्मक भूमिकालाई प्रभावकारी बनाउने सम्बन्धमा राष्ट्रिय सभाले जारी गरेको संकल्प प्रस्तावको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

१४. संघीय संसद सचिवालयले सबै प्रदेशका सभामुख र उपसभामुखहरुको सम्पर्क कार्यालयको व्यवस्था गर्ने।

१५. प्रदेश सभा र स्थानीय तहको निर्वाचन मण्डलबाट राष्ट्रिय सभाको गठन हुने भएकोले प्रदेश र स्थानीय बिषयहरुमा राष्ट्रिय सभा र प्रदेश सभाहरुले गरेका कामकारवाहीमा सहकार्य गर्ने।

१६. संघीयता प्रवर्द्धनमा संघीय संसद र प्रदेश सभाको भूमिका, उपलब्धी, समस्या, चुनौती र भावी मार्गदर्शनका सम्बन्धमा अध्ययन गरी सुझावसहितको प्रतिवेदन तयार गर्न लुम्बिनी प्रदेश सभा सचिवालयले समन्वय गर्ने गरी प्रदेश सभाका सचिवहरु, संघीय संसदका प्रतिनिधि र विषय विज्ञसमेत रहने गरी कार्यदल गठन गरी जिम्मेवारी दिइयो।

## ७. कार्यक्रमले हासिल गरेका उपलब्धिहरु

लक्षित कार्यक्रमको उपलब्धिहरु यस प्रकार रहेका छन्:-

- सबै प्रदेश सभाले ५ बर्षसम्म सम्पादन गरेका कामहरु विवरणको गोष्ठीमा प्रस्तुती भै समीक्षा गरिएको ।
- नेपालको संविधान र संघीयता कार्यान्वयन गर्न सहयोग पुगेको ।
- लोकतान्त्रिक नयाँ पद्दतिलाई मार्ग प्रशस्त गरेको ।
- सातवटै प्रदेशका प्रदेश सभा संचालन तथा व्यवस्थापन एवं प्रदेश कानून निर्माण प्रकृयामा एकरुपता कायम गर्न सहजता भएको ।

- सातवटै प्रदेश सभाबीचमा समन्वय र सहकार्य गर्दै सभाका कार्यहरुको विकास गर्दै लैजाने सन्दर्भमा १६ बुँदे साझा अवधाराणा वा साझा निष्कर्ष पारित गरिएको ।
- सातै प्रदेश सभाका माननीय सभामुखहरु, माननीय उपसभामुखहरु, प्रदेश सभा सचिवहरु र सम्बद्ध सचिवालयका कर्मचारीहरु बिचमा अनुभव आदान प्रदान तथा चिनजान एवं सुमधुर सम्बन्ध कायम भएको ।
- संसदीय मर्यादालाई कायम राख्ने कार्यमा कार्यक्रमले अपेक्षित लक्ष्य हासिल गरेको ।

## ८. कार्यक्रमको निष्कर्ष

प्रदेश नं. १ प्रदेश सभाको आयोजनामा मिति २०७९/५/२१ गते र ऐ. २२ गते सातैवटा प्रदेशसभाका माननीय सभामुखज्यूहरुसँगको संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक समीक्षात्मक गोष्ठीमा मौसमको अवस्था, यातायात सुविधा तथा प्राकृतिक सुरम्यता समेतका आधारमा उपयुक्त ठहऱ्याइएको स्थान धनकुटा जिल्लाको धनकुटा नगरपालिकाभित्र रहेको हिले बजारमा अवस्थित होराइजन माउन्टेन रिसोर्टमा संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, सातै वटा प्रदेश सभाका माननीय सभामुखहरु, माननीय उपसभामुखहरु, संघीय संसदका सचिवहरु, प्रदेश सभा सचिवहरु समेत सहभागी रहेको थियो । उल्लिखित कार्यक्रममा विशिष्ट व्यक्तिहरुका स्वकीय/निजी सचिव, सुरक्षाकर्मी, सवारी चालक, अंग रक्षक, धनकुटा जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने माननीय सदस्यज्यूहरु र स्थानीय तहका प्रमुख र प्रशासनिक कर्मचारीहरु, धनकुटा जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु, **VVIP** को सुरक्षार्थ खटिने स्थानीय सुरक्षाकर्मीहरु, प्रदेश सभाको संसदीय पत्रकार मञ्चका पदाधिकारीहरु र स्थानीय सञ्चारकर्मीहरु समेत गरी झण्डै १५० जना सकृय रही प्रमुख अतिथि र सम्बन्धित सहभागीको उपस्थितिमा निर्धारित उक्त समिक्षात्मक गोष्टी सम्पन्न गरियो । यसरी सम्पन्न भएको ऐतिहासिक महत्वपूर्ण गोष्ठीले नेपालको संविधान र संघीयता तथा संसदीय मूल्यमान्यताको कार्यान्वयन गर्न हालसम्म भए गरेका कार्यहरुका सन्दर्भमा सम्बन्धित सबैले आ-आफ्ना अनुभवहरुमार्फत एक अर्कामा जानकारी गराउँदै प्रदेशको संरचनालाई मजबुद बनाई संघीयतालाई कार्यान्वयन गर्न भावी दिनमा गरिनुपर्ने कार्यहरुको सूचीमाथि बृहत छलफल पश्चात संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको समुपस्थितिमा "संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका बिषयक अन्तर प्रदेश समीक्षात्मक गोष्ठीको निष्कर्ष स्वरुप १६ बुँदे अवधारणा सार्वजनिक गरियो ।

उल्लिखित कार्यक्रमलाई सफल बनाउन बार्षिक स्वीकृत प्रदेश सभाका सभामुखहरु र प्रदेश सभा सचिवहरुको गोष्ठी संचालन गर्ने २ वटै कार्यक्रमलाई एकैठाउँ एकीकृत गरी सचिवालय संचालन तथा व्यवस्थापन समितिले निर्णय गरी दिएको निर्देशन तथा समितिको निर्णयका आधारमा संचालन गरिएको उक्त गोष्ठी कार्यक्रमले महत्वपूर्ण उपलब्धीको उपमा प्रदेश नं. १ को प्रदेश सभाले गौरब गर्ने गरी सम्पन्न भएको अवस्था रहेको छ । यसरी भावी दिनमा प्रदेश सभाबाट कानून निर्माण प्रकृयामा संघीय कानून समयमै बनाईदिएर सहयोग गर्ने वातावरणमा प्रदेशले एकल र साझा सूचीमा भएका कानून बनाउने र बनेका कानूनलाई समय सापेक्ष बनाउने कार्यमा अगाडि बढ्न तथा प्रदेश सरकारलाई थप उत्तरदायी बनाउन, प्रदेश सभा संचालन तथा व्यवस्थापनमा एकरुपता कायम गर्नका निमित्त पारित साझा अवधारणाको पालना गर्न गराउन सकेमा साच्चै नै यो ऐतिहासिक कार्यक्रम कोषेढुंगा सावित हुने विश्वास गर्न सकिन्छ । समग्रमा कार्यक्रमका सम्पूर्ण गतिविधि तथा गोष्ठीमा उठेका र उठाइएका सम्पूर्ण बिषयबस्तुलाई नजिकबाट मुल्याङकन गर्दा कार्यक्रम अत्यन्तै उपलब्धिपूर्ण साबित भएको समीक्षासहितको निष्कर्षमा भन्न सकिन्छ ।

## ख) संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठी कार्यक्रमको निष्कर्ष

# धनकुटाको हिलेमा आयोजित "संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भुमिका" विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठीको निष्कर्ष, २०७९

मिति २०७९।०५।२१ देखि २२ सम्म प्रदेश नं. १ को प्रदेश सभाद्वारा धनकुटाको हिलेमा आयोजित संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठीको उदघाटन सत्रमा कार्यक्रमको अध्यक्षबाट भएको सम्बोधन, विषयविज्ञको कार्यपत्र, सो माथिको टिप्पणी र सबै प्रदेशको प्रस्तुती र संघीय संसद सचिवालय समेतको प्रस्तुतिका आधारमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको समुपस्थितिमा निम्न बुँदाहरूमा अन्तर प्रदेश समीक्षात्मक गोष्ठीको निष्कर्ष रहेको छ ।

१) नेपालको संविधानको धारा ५६ को उपधारा (६) मा संघ, प्रदेश र स्थानीय तहले पालना गर्नु पर्ने निर्दिष्ट सिद्धान्त र धारा २३२ को उपधारा (१) मा उल्लिखित नेपाली संघीयताको स्वरुपका आधारमा संघीयताको कार्यान्वयन हुनुपर्ने तथा संविधानको धारा ५६ (६) र संघ, प्रदेश स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ३ ले निर्दिष्ट गरे बमोजिम कानूनहरू बनाउनु पर्ने।

२) नेपालको संविधानको धारा २३५(२) बमोजिम प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न र प्रदेश तथा स्थानीय तहहरू बीच पैदा हुने राजनीतिक विवाद समाधान गर्ने प्रदेश सभाको अधिकार र कर्तव्यलाई कार्यान्वयन गर्न कानूनको व्यवस्था गर्नु पर्ने।

३) प्रदेश तहले वोझिलो गरी प्रशासनिक खर्च बढाउने र अनावश्यक संरचनाहरु निर्माण गर्ने कार्यलाई निरुत्साहित गरी संघीयतालाई पवर्धन गर्ने गरी कानून निर्माणमा प्राथमिकता निर्धारण गर्ने।

४) संविधानले संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेका विषयहरुमा संघीय संसदले तहगत रुपमा स्पष्ट कार्य विभाजन हुने गरी संघीय निजामती सेवा ऐन लगायतका आवश्यक कानूनहरू यथाशीघ्र निर्माण गरी प्रदेश र स्थानीय तहको कानून बनाउने अधिकारलाई सहज बनाउने।

५) संघीयताको प्रवर्द्धन गर्न संघीय ससंद, प्रदेश सभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारवाहीमा एकरुपताका लागि आवश्यक सहकारिता, सहअस्तित्व र समन्वय गर्ने।

६) प्रदेश सभाका समितिहरुलाई प्रभावकारी बनाउने र 'निगरानी कार्य' अन्तर्गत समितिहरुले दिएका निर्देशन र सुझावहरु पालना गर्ने संस्कृतिको विकास गर्ने।

७) निर्वाचन व्यवस्थालाई सहज, सरल, जनताको पहुँच योग्य, मितव्ययी र स्वच्छ प्रतिस्पर्धी बनाइनु पर्ने।

८) संघीयता कार्यान्वयनका क्रममा संघ, प्रदेश र स्थानीय तह जनस्तरमै स्थापित भइसकेको र दलीय विधानहरुमा समेत त्यसलाई आत्मसात गरिएको र विकास निर्माणमा जनताको सहज पहुँच अगाडि बढेको कुरालाई जनस्तरमा पुऱ्याउन सोही अनुरुप संचारण प्रणालीको विकास गर्ने।

९) मुलुक सधैं शासन प्रणालीको प्रयोगशाला बनाउन नहुने भएकोले संघीयता आवश्यक छ वा छैन भन्ने प्रश्नमा विवाद गरिरहनु भन्दा संघीयतालाई बलियो बनाई प्रवर्द्धन गर्ने किसिमले सोचमा परिवर्तन गर्ने।

१०) संघीयता प्रवर्द्धन गर्न प्रदेश राजधानीहरूमा भौतिक पूर्वाधार निर्माणलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक व्यवस्था गर्ने ।

११) प्रदेशले निजामती सेवा, स्थानीय सेवा, प्रहरी सेवा र राजश्व सम्बन्धी कानून निर्माण गरी यथाशिघ्र प्रभावकारी रुपमा कार्यान्वयनमा ध्यान केन्द्रित गर्नु पर्ने ।

१२) संघीय प्रणालीलाई संस्थागत र प्रवर्द्धन गर्न आवश्यकता अनुसार समय समयमा जनप्रतिनिधि र राष्ट्रिय सेवक कर्मचारीहरुको अन्तरक्रिया कार्यक्रमको संचालन गर्ने।

१३) संघ प्रदेश र स्थानीय तहको समन्वयात्मक भूमिकालाई प्रभावकारी बनाउने सम्बन्धमा राष्ट्रिय सभाले जारी गरेको संकल्प प्रस्तावको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

१४) संघीय संसद सचिवालयले सबै प्रदेशका सभामुख र उपसभामुखहरुको सम्पर्क कार्यालयको व्यवस्था गर्ने।

१५) प्रदेश सभा र स्थानीय तहको निर्वाचन मण्डलबाट राष्ट्रिय सभाको गठन हुने भएकोले प्रदेश र स्थानीय बिषयहरुमा राष्ट्रिय सभा र प्रदेश सभाहरुले गरेका कामकारवाहीमा सहकार्य गर्ने।

१६) संघीयता प्रवर्द्धनमा संघीय संसद र प्रदेश सभाको भूमिका, उपलब्धी, समस्या, चुनौती र भावी मार्गदर्शनका सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार गर्न लुम्बिनी प्रदेश सभा सचिवालयले समन्वय गर्ने गरी प्रदेश सभाका सचिवहरु, संघीय संसदका प्रतिनिधि र विषय विज्ञ समेत रहने गरी कार्यदल गठन गरी जिम्मेवारी दिइयो।

समुपस्थिति

सम्माननीय गणेश प्रसाद तिमिल्सिना
अध्यक्ष, राष्ट्रिय सभा

माननीय प्रदिप कुमार भण्डारी
सभामुख, प्रदेश नं. १

माननीय सरोज कुमार यादव
सभामुख, मधेश प्रदेश

माननीय सानु कुमार श्रेष्ठ
सभामुख, बाग्मती प्रदेश

माननीय नेत्रनाथ अधिकारी
सभामुख, गण्डकी प्रदेश

माननीय पूर्ण कुमार घर्ती
सभामुख, लुम्बिनी प्रदेश

माननीय राज बहादुर शाही
सभामुख, कर्णाली प्रदेश

माननीय अर्जुन बहादुर थापा
सभामुख, सुदूरपश्चिम प्रदेश

माननीय सरस्वती पोखरेल
उपसभामुख, प्रदेश नं. १

माननीय उपमा कुमारी देव
उपसभामुख, मधेश प्रदेश

माननीय राधिका तामाङ
उपसभामुख, बाग्मती प्रदेश

माननीय सिर्जना शर्मा
उपसभामुख, गण्डकी प्रदेश

माननीय कृष्णी थारु
उपसभामुख, लुम्बिनी प्रदेश

माननीय पुष्पा घर्ती बिष्ट
उपसभामुख, कर्णाली प्रदेश

माननीय निर्मला वडाल जोशी
उपसभामुख, सुदूरपश्चिम प्रदेश

# अनुसूची ५

## प्रदेश सभाको गतिविधि झल्लकाउने केही तस्विरहरु




*प्रदेश सभाका ज्येष्ठ सदस्य माननीय ओम प्रकास सरावगीलाई शपथ ग्रहण गराउनुहुँदै माननीय प्रदेश प्रमुख डा. गोविन्द तुम्बाहाङ*



*प्रदेश सभाका माननीय सदस्यहरु शपथ ग्रहणमा सहभागी हुनुहुँदै*



*सभामुखको भूमिकामा प्रदेश सभाको प्रथम अधिवेशन संचालन गर्नु हुँदै*
*ज्येष्ठ सदस्य माननीय ओम प्रकास सरावगी*




*माननीय सभामुख प्रदीप कुमार भण्डारीलाई शपथ ग्रहण गराउनुहुँदै*
*माननीय प्रदेश प्रमुख डा. गोविन्द तुम्वाहाङ*



*प्रदेश सभाको पहिलो बैठक सञ्चालन गर्नुहुँदै माननीय सभामुख प्रदीप कुमार भण्डारी*



*माननीय उपसभामुख सरस्वती पोखरेललाई शपथ ग्रहण गराउनुहुँदै*
*माननीय सभामुख प्रदीप कुमार भण्डारी*




*प्रदेश सभाका विषयगत समितिका माननीय सभापतिहरुको शपथ ग्रहण कार्यक्रम*



*प्रदेश सभाका विषयगत समितिका माननीय सभापतिहरु शपथ ग्रहण गर्नुहुँदै*



प्रदेश सभाको बैठकमा सम्बोधन गर्नुहुदै माननीय मुख्यमन्त्री शेरधन राई




प्रदेश सभाको बैठकलाई विशेष सम्बोधन गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली



*प्रदेश सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै माननीय प्रदेश प्रमुख डा.गोविन्द तुम्वाहाम्फे*



*प्रदेश सभामा बजेट प्रस्तुत गर्नुहुँदै माननीय अर्थमन्त्री ईन्द्रबहादुर आङ्बो*



*प्रदेश सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै माननीय*
*प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी'*



*प्रदेश सभामा बजेट प्रस्तुत गर्नुहुँदै माननीय अर्थमन्त्री टंक आङ्बो*



प्रदेश नं. १ को राजधानी घोषणाका लागि निर्वाचनमा सहभागी हुनुहुँदै माननीय सदस्यहरु



प्रदेश सभाको बैठकमा सम्बोधन गर्नुहुँदै माननीय मुख्यमन्त्री भीम प्रसाद आचार्य



प्रदेश सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै माननीय प्रदेश प्रमुख पर्शुराम खापुङ


प्रदेश सभाको बैठकमा सम्बोधन गर्नुहुदै माननीय मुख्यमन्त्री राजेन्द्र कुमार राई



*प्रदेश सभामा शपथ ग्रहण पश्चात कार्यभार सम्माहाल्नुहुदै*
*श्रीमान् प्रदेश सभा सचिव गोपाल प्रसाद पराजुली*



*प्रदेश सभाको नयाँ सभाहलको सिलान्यास गर्नु हुँदै सभामुख माननीय प्रदीप कुमार भण्डारी*




*प्रदेश सभाका विभिन्न बैठकका अधिवेशनहरुको सम्पूर्ण विवरणको प्रकाशन*




*प्रदेश सभाको पहिलो बार्षिक उत्सवमा प्रदेश सभा स्मारिका, २०७६*
*विमोचन गर्नु हुँदै माननीय सभामुख*




*महिला माननीय सदस्यहरुको लागि लैङ्गिक उत्तरदयी बजेट सम्बन्धी अभिमुखिकरण कार्यक्रम*



*संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तर-प्रदेश समीक्षात्मक गोष्ठी कार्यक्रममा सम्बोधन गर्नुहुँदै सभामुख माननीय प्रदीप कुमार भण्डारी*



संघीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तर-प्रदेश समीक्षात्मक गोष्ठी कार्यक्रम पश्चात सामूहीक तस्विरमा सहभागी हुँदै सम्माननीय राष्ट्रिय सभा अध्यक्ष, सातै प्रदेशका माननीय सभमुखहरु, विषय विज्ञ काशीराज दाहाल तथा सातै प्रदेशका सचिवज्यूहरु




प्रदेश तथा स्थानीय तहमा कानून निर्माण तथा कार्यन्वयनको अवस्था सम्बन्धी कार्यक्रम पाँचथर




*प्रदेश तथा स्थानीय तहमा कानून निर्माण तथा कार्यन्वयनको अवस्था सम्बन्धी कार्यक्रम उदयपुर*



*बेलका न.पा.को वडा नं. ३ मा सप्तकोशी नदीको बाढीले क्षति पुऱ्याएको क्षेत्र अवलोकन गर्नुहुँदै मा. सभामुख, प्रदेश सभा सचिव र बेलका न.पा.का उपप्रमुख लगायतका भ्रमण* टोली



*संसदीय अवलोकलको क्रममा अरुण तेस्रो जलविद्युत आयोजना अवलोकन भ्रमण*




*लुम्बिनी प्रदेश सभामा अन्तर्क्रिया तथा अवलोकन भ्रमण*



*नियमित कर्मचारी बैठकमा सहभागी हुँदै प्रदेश सभा सचिवालयका कर्मचारीहरु*